# आदिवासी जनजाति अधिकारको सन्दर्भमा

# "नेपालको संविधान"

## को अध्ययन तथा विश्लेषण

नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह
(लाहुर्निप)

# आदिवासी जनजाति अधिकारको सन्दर्भमा "नेपालको संविधान" को अध्ययन तथा विश्लेषण


**अध्ययन तथा विश्लेषण**

शंकर लिम्बू

भिम राई

दिनेश कुमार घले

नन्द कन्दङ्वा

टंकबहादुर राई

रामहरि श्रेष्ठ

**सम्पादन**

शान्ति कुमारी राई

टहल थामी

**प्रकाशन**
नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
अनामनगर, काठमाडौं, नेपाल पो.ब.नं.:११११७९
फोन: +९७७ ०१ ४२६८५१०
ईमेल: lahurnip.nepal@gmail.com वेबसाइट: www.lahurnip.org

सर्वाधिकार ©: प्रकाशकमा

प्रथम प्रकाशन सन् २०१६

**आवरण सज्जा कम्प्युटर लेआउट**
यति इन्टरप्राइजेज
मो.: ९८५१०८४३९३
इमेल: yetienter@wlink.com.np

**मुद्रण**
हिसी अफसेट प्रिण्टर्स प्रा.लि.
जमल, काठमाडौं
फोन नं: ०१-४२२६४१६

ISBN: 978-9937-0-448-0

पुन: प्रकाशन सहयोगार्थ रु.१००।-

## प्रकाशकीय

तत्कालीन संविधानसभाले २०७२ साल असोज ३ मा जारी गरेको "नेपालको संविधान"प्रति आदिवासी जनजातिलगायतका विभेदमा परेका समुदायको असन्तुष्टि रहेको छ । संविधान निर्माण प्रक्रियादेखि नै आफ्नो न्यायपूर्ण सहभागिताको माग गरिरहेको आदिवासी जनजातिहरु संविधान घोषणापछि अझ विभेदमा परेका छन् । अझ नेपालको अन्तरिम संविधान, २०६३ ले सुरक्षित गरेको अधिकारसमेत खोसिएको कारण नेपालका आदिवासीहरु आक्रोशित बन्नु स्वभाविक हो । अढाईसय वर्षदेखि राज्यको एकल जातीय नीति र राज्य संयन्त्रमा मौलाएको एकल जातीय बर्चश्वका कारण सीमान्तकृत बन्न पुगेका आदिवासी जनजातिहरु लोकतान्त्रिक भनिएको संविधान निर्माण प्रक्रियाबाट बन्चित रहनु र संविधान उनीहरुको न्यायपूर्ण मागका विपरीत आएको कारण उनीहरुमा लामो समयसम्म सुषुप्त रुपमा रहेको विभेदको कुण्ठा र असन्तुष्टि राज्यले तत्काल सम्बोधन गरी राष्ट्र निर्माण प्रक्रियामा उनीहरुको सहभागिता सुनिश्चित गर्नु सर्वथा न्यायोचित छ ।

"नेपालको संविधान" जारी भइसकेपछि सत्तारुढ दलका नेता तथा राज्य संचालकहरु यो संविधान अग्रगामी र सबै समूहहरुको अधिकार सुनिश्चित भएको दस्तावेज हो भन्नसमेत पछि परेका छैनन् । यसै सन्दर्भमा नेपालका आदिवासीहरुको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ले सो संविधानको अद्योपान्त विश्लेषण गरी आदिवासी जनजातिका अधिकारहरु हनन गर्ने धाराहरुको कीटान गर्ने काम गरेको छ । यस पुस्तकले नीति निर्माण तहमा रहेका तथा आदिवासी जनजातिको अधिकारका लागि वकालत गरिरहेका सबैलाई बौद्धिक खुराक प्रदान गर्ने आशा गरिएको छ। त्यसका अलावा समाजमा हाल "नेपालको संविधान" को विषयमा आदिवासी जनजातिहरुका माझमा रहेको भ्रमलाई चिर्दै यथार्थता प्रस्तुत गर्ने छ भन्नेसमेत लाहुर्निपले अपेक्षा गरेको छ ।

अन्तमा "नेपालको संविधान" को सविस्तार विश्लेषण गरिदिनु भएकोमा अध्ययनमा संलग्न विद्वान अधिवक्ताहरूलगायत प्रत्यक्ष तथा परोक्ष रुपमा यस पुस्तक प्रकाशनमा सहयोग गर्ने सबै महानुभावलाई लाहुर्निप धन्यवाद ज्ञापन गर्दछ ।

शान्ति कुमारी राई
अध्यक्ष

## नेपालको संविधानमा आदिवासी जनजातिहरूलाई विभेद गर्ने प्रावधानहरू

**पश्चगामी/प्रतिगमनकारी संविधानः**

२०७२ साल असोज ३ गते जारी गरिएको संविधानले नेपालको अन्तरिम संविधान, २०६३ मा प्रत्याभूत गरिएको आदिवासी जनजाति, मधेशी, महिला, दलित, मुस्लिम, पिछडावर्गलगायत ऐतिहासिक विभेदमा परेका समुदायका महत्वपूर्ण अधिकारहरू कटौती गरेको छ । पहिलो संविधानसभामा सहमति भइसकेका विषयहरूलाई दोस्रो संविधानसभाले स्वामित्व ग्रहण गरेको थियो । त्यसको एक मात्र उद्देश्य, पहिलो संविधानसभाका समितिहरूले पारित गरी सहमति भएका विषयहरू दोस्रो संविधानसभाले नयाँ संविधानमा बिनाविवाद लिपिबद्ध गर्नु रहेको थियो । त्यसको ठीक विपरीत पहिलो संविधानसभामा सहमति भएका खासगरी आदिवासी जनजातिसँग सम्बन्धित प्रावधानहरू नयाँ संविधानमा राखिएका छैनन् ।

**आदिवासी जनजातिको चाहना** (Will) **विपरीतको व्यवस्थाः**

राज्यले आदिवासी जनजाति आन्दोलन, राजनीतिक तथा प्रतिनिधिमूलक संस्थाहरूसँग विभिन्न समयमा सम्झौता गरी महत्वपूर्ण अधिकारहरू संविधानसभाबाट पारित गर्ने प्रतिबद्धता जनाएको थियो । सम्झौतामा परेका ती विषयहरूमा संघीय लिम्बुवान राज्य परिषदसंग भएको आत्मनिर्णयको अधिकारसहितको स्वायत्त लिम्बुवान,[1] सबै जातजातिको समानुपातिक समावेशीको आधारमा राज्य संरचनामा प्रतिनिधित्व र न्यूनतम एक जाति एक प्रतिनिधित्व[2], आई. एल. ओ. महासन्धि नं १६९ को प्रावधानलाई संविधानमा कार्यान्वयनको लागि उल्लेख गर्ने[3], आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि अनुरुप प्राकृतिक स्रोतसाधन, नदीनाला तथा खनिजहरूमा आदिवासी जनजाति र स्थानीय समुदायको स्वामित्व कायम गराउने संवैधानिक व्यवस्था, आत्मनिर्णयको अधिकारसहितको ताम्सालिङ स्वायत्त प्रदेश[4], आदिवासी जनजातिको स्वतन्त्र पहिचानलाई बाधा नपुऱ्याउने गरी संविधान जारी गर्ने[5] लगायतका संविधानमा पर्नैपर्ने विभिन्न अधिकारहरू रहेका छन् । संसारमा लोकतान्त्रिक देशहरूका लागि बनाइएका संविधानहरू जनताका चाहना (Will of the People) को आधारमा लेखिन्छन् । यहीं लोकतान्त्रिक र संविधानवादको मूल्यमान्यता अनुरुप, नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा नै नेपाली जनताले आफ्नो लागि आफैं संविधान बनाउने कुराको कीटान गरिएको थियो । बिडम्वना ! देशको ९१ लाख जनसंख्या भएका आदिवासी जनजातिको आफ्ना समस्यालाई सम्बोधन गर्ने चाहनालाई औपचारिकता दिनको लागि सम्झौता गरिए तापनि नयाँ संविधानमा ती अधिकारहरू राखिएनन् । त्यस अर्थमा, आदिवासी जनजाति वास्तविक रुपमा सार्वभौम नेपाली जनता बन्न सकेको रहेनछ भन्ने तीतो यथार्थ नयाँ संविधानले प्रष्ट्याई दिएको छ। दशवर्षे सशस्त्र द्वन्द्वको अन्त्य गर्न गरिएको

---

[1] संघीय लिम्बुवान राज्य परिषद र सात दल संलग्न सरकारी वार्ता टोलीबीच भएको मिति २०६४।१२। ६ को सहमति

[2] आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संघर्ष समिति र नेपाल सरकारबीच भएको २०६५ श्रावण २२ मा भएको सम्झौताको बुँदा नं १ र २

[3] सरकारी वार्ता टोली र किरात जनवादी वर्कर्स पार्टीबीच २०६५ माघ ५ मा भएको सहमतिको बुँदा नं ४

[4] ताम्सालिङ संघर्ष समिति र नेपाल सरकारबीचको सहमति, मिति २०६५ चैत्र २९

[5] नेपाल सरकार, आदिवासी थारु समुदाय तथा आदिवासी जनजाति महासंघबीच २०६६५/१२/१ मा भएको सहमतिको बुँदा नं १

विस्तृत शान्ति सम्झौतामा जनताको मतबाट संविधानसभाको गठन भई जनताकै चाहना अनुरुपको संविधान लेख्नलाई सार्वभौमसत्ताको प्रयोग भनी अर्थ्याइएको छ । यसलाई मान्ने हो भने आदिवासी जनजातिलाई नयाँ संविधान बनाउँदा योजनाबद्ध ढंगले सार्वभौमसत्ताको प्रयोग गर्नबाट बन्चित गरिएको देखिन्छ ।

**प्रक्रियाबद्ध ढंगले आदिवासी जनजातिलाई किनारा लगाइएको:**

संविधानसभाको चुनाव, दुईदिने मत संकलन र संविधान जारी गर्दा नै सेना परिचालन गरिएको थियो, जसले शुरुदेखि नै (ab initio) संविधानको स्वामित्व र स्वीकार्यतामा गम्भीर प्रश्न उठेको छ । दोस्रो संविधानसभाको चुनावमा मूलधारका पार्टीहरूले आदिवासी जनजातिका मुद्दा विरोधी आदिवासी जनजाति पृष्ठभूमिका व्यक्तिहरूलाई सभासद्को टिकट दिई समानुपातिक सीटमा पठाएका कारण आदिवासीका सवाल संविधानसभामा ओझेलमा पर्न गयो ।

जिल्ला सदरमुकाम केन्द्रीत मत संकलन गरिएको, कतिपय स्थानहरूमा मत संकलनको दौरानमा आदिवासी जनजातिलाई सुरक्षाकर्मीले कुटपिट गरेको देखियो । संविधानसभाभित्र आदिवासी ककस (Caucus) गठन गरी संगठित आवाज नै राख्न दिइएन । संयुक्त राष्ट्रसंघ अन्तर्गतको जातीय विभेद महासन्धि अनुगमन समिति तथा विशेष समाधीक्षकबाट संविधानसभाभित्र आदिवासी जनजातिलाई अर्थपूर्ण परामर्श र सहमति कायम गर्न विशेष समिति वा संयन्त्रमार्फत मञ्जुरी लिई संविधान लेख्न सिफारिश गरिएको थियो । आदिवासीहरूले उक्त संयन्त्र निर्माण गर्न पटक-पटक ताकेता गर्दा पनि संयन्त्र स्थापना गरिएन । श्री सर्वोच्च अदालतको फैसला अनुसार संविधानसभामा प्रतिनिधित्व नभएका आदिवासी समुदायको सभासद् चयन गर्नु पर्नेमा सो विपरीत दलहरूले २६ जना आफ्ना कार्यकर्ता भर्ती गरेको हुनाले आदिवासीको कोटामा बनाइएका सभासद्हरूले आदिवासीको विषय उठाउँदै उठाएनन् । संविधानसभामा केही आदिवासी सभासद्हरूले पेश गरेको संशोधन प्रस्तावलाई अन्तिम अवस्थामा कांग्रेस, एमालेलगायतका मूलधारका दलहरूले दवाव सृजना गरी फिर्ता लिन बाध्य पारियो । यसरी हेर्दा संविधानसभाको शुरुदेखि अन्त्यसम्मको प्रक्रिया आदिवासीहरूको सवाललाई पाखा लगाउने र उनीहरूको एजेण्डालाई प्रवेश नै हुन नदिने उद्देश्य रहेको देखिन्छ । फलतः आदिवासी जनजातिको सन्दर्भमा नयाँ संविधानका प्रावधानलाई निम्न चार प्रकारमा वर्गीकृत गर्न सकिन्छ :
(क) आदिवासी जनजाति विरुद्धका प्रावधानहरू (११ वटा धाराहरू)
(ख) आदिवासी जनजातिप्रति विभेदकारी प्रावधानहरू (२३ वटा धाराहरू)
(ग) आदिवासी जनजातिलाई बहिष्करण गर्ने प्रावधानहरू (४९ वटा धाराहरू)
(घ) एकल जातीय सर्वोच्चता कायम गर्ने प्रावधानहरू (५ वटा धाराहरू)

**आदिवासी जनजाति विरुद्धका प्रमुख प्रावधानहरू निम्नानुसार रहेका छन्:**

- नेपाललाई पूनः हिन्दू राष्ट्र बनाइएको छ । संविधानको धारा ४ मा धर्मनिरपेक्षता भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण गर्ने भनी स्पष्टीकरण समावेश गरिएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको नेपाली बृहत् शब्दकोशका अनुसार सनातन भन्नाले “अचेल चलेको हिन्दू धर्म” भनी व्याख्या

गरेको छ। तसर्थ यो संविधानले अन्तरिम संविधानमा नै संस्थागत गरिएको धर्मनिरपेक्षताको मर्मलाई समाप्त गरी नेपाललाई हिन्दू राष्ट्र बनाएको छ। यसबाट हिन्दू बाहेकका धर्म र धर्मावलम्बी (बौद्ध, किरात, इस्लाम, इशायी आदि) लाई विभेद, अपमान र दोस्रो दर्जाको हैसियतमा राखिएको छ ।

- हिन्दू धर्मको वर्णाश्रम व्यवस्था (बाहुन उच्च, क्षेत्री मध्यम, केही जनजाति तेस्रो तथा दलित, मुस्लिम र म्लेक्ष नीच) को आधारमा यसभन्दा अगाडि बनाइएका संविधान र कानूनले कायम गरेको एकल जातीय हैकमवाद अब उप्रान्त पनि निरन्तरता दिन यस व्यवस्थाले प्रत्यक्ष वा अप्रत्यक्ष मद्दत गर्नेछ ।

- पहिचान र अधिकारबिनाको संघीयताको व्यवस्था गरिएको छ। पहिलो संविधानसभामा आफ्नै थातथलोमा संकटपूर्ण अवस्थामा रहेका आदिवासी जनजातिको संरक्षण र विकासका निम्ति संरक्षित क्षेत्र बनाउने व्यवस्था नरहेको, स्वशासन र साझेदारी शासनको विपरीत, केन्द्रीकृत शासन कायमै राखिएको छ। राज्यको शक्ति, स्रोत र साधन केन्द्रमा राखिएको, प्रदेशको अधिकार हालको जिविस र नगरपालिका सरह पनि रहेको छैन । अर्को गम्भीर भूल, एकात्मक राज्य सत्ताको जिल्ला र गाविस यथावत् राखिएको छ, जसले कतिपय आदिवासीहरूको सामुहिक बसोवासलाई दुई वा तीन चुनाव क्षेत्रमा विभाजन गरी सो समुदायलाई निर्वाचनमा जित्नै नसक्ने गरी अल्पमतमा पार्ने काम भएको छ। हालको जिल्ला र गाविसलाई यथावत् राख्दा आदिवासी जनजातिले संघ वा प्रदेशको संसद्मा जित्न सक्ने अवस्थालाई कमजोर बनाइएको छ ।

- अन्तरिम संविधानमा नै व्यवस्था भइसकेको तथा पहिलो संविधानसभामा पनि सहमति भइसकेको आदिवासी जनजाति, मधेशीलगायत बहिष्करणमा परेका समुदायलाई राज्यमा समान हैसियतमा सत्ता, शक्ति र स्रोतको साझेदारीको लागि अपरिहार्य समानुपातिक समावेशीको व्यवस्था यो संविधानमा गरिएको छैन । यसबाट २५० वर्षदेखि चलिआएको एकल जातीय राज्य संरचना कायम रहने र बहिष्कृत समुदायको राजनीतिक, आर्थिक, शैक्षिक, सामाजिक हैसियत उठ्न नसक्ने देखिन्छ ।

- आदिवासी जनजाति तथा मातृभाषीहरूलाई भाषाको आधारमा यो संविधानले विभेद गरेको छ। अन्तरिम संविधानमा राज्यको सबै निकायहरूमा मातृभाषा प्रयोग गर्न पाउने हक प्रत्याभूत भइसकेको थियो । तर हालको संविधानले त्यो अधिकार कटौति गरेको छ। यसकारण सरकारी सेवा र सुविधा, सूचना तथा न्यायमा पहुँच नहुने अवस्था रहन्छ ।

- यस संविधानमा आदिवासी जनजाति तथा थारु आयोगको काम, कर्तव्य र अधिकार नै उल्लेख नभएको हुनाले यी आयोगहरूको गठन अनिश्चित हुनुका साथै अस्थायी प्रकृतिको देखिन्छ ।

- समावेशीको भागबण्डामा हालसम्म कायम रहेको एकल जातीय बर्चश्व कायमै रहने व्यवस्था गरिएको छ। आदिवासी जनजातिलगायतका बहिष्करणमा परेका समुदायले विशेष उपायको लाभ पाउने अवस्थाको ग्यारेण्टी छैन ।

- यस संविधानले खस आर्यलाई संविधानमा नै परिभाषित गरी संवैधानिक सर्वोच्च जाति बनाएको छ। खस आर्य अन्तर्गत क्षेत्री, ब्राम्हण, ठकुरी, सन्यासी (दशनामी) समुदाय सम्झनु पर्छ भनी प्रष्ट पहिचान गरी

प्रत्येकको भाग सुनिश्चित गरेको छ भने विविधता भएका आदिवासी जनजाति(सूचीकृत भएका ५९ र हुनबाँकी समेत), मधेशी, मुस्लिम र दलितको विषयमा न परिभाषा छ, न सहभागिताको विषय प्रष्ट छ ।

- आदिवासी जनजातिको संस्कृतिलाई अपराधिकरण गरिएको छ । जस्तै गौबधमा १२ वर्ष कैद गर्ने मुलुकी ऐनको व्यवस्थालाई वैधानिकता दिने गरी आदिवासी जनजातिको विरोधका बावजूद गाईलाई राष्ट्रिय जनवार बनाइएको छ । संस्कृत भाषालाई निशाना छापमा राख्ने, सिम्रिकलाई राष्ट्रिय रङ बनाई हिन्दू सर्वोच्चता कायम गरिएको छ ।

- विचार अभिव्यक्ति, शान्तिपूर्ण भेला हुने राजनीतिक र संघसंस्था खोल्न पाउने मौलिक हकलाई प्रतिबन्ध लगाउने आधारहरूमा आदिवासीको पहिचान र अधिकारसँग सम्बन्धित विषयहरू पारिएको छ। आदिवासीहरूको हक अधिकारका विषय उठाउँदा राज्य विखण्डन गर्ने, साम्प्रदायिक सद्भाव बिथोल्ने र राज्य विरुद्धको जासूसी गरेको आरोप लगाउने र कारबाही गर्ने बाटो संविधानमा नै राखिएको छ । यसबाट आदिवासीहरूको हक अधिकार हनन हुने, भेदभाव हुने र विकास नहुने मात्र होइन, आदिवासीहरूलाई अप्रत्यक्ष रुपमा आपराधिक समूह (De-notified group) को रुपमा चित्रण गरिएको छ।

- संविधानमा भएका मौलिक हक ३ वर्षसम्म कार्यान्वयन नहुने प्रावधान राखी तीन वर्षसम्म जनताको मौलिक हक नै कुण्ठित हुने व्यवस्था यस संविधानमा राखिएको छ ।

- आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार, अवसर र लाभ पाउने विषय, सरोकार रहने विषयमा निर्णय गर्दा सहभागी हुन पाउने अधिकार, परम्परागत ज्ञानशीपको संरक्षण गर्ने महत्वपूर्ण विषयहरू निर्देशक सिद्धान्त अन्तर्गत राखिएको छ। निर्देशक सिद्धान्तमा परेका विषय कार्यान्वयन भएन भने कुनै पनि अदालतमा उजूर गर्न मिल्दैन । मौलिक हकमा लेखिएको विषय उल्लंघन भएमा अदालतमा राज्य विरुद्ध उजूर गर्न सकिन्छ। उदाहरणको निम्ति व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक मौलिक हकमा पर्ने तर आदिवासी जनजातिको सम्मानपूर्वक बाँच्न पाउने हक निर्देशक सिद्धान्तभित्र राख्नु भनेको आदिवासी जनजातिलाई दोस्रो दर्जाको नागरिक बनाउनु हो । यसमा उल्लेख भएका अधिकारहरू कार्यान्वयन गर्न राज्य बाध्य नहुने प्रष्ट छ ।

- भाषा, लिपि संरक्षण सम्बर्द्धन गर्ने हक भए तापनि राज्यले आदिवासीको भाषा, लिपि संरक्षणको निम्ति सहयोग गर्ने व्यवस्था गरेको छैन ।

- महिलाको हकको छुट्टै व्यवस्था हुनु राम्रो मान्न सकिए तापनि आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम महिलाको विषयमा छुट्टै व्यवस्था (सारभूत समानताको सिद्धान्तमा आधारित व्यवस्था) छैन। प्रत्येक व्यक्तिको समान अधिकार हुन्छ भनिए तापनि एउटै जाति समूह मात्र भए जस्तै महिलाको प्रावधानले पनि एउटै जात खस आर्य समुदायको महिलाको मात्र अवसर र अधिकारमा पहुँच हुने अवस्था देखिन्छ ।

- यस संविधानमा आत्मनिर्णयको अधिकार, भूमि, प्राकृतिक स्रोतमाथिको अधिकार, स्वायत्तता र स्वशासन, अग्रीम सुसूचित मञ्जूरी, विकासको प्रतिफलको लाभमा पहुँच, प्रथा तथा प्रथाजनित कानूनको प्रयोग, आदिवासी महिला तथा बालबालिकको अधिकार, समानुपातिक समावेशीसहितको अर्थपूर्ण प्रतिनिधित्वलगायतका

महत्वपूर्ण अधिकारहरू राखिएका छैनन् । आदिवासी जनजातिलाई पहिचानको आधारमा भएको ऐतिहासिक र संरचनागत विभेदले पुऱ्याएको पीडाको क्षतिपूर्ति र उपचार सम्बन्धी कुनै व्यवस्था नै गरेको छैन । यस्ता धेरै विषयहरू आदिवासी जनजातिसँग राज्यले गरेको सम्झौतामा संविधानमा नै समेट्ने प्रतिबद्धता जाहेर गरिएको थियो । पहिलो संविधानसभामा यी कतिपय विषयमा सहमति भएका थिए । तर पनि यी विषयहरू नयाँ संविधानमा नराखिनुले संविधानवाद तथा संविधान लेखनमा तय गरिएको विधि र प्रक्रिया विपरीत भएको छ, जसले आदिवासी जनजातिलाई पुनः अन्याय गरिएको देखिन्छ । त्यसैको विरोधमा नयाँ संविधान जारी हुनासाथै आदिवासी जनजातिहरूले यसलाई जलाएर विरोधको शुरुवात गरी हाल आन्दोलनरत छन् ।

नयाँ संविधानले संक्रमणकालको अन्त्य गर्नु पर्नेमा संविधानमा नै संक्रमणकाललाई छुट्टै भागमा नै राखेर संस्थागत गरिएको छ । यस संविधानले संक्रमणकालको अन्त्य होइन, मुलुकमा नयाँ खालको संकट सृजना गरेको देखिन्छ । मधेशी, थारु, मुस्लिम र आदिवासी जनजातिको लागि संविधानले न्याय नगरेको र लोकतान्त्रिक तथा मानव अधिकारको मूल्यमान्यता विपरीत मधेशी र थारु आन्दोलन लक्षित गरी सैनिक परिचालन गर्दा ५० भन्दा बढीको ज्यान गइसकेको विषय अन्तर्राष्ट्रियकरण भइसकेको छ ।

संविधान जारी भएपश्चात् उत्पन्न परिस्थितिले मुलुकमा असुरक्षा, अभाव, अर्थ, बाणिज्य, स्वास्थ्य, शिक्षा हरेक क्षेत्रमा विकराल समस्या देखिएको छ । सामान्य जनताको जीवन कष्टकर देखिएको छ । नयाँ संविधानले नेपाली जनतालाई जोड्न सकेन । परिणाम स्वरुप आदिवासी जनजाति, मधेशी, मुस्लिम, दलित र खस आर्यबीचको दूरी झनै बढेको छ । यो राष्ट्रिय एकताको लागि घातकसिद्ध हुन सक्दछ ।

यो संविधानले निम्त्याएको समस्यालाई निप्टारा गर्न आदिवासी जनजाति, मधेशी र थारुलगायत आन्दोलनमा रहेका पक्षहरूको माग संविधानतः सम्बोधन गरी समस्याको समाधान गरिएमा संविधानमा सबैको स्वामित्व रहने र समग्र देश तथा नेपाली जनताको समृद्धिको बाटो खुल्ने छ । यसको निकासका आधारहरू आदिवासी जनजाति, मधेशी, मुस्लिम, दलितहरूसँग राज्यले गरेको सम्झौताहरू, पहिलो संविधानसभामा सहमति भएका विषय, अन्तर्राष्ट्रिय मानव अधिकारका दस्तावेज र लोकतान्त्रिक संविधानका अभ्यासहरू हुन सक्दछन् ।

नेपालको अन्तरिम संविधान २०६३ ले नेपाल पक्ष राष्ट्र बनेका अन्तर्राष्ट्रिय मानव अधिकारका कानूनहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्ने दायित्व तोकिदिएको थियो । तर हालको संविधानमा त्यस्तो व्यवस्था हटाइएको छ । अन्तर्राष्ट्रिय मानव अधिकार कार्यान्वयन हुने कुरा कमजोर बनाइएको छ । यो व्यवस्था संयुक्त राष्ट्रसंघको बडापत्र विपरीत आएकोछ ।

स्वतन्त्रताको हक कुण्ठित गरी मानव अधिकार उल्लंघन गरेको विषय अन्तर्राष्ट्रिय संघसंस्थामा उजूरी गरिए वा लगिएमा राज्य विरुद्ध जासूसी गरेको अभियोगमा कारवाही गर्ने अप्रत्यक्ष व्यवस्था गरिएको छ ।

## विषयसूची


नेपालको संविधानमा आदिवासी जनजातिहरूलाई विभेद गर्ने प्रावधानहरू.......................... (क)

नाम........................................................................................................ १

प्रस्तावना.................................................................................................. १

**भाग–१**

**प्रारम्भिक**.............................................................................................. ३

धरा ४

धर्मनिरपेक्षता........................................................................................... ३

धारा ७

सरकारी कामकाजको भाषा........................................................................... ४

धारा ९

राष्ट्रिय गान इत्यादिः.................................................................................. ५

(गाई)

**भाग–२**

**नागरिकता**.............................................................................................. ७

धारा ११

नेपालको नागरिकः...................................................................................... ७

धारा १४

गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिनेः........................................ ७

**भाग–३**

**मौलिक हक र कर्तव्य**................................................................................ ९

धारा १६

बाँच्न पाउने हकः........................................................................................ ९

धारा १७

प्रतिबन्धात्मक व्यवस्थाहरुः.......................................................................... १०

धारा १८

समानताको हकः.......................................................................................... १२

धारा १८

सकारात्मक उपाय/विभेद प्रतिबन्धात्मक व्यवस्थाः......................................... १३

धारा २०

न्याय सम्बन्धी हकः.................................................................................... १४

धारा २१

अपराध पीडितको हकः................................................................................. १५

धारा २३

निवारक नजरबन्द विरुद्धको हक :................................................................. १५

धारा २४
छुवाछूत तथा भेदभाव विरुद्धको हकः.................................................................... १६
धारा २५
सम्पत्तिको हकः.................................................................................................. १७
धारा २६
धार्मिक स्वतन्त्रताको हकः.................................................................................... १८
धारा २७
सूचनाको हकः..................................................................................................... १९
धारा २८
गोपनीयताको हकः.............................................................................................. १९
धारा २९
शोषण विरुद्धको हकः......................................................................................... १९
धारा ३०
स्वच्छ वातावरणको हकः....................................................................................... २०
धारा ३१
शिक्षा सम्बन्धी हकः............................................................................................ २०
धारा ३२
भाषा तथा संस्कृतिको हकः.................................................................................. २१
धारा ३३
रोजगारीको हकः................................................................................................. २१
धारा ३८
महिलाको हकः.................................................................................................... २२
धारा ३९
बालबालिकाको हकः............................................................................................ २३
धारा ४१
जेष्ठ नागरिकः.................................................................................................... २४
धारा ४२
सामाजिक न्यायः................................................................................................. २४
धारा ४७
मौलिक हकको कार्यान्वयनः.................................................................................. २५
**भाग–४**
**राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व**...................................................... २६
धारा ५१
राज्यका नीतिहरूः................................................................................................ २६
धारा ५५
अदालतमा प्रश्न उठाउन नसकिनेः.......................................................................... २६

**भाग–५**

**राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड**........................................................ २७

धारा ५६

राज्यको संरचनाः.......................................................................................... २७

धारा ५७

राज्यशक्तिको बाँडफाँडः.................................................................................. ३७

धारा ५८

अवशिष्ट अधिकारः......................................................................................... ३७

**भाग–६**

**राष्ट्रपति र उपराष्ट्रपति**............................................................................ ३८

धारा ७०

राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुनेः.................................... ३८

**भाग–७**

**संघीय कार्यपालिका**................................................................................... ३८

धारा ७६

मन्त्रिपरिषद्को गठनः...................................................................................... ३८

**भाग–८**

**संघीय व्यवस्थापिका**.................................................................................. ३९

धारा ८४

प्रतिनिधिसभाको गठनः.................................................................................... ३९

धारा ८६

राष्टियसभाको गठन र सदस्यहरुको पदावधिः........................................................ ४१

धारा ९१

प्रतिनिधिसभाको सभामुख र उपसभामुखः............................................................... ४३

धारा ९२

राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षः.................................................................... ४४

**भाग–११**

**न्यायपालिका**........................................................................................... ४४

धारा १२६

न्याय सम्बन्धी अधिकार अदालतबाट प्रयोग हुनेः..................................................... ४४

धारा १२७

अदालतहरूः ................................................................................................ ४५

धारा १२९

नेपालको प्रधान न्यायधीश तथा सर्वोच्च अदालतका न्यायधीशको नियुक्ति र योग्यताः........ ४७

धारा १३७

संवैधानिक इजलासको गठनः.............................................................................. ४९

धारा १३९
उच्च अदालतः........................................................................................ ५०
धारा १४९
जिल्ला अदालतमा रिक्त न्यायधीशको पद देहाय बमोजिम पूर्ति गरिनेछः........................... ५०
धारा १५३
न्याय परिषद्:........................................................................................ ५२
धारा १५४
न्याय सेवा आयोगः........................................................................................ ५३
**भाग–१३**
**प्रदेश कार्यपालिका**........................................................................................ ५५
धारा १६३
प्रदेश प्रमुखको व्यवस्थाः........................................................................................ ५५
धारा १६८
प्रदेश मन्त्रिपरिषद्को गठनः........................................................................................ ५६
**भाग–१४**
**प्रदेश व्यवस्थापिका**........................................................................................ ५७
धारा १७६
प्रदेशसभाको गठनः........................................................................................ ५७
धारा १८२
प्रदेशसभाको सभामुख र उपसभामुखः........................................................................................ ६०
**भाग–१५**
**प्रदेश व्यवस्थापन कार्यविधि**........................................................................................ ६१
धारा १९७
प्रदेशसभाको व्यवस्थापिकीय अधिकारः........................................................................................ ६१
**भाग–१६**
**प्रदेश आर्थिक कार्य प्रणाली**........................................................................................ ६१
धारा २०३
कर लगाउन वा ऋण लिन नपाइनेः........................................................................................ ६१
**भाग–१७**
**स्थानीय कार्यपालिका**........................................................................................ ६२
धारा २१४
स्थानीय तहको कार्यकारिणी अधिकारः........................................................................................ ६२
धारा २१५
गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्थाः........................................................................................ ६४
धारा २१६
नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्थाः........................................................................................ ६४

धारा २१७

न्यायिक समितिः........................................................................................................ ६५

धारा २१८

गाउँ कार्यपालिका र नगर कार्यपालिकाको कार्य सञ्चालनः............................................ ६६

धारा २२०

जिल्लासभा र जिल्लासमन्वय समितिः............................................................................ ६७

**भाग–१८**

**स्थानीय व्यवस्थापिका**........................................................................................ ६७

धारा २२१

स्थानीय तहको व्यवस्थापिकीय अधिकारः...................................................................... ६७

धारा २२२

गाउँसभाको गठनः....................................................................................................... ६७

धारा २२३

नगरसभाको गठनः....................................................................................................... ६०

**भाग–२३**

**लोक सेवा आयोग**.................................................................................................. ७१

धारा २४२

लोक सेवा आयोगः....................................................................................................... ७१

धारा २४४

प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्थाः..................................................................... ७२

**भाग–२४**

**निर्वाचन आयोग**................................................................................................... ७२

धारा २४५

निर्वाचन आयोगः......................................................................................................... ७२

**भाग–२५**

**राष्ट्रिय मानव अधिकार आयोग**.............................................................................. ७३

धारा २४८

राष्ट्रिय मानव अधिकार आयोगः..................................................................................... ७३

**भाग–२६**

**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग**.................................................................. ७४

धारा २५०

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगः....................................................................... ७४

**भाग–२७**

**अन्य आयोगहरू** ..................................................................................................... ७५

धारा २५२

राष्ट्रिय महिला आयोगः.................................................................................................. ७५

धारा २५८
राष्ट्रिय समावेशी आयोगः.................................................................................. ७५
धारा २५९
राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकारः.................................................... ७६
धारा २६१
आदिवासी जनजाति आयोगः.............................................................................. ७६
धारा २६३
थारू आयोगः.............................................................................................. ८५
धारा २६५
आयोगको पुनरावलोकनः................................................................................. ८७
**भाग–२८**
**सुरक्षा र सेना सम्बन्धी व्यवस्था**...................................................................... ८८
धारा २६७
नेपाली सेना सम्बन्धी व्यवस्थाः.......................................................................... ८८
धारा २६८
नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान संगठन सम्बन्धी व्यवस्थाः....... ८९
**भाग–२९**
**राजनीतिक दल सम्बन्धी व्यवस्था**..................................................................... ८९
धारा २६९
राजनीतिक दलको गठन, दर्ता र सञ्चालनः.............................................................. ८९
**भाग–३३**
**संक्रमणकालीन व्यवस्था**.............................................................................. ९०
धारा ३००
पुनरावेदन अदालतका अतिरिक्त न्यायधीशहरुः.......................................................... ९०

**नयाँ थप गर्नुपर्ने व्यवस्था**............................................................................ ९१

**अनुसूचीहरू**
अनुसूची (क) प्रस्तावित आर्थिक अधिकारको बाँडफाँड.................................................... १११

अनुसूची (ख) विभिन्न तहका सरकारबीच राजश्व स्रोतको बाँडफाँड.................................. १२४

**परिसिष्ट**
आदिवासी जनजाति/मधेशीको सवालमा नेपालको संविधानका भ्रम तथा यथार्थ................. १२९

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| नाम | नेपालको संविधान | संघीय गणतन्त्र नेपालको संविधान, २०७२ | नेपालको अन्तरिम संविधान, २०६३ मा नै व्यवस्था भइसकेको र नेपालको संविधान (२०७२) को प्रस्तावनामा र धारा ४ मा नेपालको शासन व्यवस्थाको माध्यम संघीय र गणतन्त्र हुने भनी उल्लेख गरेको हुनाले ।<br><br>नेपालको जनआन्दोलनको जनादेश भएको हुनाले सो कुरा संविधानको नाममा नै प्रतिबिम्वित हुनुपर्ने । | यो संविधानको नामले संघीयता र गणतन्त्रलाई महत्व नदिएको । |
| प्रस्तवना | नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै; | **आत्मनिर्णयको अधिकार** छुटेको यो पदावलीलाई पहिलो अनुच्छेदको स्वायत्तता भन्ने शब्दावली अगाडि थप गर्ने | आत्मनिर्णयको अधिकार विना सार्वभौम अधिकार प्रयोग गर्न नसकिने ।<br><br>संविधानको प्रस्तावनामा उल्लेख गरिएको स्वायत्तता र स्वाशासनको अधिकार प्रयोग गर्न आवश्यक हुने ।<br><br>नेपाल सदस्य रहेको संयुक्त राष्ट्रसंघको बडापत्र र पक्ष राष्ट्र रहेको मानवअधिकासँग सम्बन्धित अन्तर्राष्ट्रिय कानून जस्तै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध | आदिवासी जनजातिले राज्यमा बराबरको हैसियतले (हालको अवस्थामा बाहुन क्षेत्री सरह) शासनसत्ता, शक्ति र राज्यको स्रोतसाधनमा पहुँच र नियन्त्रण नपाउने अवस्था कायम रहेको ।<br><br>आफ्नो राजनीतिक, सामाजिक, साँस्कृतिक, विकासलगायतका क्षेत्रमा आफैं निर्णय गर्न नपाउने। |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | र आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) मा प्रत्याभूत आत्मनिर्णयको अधिकारलाई संस्थागत गरी अभ्यासयोग्य बनाउन ।<br><br>आदिवासी जनजाति आन्दोलनसँग भएको सम्झौताको पालना गर्न ।<br><br>आदिवासी जनजाति तथा अन्य समुदायलाई शासन सत्तामा समान रुपले साझेदार बनाउन ।<br><br>पहिलो संविधानसभामा आत्मनिर्णयको अधिकार राख्ने सहमति भइसकेको विषय हुनाले । | अघोषित रुपमा दोस्रो दर्जाको नागरिक भइरहने ।<br><br>जातीय थिचोमिचोमा नै बस्नुपर्ने । |
| प्रस्तावना | छुटेका विषय | राज्यको पुनर्संरचना, समानुपातिक समावेशीको सिद्धान्तबाट राजनीतिक समानता कायम गर्ने, पहिचानसहित संघीय व्यवस्था, पूर्ण नश्लीय विभेदको अन्त्य | एकात्मक राज्यलाई पुनर्संरचना नगरी अधिकार सम्पन्न संघीय राज्य वा संघीयताको अर्थ नरहने । आदिवासी जनजाति, मधेशीलगायत बहिष्करणमा परेका जनताले समान हैसियतमा पूर्ण अधिकार उपभोग गर्नको लागि | आदिवासी जनजाति, मधेशीलगायत सीमान्तकृत जनता बहिष्करणमा पर्ने ।<br><br>आदिवासी जनजाति, मधेशीलगायत माथि भइरहेको नश्लीय विभेदको निरन्तरतालाई संस्थागत गरेको । |

भाग १

प्रारम्भिक

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ४ धर्मनिरपेक्ष: | स्पष्टीकरण: यस धाराको प्रयोजनको लागि "धर्मनिरपेक्ष" भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षणलगायत धार्मिक, साँस्कृतिक स्वतन्त्रता सम्झनु पर्छ । | **हटाउनुपर्ने** | धर्मनिरपेक्षताको गलत व्याख्या गरी स्पष्टिकरणको नाममा नेपाललाई हिन्दू धर्मसापेक्ष बनाएको ।<br><br>नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको बृहत् शब्दकोशमा सनातन भन्नाले "हालको सन्दर्भमा हिन्दू धर्म" भनी बुझाउने भनी व्याख्या गरेको छ ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा समेत धर्मनिरपेक्षता सुनिश्चित भइसकेको तर हालको संविधानले स्पष्टीकरणको नाममा त्यस व्यवस्थालाई खारेज गरेको ।<br><br>सबै प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धि र मानवअधिकारको अन्तर्राष्ट्रिय दस्तावेज विरुद्ध नेपालले एउटा धर्मलाई मात्र प्राथमिकतामा राखी धार्मिक विभेद गरेको प्रष्ट देखिने । | हिन्दू वर्ण व्यवस्थामा आधारित नश्लीय र जातीय सर्वोच्चता संवैधानिक रुपमा पुन: कायम राखिएको ।<br><br>हिन्दूवादी धार्मिक अतिवादीहरूको चाहनालाई संरक्षण गर्ने सन्दर्भमा आएको हुनाले अन्य धर्मावलम्बी तथा पहिचान भएका आदिवासी जनजातिको चाहनालाई सम्बोधन नगरी दोस्रो दर्जाको धर्मावलम्बी बनाएको ।<br><br>जातीय तथा नश्लिय विभेद कायम रहने ।<br><br>धर्मनिरपेक्षता व्यवहारिक रूपमा (De-facto) रुपमा हटाइएको ।<br><br>राज्यले हिन्दू धर्मको आधारमा कानून बनाउने, गैरहिन्दूहरूको कर (Tax) को पैसाले यसलाई मात्र सहयोग र संरक्षण गर्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | | | | सर्वोच्च अदालत (Apex Court) ले यस धर्मलाई उच्च धर्म भनी व्याख्या गर्ने बाटो खोलिदिएको देखिन्छ । |
| धारा ७ सरकारी कामकाजको भाषा | (१) देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ । | (१) देवनागरी लिपिमा लेखिने खस भाषा बाहेक बहुभाषिक नीति अनुसार प्रदेशको भाषा समेत स्वतः केन्द्रको सरकारी कामकाजको भाषा हुनेछ अवलम्बन गरिने छ । | सबै मातृभाषालाई समान हैसियत र सम्मान गर्न ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा राज्यको सबै निकायमा मातृभाषा प्रयोग गर्न पाउने अधिकार सुनिश्चित भइसकेको हुनाले ।<br><br>अड्डा, अदालत, सरकारी तथा गैरसरकारी कार्यालयहरूमा मातृभाषामा सूचना पाउने अधिकार सुनिश्चित गर्न ।<br><br>संविधानसभामा राख्ने सहमति भईसकेकोमा त्यसलाई बेवास्ता गरेको देखिन्छ । | सूचनामा आदिवासी/मातृभाषीको पहुँच नरहने तथा उनीहरूको सूचनाको हक गम्भीर रुपमा हनन हुने ।<br><br>राज्यमा पूर्ण रुपमा सहभागिता र समावेशी हुन नसक्ने ।<br><br>सेवा, सुविधा र साधनस्रोतमा पहुँच हुन नसक्ने ।<br><br>मातृभाषाको विकास र अवसर नहुने र विस्तारै भाषा लोप हुँदै जाने र अन्ततः जातीय पहिचान नष्ट हुने ।<br><br>देशको विविधतामा गम्भीर आँच आउने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ७ सरकारी कामकाजको भाषा | (२) नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने छ । | (२) प्रदेशमा सरकारी कामकाजको भाषा बहुभाषिक नीति प्रदेशसभाले निर्णय गरे अनुसारको भाषा लागू गरिने छ ।<br><br>यस्ता भाषाहरू संविधानको अनुसूचीमा समावेश गरिने छ । | भाषिक समानता कायम गराउन ।<br><br>भाषिक विभेदको अन्त्य गर्न । राज्यमा सबैको समान पहुँच सुनिश्चित गर्न । | मातृभाषा प्रयोग गर्न व्यवहारिक रुपमा अड्चन सृजना हुने ।<br><br>मातृभाषीहरू आर्थिक, सामाजिक, राजनीतक, साँस्कृतिक विभेदका शिकार भइरहने ।<br><br>खस नेपाली भाषीहरूको दबदबा कायम रहने । |
| धारा ९ राष्ट्रिय गान इत्यादि (गाई) | (३) नेपालको राष्ट्रिय फूल लाली गुराँस, राष्ट्रिय रंग सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पंक्षी डाँफे हुनेछ । | (३) गाईको सट्टामा एक सिङ्गे गैंडा राख्ने र राष्ट्रिय रंग सिम्रीक नराख्ने वा राख्नु परे हरियो राख्ने ।<br><br>निशान छापमा एकल भाषा (संस्कृत) लाई प्राथमिकता दिने र हिन्दूहरूको मान्यतामा आधारित चन्द्रवंशी र सूर्यवंशीको देश जनाउने झण्डालाई हटाई अरु सबैको प्रतिनिधित्व गराउने वा | गाई सर्वमान्य नभई कतिपय आदिवासी तथा गैरहिन्दू समुदायको संस्कृति र परम्पराहरूलाई अपराधीकारण गर्ने भएकाले ।<br><br>गैंडाले भौगोलिक विविधता प्रतिनिधित्व गर्ने भएकोले ।<br><br>हरित क्रान्तिको प्रतीक हरियो रंग भएकोले ।<br><br>साँस्कृतिक विभेद र आदिवासीको विश्वास र साँस्कृतिक पहिचानलाई अपराधीकरण गर्ने भएकोले । | गाई मारेको अभियोगमा १२ वर्ष कैद सजायँ भोगिरहेका आदिवासी जनजाति (त्यसमा पनि खासगरी तामाङ समुदायका संख्या बढी देखिन्छ) जेलमा नै बस्नु पर्ने ।<br><br>कतिपय किरातीहरूले आफ्ना संस्कृति मान्न वा उनीहरूले खाद्य पदार्थको रुपमा गाईगोरुको मासु खान्छन् । उनीहरूको संस्कृति र जीवन पद्धतिलाई अपराधीकरण गर्न सजिलो हुने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | जातीय हिसाबले एउटै जातिको पहिचान झल्कने प्रतीक हटाउनुपर्ने । | | गौबधको कानूनमार्फत जनजातिलाई नियन्त्रण र Subjugation गर्ने काम निरन्तर हुने ।<br><br>कानूनको अगाडि आदिवासीको कानूनी महत्व/व्यक्तित्व (Legal Personality) जनावर (गाईगोरु) भन्दा कम हुने ।<br><br>राज्यले एकल धर्म, पहिचान र संस्कृति लाद्ने काम भएकोले आदिवासीलगायतका जनताले हिनतामा बाँच्नुपर्ने । |

**भाग २**

**नागरिकता**

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ११ नेपाली नागरिक: | (५) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोवास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ ।<br>(७) तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ । | **हटाउनु पर्ने**<br><br>(७) तर आमा वा बाबु नेपाली नागरिक रहेछन् भने नेपालमा..<br><br>यो धारासँग बाझिएको अन्य धाराहरू हटाउने ।<br><br>**नयाँ थप गर्नुपर्ने**<br>एक पटक नागरिकता प्राप्त भइसकेपछि नागरिकता प्राप्त गर्ने आधारमा कसैलाई विभेद गरिने छैन । नागरिकता प्राप्त गर्नका लागि लैंगिक, उत्पत्तिको आधारमा विभेद गरिने छैन । | जन्म, वैवाहिक अवस्था र लैंगिक आधार मा विभेद गरेको ।<br><br>लैङ्गिक विभेदको अन्त्य गर्न ।<br><br>बैवाहिक स्थितिलाई नागरिकता प्राप्तिलाई आधार बनाउनु भनेको महिला माथिको विभेद र मानवअधिकारको उल्लंघन भएको हुँदा ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ तथा पहिलो संविधानसभामा महिलालाई नागरिकताको आधारमा विभेद गर्न नमिल्ने र आमाले पनि नागरिकता प्रदान गराउन सक्ने व्यवस्थामा सहमति भएको हुँदा । | महिला पूर्ण रुपमा अधिकार सम्पन्न नागरिक नहुने ।<br><br>आमा नागरिकता प्रदानको लागि प्रमाणीकरण गर्न सक्ने हैसियतमा नरहने ।<br><br>विदेशी पुरुषसँग वैवाहिक सम्बन्धबाट जन्म भएकाहरूले वा बाबुको ठेगाना पत्ता नलागेकाहरूले नागरिकता पाउन कठीन हुने । |
| धारा १४ गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने: | विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सदस्यराष्ट्र बाहेकका देशमा बसोवास गरेको साविकमा | नेपाल सरकारले कुनै पनि देशसँग गरेको सम्झौता अनुसार स्वतः प्राप्त गरेका आवासीय भिसा वा नागरिकहरूको सवालमा यो धारा लागू हुने | नेपालका भू.पू. सैनिकहरू जो राज्यकै नीतिगत आधारमा बेलायती सेनामा जान बाध्य पारिएको र सैनिक भएको आधारमा प्राप्त गरेको आवासीय भिसाकै आधारमा विभेद हुने भएकोले । | बेलायतमा रहेका भू.पू. सेना तथा निजका परिवारका सदस्यहरू राजनीतिक अधिकारबाट बन्चित हुने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही, पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानून बमोजिम आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिनेछ । | छैन भन्ने प्रतिबन्धात्मक वाक्यांश थप गर्ने । | | |

भाग ३

मौलिक हक र कर्त्तव्य

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा १६ बाँच्न पाउने हक: | (१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । | 'समुदाय' पदावली थप गरी प्रत्येक व्यक्ति र समुदायलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । | नेपालमा विविध समुदाय बसोवास गर्ने भएकाले व्यक्तिगत र सामुहिक हक हुने भएकोले ।<br><br>व्यक्ति वा समुदायलाई पहिचानसहित बाँच्न पाउने अधिकार आदिवासी जनजातिहरूको आधारभूत अधिकार हो ।<br><br>आदिवासी जनजातिको सामुहिक पहिचान अन्तर्गत उनीहरूको भाषा, संस्कृति, आस्था, आध्यात्मिकता र यसलाई कायम राख्न ।<br><br>नेपाल अधिराज्यको संविधान, २०४७ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले आदिवासीहरूको सामुहिक पहिचानलाई आंशिक रुपमा मान्यता दिए तापनि राज्यले त्यसभन्दा अगाडि पहिचानको अधिकारलाई मान्यता नदिएको मात्र नभई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा एकल धर्म, संस्कृति, भाषा, जाति, वर्गलाई मात्र कानूनी तथा नीतिगत तवरले मान्यता तथा संरक्षण गरेको | सम्मानपूर्वक बाँच्न पाउने हक निर्देशक सिद्धान्तमा राखिएको छ। त्यसको मतलब आदिवासी जनजातिको सम्मानपूर्वक बाँच्न पाउने मौलिक हक (Fundamental Rights) भए तापनि निर्देशक सिद्धान्तमा यस अधिकारलाई राखिएपश्चात् पहिचानको आधारमा आदिवासी जनजाति दोस्रो दर्जाको नागरिक हुने ।<br><br>आदिवासी जनजातिको बहिष्करण र विभेद निरन्तर रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | कारण आदिवासी जनजातिहरू राज्य संरचनाका हरेक क्षेत्रमा बहिष्करण, विभेद र अन्यायमा परेका देखिन्छन् ।<br><br>आदिवासी जनजातिहरू पहिचान र उत्पत्तिकै आधारमा विगतमा विभेदमा परेका र हालसम्म प्रत्यक्ष वा अप्रत्यक्ष विभेद विद्यमान रहेको देखिन्छ ।<br><br>विगतका विभेदको असर समाजमा विद्यमान भएको कारण त्यसको सम्बोधन र निराकरणको निम्ति पहिचान र सामुहिकतासहित बाँच्न पाउने अधिकार सुनिश्चित गर्नको लागि यो व्यवस्था गर्न जरुरी छ । | |
| धारा १७ प्रतिबन्धात्मक व्यवस्थाहरू: | क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,<br><br>(ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, | यी स्वतन्त्रतालाई धर्म, जात, जाति, राज्य विखण्डन, जातीय सद्भाव विथोल्ने अधिकारको रुपमा लिइएको छ। त्यसकारण बन्देज लगाउने व्यवस्था हटाउनुपर्ने । | प्रतिबन्धात्मक व्यवस्थाले आदिवासी जनजातिहरूको अधिकार सुनिश्चित गर्न ।<br><br>मानव अधिकार उल्लंघन विरुद्धका घट्नामा संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर्राष्ट्रिय निकायमा जान मानव अधिकारभित्रको | आदिवासीहरूको सन्दर्भमा उल्लिखित अधिकारहरू हनन हुने।<br><br>आदिवासी जनजातिको विरुद्धमा हुने भेद्भावका घटना अत्यन्त गम्भीर रुपमा रहेको र वर्तमान संविधान र कानूनका व्यवस्थाले |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | (ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता,<br><br>(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता | **स्पष्टीकरणको व्यवस्था थप गर्नुपर्ने**<br><br>विदेशी राज्य संगठन भन्ने प्रतिबन्धात्मक व्यवस्थाको सन्दर्भमा नेपाल पक्ष राष्ट्र रहेका अन्तर्राष्ट्रिय कानूनद्वारा प्रत्याभूत मानव अधिकार तथा आधारभूत स्वतन्त्रता अनुगमन गर्ने संयन्त्रमा जाने कार्य बाहेक भन्ने राख्नुपर्ने । | विषयवस्तु पर्ने र राज्यलाई अराजकताबाट रोक्न अनिवार्य हुनाले । | ठीक ढंगमा सम्बोधन नगरेको हुनाले । त्यो अवस्था परिवर्तित सन्दर्भमा पनि निरन्तर रहने हुनाले ।<br><br>विगतमा जातीय र सामाजिक सद्भाव खल्बलिने नाममा पहिचानको अधिकारलाई वकालत गर्ने आदिवासी जनजातिले स्थापना गरेको राजनीतिक पार्टीहरूलाई दर्ता गर्न अस्वीकार गरेका नजीरहरू कायम रहेको, पार्टी र संघसंस्था बन्देज लगाउन सक्ने ।<br><br>हालको व्यवस्थाले मानवअधिकारको उल्लंघनमा अन्तर्राष्ट्रिय उपचार खोज्न बन्देज लगाउने, खोजेमा थप कारवाही भोग्नु पर्ने । खासगरी आदिवासी जनजातिको मानव अधिकार उल्लंघन गर्ने परिस्थिति सृजना गर्ने अवस्था आउने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | | | | राज्य संचालकहरू अराजक हुन सक्ने । |
| धारा १८ समानताको हक: | (२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेद्भाव गरिने छैन ।<br><br>(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेद्भाव गर्ने छैन । | सबै प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष विभेदको अन्त्य हुनेछ ।<br><br>पहिचानको आधारमा विभेद गरिने छैन । | नेपालमा भइरहेको प्रत्यक्ष र अप्रत्यक्ष तथा पहिचानमा भएको विभेद अन्त्य वा न्यूनीकरण गर्न ।<br><br>नेपाल पक्ष राष्ट्र रहेको सबै प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धिको पालना गर्न ।<br><br>आदिवासीहरूको मानव अधिकार हेर्ने विशेष समाधीक्षक तथा जातीय विभेद अनुगमन समितिलगायत अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी निकायहरूको सिफारिश कार्यान्वयन गर्न । | पहिचानको आधारमा भेदभाव नहुने अधिकार सुनिश्चितता नभएको ।<br><br>निजी कार्यक्षेत्र खुला अर्थनीति, विश्वव्यापीकरण, निजीकरण, सार्वभौमसत्ता विभाजनको अवधारणा आदिका कारण गैरराज्य क्षेत्रको दायरा अत्यन्त फराकिलो भएको सन्दर्भमा त्यस क्षेत्रमा पनि विभेद्रहित अवधारणा बढाउन पर्ने हुनाले ।<br><br>'महिला' वस्तुको रुपमा प्रयोग हुने कार्यलाई निरुत्साहित गर्ने अवस्था नरहने ।<br><br>मानव अधिकारको अनुगमन संयन्त्रहरूको सिफारिश विपरीत हुने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा १८ सकारत्मक उपाय/विभेद प्रतिबन्धात्मक व्यवस्थाः | सामाजिक वा साँस्कृतिक दृष्टिले पीछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पीछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन। | 'राजनीतिक' शब्द थप गरी ऐतिहासिक विभेदमा परेका ...भन्ने राख्ने ।<br><br>पहिचानको आधारमा महिलाहरूको विविधता (आदिवासी जनजाति, मुश्लिम, मधेशी दलित आदि)<br><br>'पुछारमा भएकालाई प्राथमिकताको आधारमा' भन्ने शब्द राख्न पर्ने। 'खस आर्य' भन्ने शब्द हटाउने । | सकारात्मक उपायको अवधारणा र सिद्धान्त अनुसार ऐतिहासिक अन्याय वा संरचनागत विभेदमा परेकाहरूलाई वितरणको न्याय (Distributive Justice) अनुरुपको विशेष व्यवस्था बनाउन ।<br><br>संविधानवादको सिद्धान्त अनुसार कमजोरलाई सवल बराबर बनाउन । प्रक्रियागत वितरणको न्याय (Procedural distributive justice) र वितरणको न्यायले ऐतिहासिक अन्यायलाई सच्याउने गरी क्षतिपूर्तिको अवधारणा (correctional Justice through compensation) लाई कार्यान्वयन गर्ने । | महिलाभित्रको विविधता दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिमलगायत ऐतिहासिक विभेद्मा परेकाहरूको पहिचान नगरेको कारण बाहुन क्षेत्री समुदायका महिलाले मात्र अवसर उपभोग गर्न सक्छन् । शहर केन्द्रीत र राजनीतिक पार्टीको नियन्त्रणमा हचुवाको भरमा अवसर प्रदान हुन सक्ने ।<br><br>राजनीतिक (विगतको एकात्मक एकल जातीयमैत्री, धर्ममा आधारित राज्य संरचना) रुपमा ऐतिहासिक विभेदमा परेका र अन्य कारण आर्थिक रुपमा पछाडि परेकालाई एकै स्तरमा राखी सकारात्मक विभेदको उपाय गर्दा अपेक्षित लक्ष्य प्राप्त नहुने ।<br><br>खस आर्यलाई सकारात्मक उपायको व्यवस्था राख्ने कार्यले |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | | एकल जातीय पकडलाई निरन्तरता दिई अधिकार र स्रोतमा न्यायिक साझेदारी हुन नसक्ने ।<br><br>गैरसरकारी क्षेत्रमा विभेद कायम हुने । |
| धारा २० न्याय सम्बन्धी हक: | (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन । | **थप्नुपर्ने**<br>(१) (क) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिने कारवाही र अभियोगको विषयमा निजले बुझ्ने भाषामा जानकारी प्राप्त हुने छ र निज विरुद्ध चलाइने कारवाहीमा सरकारले दोभाषेको व्यवस्था गर्ने छ । | सूचनाको हकलाई कार्यान्वयन गरी न्याय सम्बन्धी हकलाई सुनिश्चित गर्न ।<br><br>नेपालमा भाषिक विविधता भएको हुँदा भाषिक समानतालाई सम्मान गर्न । नेपाल पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धको धारा १४, युएनड्रीप (UNDRIP) को धारा ३४ को कार्यान्वयनको निम्ति यो व्यवस्था हुन जरुरी छ ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा यस व्यवस्था सुनिश्चित भइसके तापनि नयाँ संविधानमा हटाइएकोले । | आफूलाई परेको मुद्दामामिलाका कामकारवाहीहरू मातृभाषीहरूले बुझ्न र बुझाउन नसक्ने हुनाले न्यायमा पहुँच हुन नसक्ने । अन्याय सहेर बस्नुपर्ने अवस्था रहने ।<br><br>न्याय प्रणाली र व्यवस्थाप्रति विश्वास कायम नहुने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २१ अपराध पीडितको हक: | (१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुनेछ । | **थप्नुपर्ने**<br>(२) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिने कारवाही र अभियोगको विषयमा निजले बुझ्ने भाषामा जानकारी प्राप्त हुने छ र निज विरुद्ध चलाइने कारवाहीमा सरकारले दोभाषेको व्यवस्था गर्ने छ। | सूचनाको हकलाई अर्थपूर्ण बनाई न्याय सम्बन्धी हकलाई प्रभावकारी बनाउन ।<br><br>नेपालमा भाषिक विविधता भएको हुँदा भाषिक समानतालाई सम्मान गर्न । | अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी सही रुपमा जानकारी पाउन नसक्ने । |
| धारा २३ निवारक नजर बन्द विरुद्ध हक: | (१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।<br><br>(२) उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिका स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानून बमोजिम तत्काल जानकारी दिनु पर्नेछ। | **हटाउनुपर्ने**<br>तर शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन । | अन्तर्राष्ट्रिय मापदण्ड अनुसार मानव अधिकार विश्वव्यापी हुने भएको हुनाले । | कुनै पनि नेपालीको अन्य देशमा मानव अधिकार हनन भयो भने उपचार खोज्न नैतिक रुपमा अप्ठ्यारो पर्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | तर शत्रु देशको नागरिकका हकमा यो उपधारा लागू हुने छैन ।<br><br>(३) निवारक नजरबन्दमा राख्ने अधिकारीले कानून विपरीत वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । | | | |
| धारा २४ छुवाछूत तथा भेदभाव विरुद्धको हक: | (१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वाभेदभाव गरिने छैन ।<br><br>(४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन । | (१) कुनै समुदाय ........निजी तथा सार्वजानिक क्षेत्रमा (Private and Public domain) मा हुने जातीय तथा पहिचान लगायतका विभेद विरुद्धको हक हुने छ ।<br><br>उपधारा ४ मा पहिचानमा आधारित महिलालाई हुने विभेदको विषय राख्ने । | पहिचानकै अधारमा हुने विभेदलाई न्यूनीकरण वा अन्त्य गर्न । | दलित, आदिवासी जनजाति, मुस्लिम, एकल महिलालाई पहिचानकै आधारमा विभेद हुने गरेको । त्यसबाट उनीहरूलाई राजनीतिक, सामाजिक, साँस्कृतिक, आर्थिकलगायतका क्षेत्रमा नकारात्मक असर र विभेद भइरहेको । ती कुराहरूको अन्त्य हुन नसक्ने ।<br><br>महिलालाई कार्यस्थलमा पहिचानको आधारमा हुने विभेद अन्त्य नहुने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २५ सम्पत्तिको हक: | (१) प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुनेछ ।<br><br>(५) उपधारा (३) बमोजिम राज्यले सार्वजनिक हितका लागि कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गरेकोमा त्यसतो सार्वजानिक हितको सट्टा अर्को कुनै सार्वजानिक हितका लागि त्यस्तो सम्पति प्रयोग गर्न बाधा पर्ने छैन । | **थप गर्नुपर्ने**<br>आदिवासी जनजातिहरूलाई आफ्नो पुर्ख्यौली भूमि, भू-क्षेत्र तथा प्राकृतिक स्रोतसाधनमाथि स्वामित्व, प्रयोग, उपभोग, व्यवस्थापन, संरक्षण र नियन्त्रणको हक हुनेछ ।<br><br>*प्रतिबन्धात्मक वाक्यांश* तर आदिवासी जनजातिहरूको परम्परागत भूमिमा उनीहरूको अग्रीम सुसूचित मन्जुरी नलिई कुनै पनि आधारमा भूमि अधिग्रहण गरिने छैन ।<br><br>उपधारा ५ हटाउनपर्ने | आदिवासी जनजातिहरूको पहिचान, संस्कृति, जीवन, जीवन निर्वाहसँग अन्योन्याश्रित सम्बन्ध रहेको परम्परागत भूमि तथा प्राकृतिक स्रोतबाट बन्चित हुने, जसबाट अन्य मौलिक अधिकार समेतबाट बन्चित हुने भएको कारण यो व्यवस्था गर्नु जरुरी हुन्छ ।<br><br>विभिन्न देशका संविधानहरूमा आदिवासीहरूको भूमि तथा प्राकृतिक स्रोतमाथि आदिवासीहरूको अधिकारको प्रत्याभूत गर्ने गरिएको देखिन्छ ।<br><br>अर्जेन्टिनाको संविधानको सेक्सन ७५ को उपसेक्सन १७ मा आदिवासीहरूको भूमिको सामुहिक स्वामित्वलाई कानूनी मान्यता दिएको छ ।<br><br>कोलम्बियाको संविधानको धारा ६३ मा आदिवासीहरूको सामुदायिक भूमि अहरणीय अधिकारको रुपमा प्रत्याभूत गरिएको छ । त्यस्तै धारा २८६ मा आदिवासीहरूको भू-भागमा रहेको संरक्षित भूमि स्वायत्त रहने उल्लेख छ । | आदिवासी जनजातिले गुमाएका भूमि तथा प्राकृतिक स्रोत पुनः प्राप्त गर्न वा पहुँच पाउन नसक्ने वा उनीहरूको भूमिमा गरिने विकासमा भूमिका नरहने र फाइदा प्राप्त गर्न नसक्ने ।<br><br>विस्थापनमा पर्ने सम्भावना निरन्तर रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | पाराग्वेको संविधानको धारा ६४ ले आदिवासीहरूको जीवनशैली संरक्षण गर्न सामुदायिक भूमिको स्वामित्वको अधिकार रहने व्यवस्था छ ।<br><br>इक्वेडरको संविधानको धारा ५७ (४-५) मा सामुदायिक भूमि अहरणीय, अविभाज्य र करहरूबाट मुक्त रहने व्यवस्था छ । उपधारा २१मा पुर्ख्यौली भूमिबाट विस्थापन गर्न नहुने अधिकार प्रत्याभूत छ ।<br><br>(५) धोखाधडी हुने भएकोले । | |
| धारा २६ धार्मिक स्वतन्त्रताको हक: | (१) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ । | व्यक्ति पछि 'समुदाय' भन्ने शब्द थप गर्ने ।<br><br>धार्मिक क्षेत्रमा महिलालाई हुने विभेदका विषय सम्बोधन गर्नुपर्ने । | धर्म व्यक्ति र समुदाय अर्थात् सामुहिक तथा व्यक्तिगत अधिकार भएको हुनाले । | समुदायलाई धर्मको आधारमा हुने विभेद कायम रहने ।<br><br>धार्मिक क्षेत्रमा हुने महिला उपरको विभेद् र सबै प्रकारको शोषण कायम रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २७ सूचनाको हक: | प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ। तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन । | **नयाँ उपधारा थप गर्नुपर्ने** प्रत्येक नागरिक तथा समुदायलाई आफ्नो मातृभाषामा सार्वजनिक सरोकार तथा आफूलाई प्रभाव पार्ने र महत्वका सूचना प्राप्त गर्ने हक हुनेछ। | सूचनाको हकलाई सही अर्थमा कार्यान्वयन गरी न्याय सम्बन्धी हकलाई प्रभावकारी बनाउन ।<br><br>नेपालमा भाषिक विविधता भएको हुँदा भाषिक समानतालाई सम्मान गर्न। भाषाको आधारमा हुने विभेदको अन्त्य गर्न । | सूचनामा पहुँच वा सही सूचना प्राप्त हुन नसक्ने ।<br><br>राज्यको सेवा सुविधामा पहुँच हुन नसक्ने । |
| धारा २८ गोपनीयताको हक: | कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ । | व्यक्तिको अगाडि समुदाय थप गर्ने । | नेपालमा विभिन्न समुदायहरको बसोवास भएको र व्यक्ति र समुदायमा आ-आफ्नै विशेषता भएको हुँदा । | समुदायको गोपनीय रहनुपर्ने, घर समुदाय, आस्था स्थल (Sacred Site), साँस्कृतिक स्थलहरू आदि क्षेत्रमा राज्य वा अन्य क्षेत्रबाट अतिक्रमण भइरहको कार्य निरन्तर कायम रहने । |
| धारा २९ शोषण विरुद्धको हक: | (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ । | र समुदाय शब्द थप गर्ने । | शोषण व्यक्तिगत र सामुदायिक रुपमा हुने भएको हुँदा । | कमैया, कमलरी, हलिया, हरूवा चरुवा जस्ता सामुदायिक शोषण नेपालमा अझै अघोषित रुपमा प्रचलनमा रहेको र खासगरी आदिवासी जनजाति र दलित समुदायहरू नै त्यस प्रकारको शोषणको जोखिममा रहेका कारण |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | | त्यसको पूर्ण उन्मूलन गर्न नसकिने र क्षतिपूर्ति र पुनर्स्थापना समेत गर्न नसक्ने । |
| धारा ३० स्वच्छ वातावरणको हक: | (१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ । | **नयाँ उपधारा थप गर्ने**<br>आदिवासी जनजातिलाई आफ्नो भूमि तथा बसोवास क्षेत्रको वातावरण संरक्षण, सर्म्बद्धन, व्यवस्थापन, उपयोग र उपभोग गर्ने हक हुनेछ । | आदिवासी जनजातिहरूको भूमिसँगको सामिप्यता, पम्परागत शीप, ज्ञानको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्न ।<br><br>नेपाल पक्ष भएका अन्तर्राष्ट्रि सन्धि सम्झौताको सम्मान र पालना गर्न ।<br><br>आदिवासीहरूलाई यो वा त्यो निहुँमा उनीहरूको जग्गा, जमीन, भूमि तथा प्राकृतिक स्रोतहरूबाट विस्थापन गर्ने कार्य रोक्न । | आदिवासीहरूको वातावरण र वर्यावरणको बिनाश निरन्तर रहने ।<br><br>भूमि तथा प्राकृतिक स्रोतमाथिको सम्बन्ध तोडिन सक्ने । |
| धारा ३१ शिक्षा सम्बन्धी हक: | (५) नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ । | उपधारा ५ को अधिकार उपभोग गर्न राज्यबाट साधन स्रोत र आवश्यक सहयोग प्राप्त गर्ने हक हुनेछ । | मातृभाषामा शैक्षिक संस्था संचालन गर्न राज्यबाट आवश्यक साधनस्रोत र सहयोग प्राप्त गर्ने र गराउने हक हुनेछ ।<br><br>शिक्षामा पहुँच सुनिश्चित गर्न । | आदिवासी जनजातिहरूको शैक्षिक पहुँचको वृद्धि हुन सक्दैन । आदिवासी जनजातिले राज्यलाई कर (Tax) तिरेको अंशबाट आदिवासिको शैक्षिक विकासमा सहयोग गर्न राज्य बाध्य नहुने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| धारा ३२ भाषा तथा संस्कृतिको हक: | (३) नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धन र संरक्षण गर्ने हक हुनेछ । | **नयाँ थप गर्नुपर्ने**<br>उपदफा (४) नेपालमा बसोवास गर्ने प्रत्येक आदिवासी जनजातिलगायतका मातृभाषी समुदायलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने हक हुनेछ ।<br><br>मातृभाषामा शैक्षिक संस्था संचालन गर्न राज्यबाट आवश्यक साधनस्रोत र सहयोग प्राप्त गर्ने र गराउने हक हुनेछ । | मातृभाषामा शिक्षा प्राप्त गर्ने हकको सम्मान गर्न र मातृभाषाहरूको संरक्षण गर्न । | शैक्षिक संस्थाहरूो स्थापना र विकासमा राज्यबाट स्रोत पाउन सकिने अवस्था नरहने । |
| धारा ३३ रोजगारीको हक: | (१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ । | **उपधारा (३) थप गर्नुपर्ने**<br>आदिवासी समुदायलाई आफ्नो परम्परागत जीविकोपार्जनको साधन उपयोग, प्रयोग तथा नियन्त्रणबाट बन्चित गरिने छैन । | मौलिक परम्परागत ज्ञान शीपहरूको संरक्षण गर्दै रोजगारीको अवसर सिर्जना गर्न । | रोजगारी वा परम्परागत ज्ञान शीपको विकास र संरक्षण हुन नसक्ने ।<br><br>आदिवासीहरूमा गरिबी बढ्दै जाने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ३८ महिलाको हक: | (३) महिला विरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । | **थप गर्नुपर्ने**<br>(७) अराजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा ऐतिहासीक विभेदका कारण पछाडि पारिएका आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम महिलाहरूलाई प्राथमिकता दिइने छ ।<br><br>(महिला भएकै आधारमा भन्ने प्रष्ट नभएको। वंशको आधारमा प्राप्त हुने सम्पत्तिको विषय नपरेको ।<br><br>पहिचानको आधारमा महिलालाई गरिने विभेदको विषय नपरेको।<br><br>उपधारा २ मा महिलाको आफ्नो विषयमा आत्मनिर्णय गर्ने विषय नसमेटिएको) । | राज्यको संरचना र नीतिबाट पछि परेका समुदायका महिलाहरू (आदिवासी जनजाति, मधेशी, दलित लगायत) लाई समन्याय प्रदान गर्न ।<br><br>महिला विरुद्ध हुने सबै प्रकारका विभेद् अन्त्य सम्बन्धी महासन्धि (CEDAW) कार्यान्वयन गर्न ।<br><br>सबै समुदायका महिलाहरूको भिन्न-भिन्न अवस्था र पहिचानलाई मान्यता दिन । | पहिचान र महिला भएकै आधारमा गरिने सबै प्रकारका विभेद कायम रहने ।<br><br>महिलाको आत्मनिर्णयको अधिकार अभ्यासमार्फत पूर्ण रुपमा महिलाको मूक्ति र स्वतन्त्रता प्राप्त नहुने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ३८ समानुपातिक सहभागिताः | (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । | राज्य संरचनाको अंग उल्लेख गर्ने ।<br><br>दलित, आदिवासी जनजाति, मुस्लिम, एकल महिला, पिछडा वर्गलगायतका महिलाहरूको अस्तित्व स्वीकार गर्ने र वितरणको समन्यायिकता कायम रहने व्यवस्था गर्ने । | महिलाभित्रको विविधता (आदिवासी जनजाति, मधेशी, मुश्लिम, दलित आदि) लाई सम्बोधन गरी वितरणको न्याय सुनिश्चित गर्न ।<br><br>नेपालको सन्दर्भ सापेक्ष बनाउन । | उच्च जातीय वा ठालुहरूको दबदबा (Hegemony) कायम रहने प्रवल सम्भावना रहने ।<br><br>राजनीतिकरण हुनसक्ने सम्भावना रहने ।<br><br>राज्यको पुनर्संरचना नहुने संभावना रहने । |
| धारा ३९ बालबालिकाको हकः | (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ । | **नयाँ धारा थप गर्नुपर्ने**<br>(११) राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक रुपमा पछाडि पारिएका आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम बालबाकिलाई प्राथमिकता दिइने छ ।<br><br>दलित, आदिवासी जनजाति, एकल महिला, मुस्लिमलगायतका बालबालिकाहरूलाई पहिचान तथा विशेष अधिकारको हक हुनेछ । | राज्यको संरचना र नीतिबाट पछि परेका समुदायका बालबालिकाहरूलाई मूल प्रवाहमा ल्याउन । | आदिवासी जनजाति बालबालिकाहरू समान संरक्षणको अवसरबाट बन्चित हुन सक्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | आदिवासी जनजातिका बालबालिकाको मातृभाषामा शिक्षा पाउने हक रहनेछ । | | |
| धारा ४१ जेष्ठ नागरिक: | जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ । | **थप गर्नुपर्ने**<br>(६) राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक रुपमा पछाडि पारिएका आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम जेष्ठ नागरिकलाई प्राथमिकता दिइने छ । | राज्यको संरचना र नीतिबाट पछाडि पारिएका समुदाय र त्यस समुदायका जेष्ठ नागरिकसमेतलाई राज्यमा दबदबा रहेका जातिहरूसँग समान हैसियतको बनाउन । | आदिवासी जेष्ठ नागरिकहरूले अवसर तथा सुविधा पाउन नसक्ने । |
| धारा ४२ सामाजिक न्याय: | (१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पीछडिएको | (१) 'सामाजिक' भन्ने शब्द अगाडि राजनीतिक, आर्थिक साँस्कृतिक, पहिचान र उत्पत्तिको आधारमा भन्ने थप गर्ने र 'पछाडि परेका' भन्नेमा 'पारिएका' भन्ने थप गर्ने ।<br><br>'समावेशी' शब्दको अगाडि 'समानुपातिक' भन्ने शब्द थप गर्ने । | नेपालको अन्तरिम संविधान, २०६३ तथा पहिलो संविधानसभामा सहमति भइसकेको विषय अनिवार्य रुपमा नयाँ संविधानमा पर्नुपर्ने भएकोले ।<br><br>आदिवासी जनजातिको पहिचान, समस्या, सवाल, अवस्था, अधिकार, ऐतिहासिक विभेदसमेत पृथक भएको कारण ।<br><br>दलित र महिलाको विषय छुट्टै संविधानको प्रावधानमा राख्ने प्रचलन भएकोले । | राज्य संरचनामा असमावेशिता निरन्तर रहने ।<br><br>सामाजिक न्याय अत्यन्त सीमित हुने ।<br><br>आदिवासी जनजातिलाई सामाजिक न्याय प्राप्त नहुने ।<br><br>अधिकार कागजमा देखिने व्यवहारमा शून्य हुने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ । | 'आर्य' शब्द हटाई खस मात्र राख्ने । 'आदिवासी' भन्ने शब्द हटाउने र 'आदिवासी जनजाति' राख्ने ।<br><br>उपधारा (२) मा थप राजनीतिक, साँस्कृति र आर्थिक रुपमा पछि पारिएका आदिवासी जनजाति र लोपोन्मुख ....... समावेशी अगाडि 'समानुपातिक' शब्द र राज्यको निकाय पछि 'संरचनाहरू' र अगाडि 'हरेक' भन्ने शब्द थप गर्ने ।<br><br>आदिवासी जनजातिको अधिकारको प्रावधान छुट्टै राख्न पर्ने । | एउटै डालोमा राखेमा प्रावधानको कार्यान्वयनमा जटिलता आउने ।<br><br>खस आर्यलाई समुदायको हिसाबले कोटा राख्दा सकारात्मक विभेदको सिद्धान्त विपरीत हुने । | संविधानले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा खसआर्यको बर्चश्व संस्थागत गर्ने<br><br>आदिवासी जनजाति, मधेशी, दलितलगायतलाई झनै सीमान्तकृत गर्ने । |
| धारा ४७ मौलिक हकको कार्यान्वयन: | यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानूनी व्यवस्था गर्नेछ । | **हटाउनुपर्ने** | मौलिक हकलाई निष्प्रयोजित वा अर्थहीन बनाउने भएकोले । | तीन वर्ष वा राज्यले कानून नबनाइन्जेल जनताको मौलिक हक हुन्छ या हुँदैन अनिश्चित भएको ।<br><br>राज्य निरङ्कुश र कानूनको शासनको अन्त्य हुने । |

भाग-४

राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ५१ राज्यका नीतिहरू: | (ख)(३) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने, | प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था हुनुपर्ने । | नेपालको अन्तरिम संविधान, २०६३ मा “प्रभावकारी कार्यान्वयन” भन्ने व्यवस्था भइसकेको । अन्तर्राष्ट्रिय कानूनप्रति पूर्ण प्रतिवद्धता व्यक्त गरी नेपालको अन्तर्राष्ट्रिय छबि सुदृढ बनाउन आवश्यक परेकोले ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था भएको ।<br><br>पहिलो संविधानसभामा प्रभावकारी कार्यान्वयनका लागि प्रष्ट व्यवस्था गर्नेमा सहमति कायम भएको । | मानव अधिकार उल्लंघनको अवस्था सृजना हुने ।<br><br>अशान्ति र अस्थिरता बढ्ने । |
| धारा ५५ अदालतमा प्रश्न उठाउन नसकिने: | यस भागमा लेखिएका कुनै विषय कार्यान्वयन भए नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन । | **हटाउनुपर्ने** | सामाजिक न्याय तथा कतिपय मौलिक हक सम्बन्धी विषयहरू निर्देशक सिद्धान्त अन्तर्गत राखिएको छ । मौलिक हकसँग जोडिएका निर्देशक सिद्धान्तका विषयहरू या त मौलिक हकमा लैजानुपर्ने या त | सामाजिक न्याय, विकास, सुशासन, अन्तर्राष्ट्रिय मानव अधिकार, जीउधनको सुरक्षा, सामाजिक समावेशीकरण, विभेद उन्मूलनलगायतका महत्वपूर्ण |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | निर्देशक सिद्धान्त कार्यान्वयन नभएको अदालतमा प्रश्न उठाउने गरिएमा मात्र समाजिक न्याय अर्थपूर्ण हुने र त्यसप्रति राज्य जिम्मेवार बन्न सक्दछ । | विषयमा काम गर्नै पर्छ भनी धारा ५५ कै कारण राज्य बाध्य नहुने । |

भाग-५

राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ५६ राज्यको संरचना: | (१) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ । | **थप गर्नुपर्ने**<br>(१) संघीय नेपालको मूल संरचनामा संघ, प्रदेश, स्वायत्त क्षेत्र, स्वशासित र विशेष र संरक्षित क्षेत्र र स्थानीय तह रहनेछन् ।<br><br>(१) (क) **थप गरी परिभाषा गर्ने**<br>परिभाषा:<br>विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संविधानमा- | सबै तह र तप्काका जनताको राज्यमा बराबर हैसियतले स्वशासन (Self Rule) र साझेदारी (Shared Rule) कायम गर्न । राज्यको अग्रगामी पुनर्संरचना गर्दै राजनीतिक, साँस्कृतिक, भाषिक, पहिचान लगाएतको आधारमा ऐतिहासिक अन्याय, वहिष्करण र विभेदमा परेका समुदायको समस्या सम्बोधन गर्न ।<br><br>नेपालको विविधतालाई राज्य र शासन संरचनामा प्रतिविम्बित गर्दै राष्ट्रिय एकता र भावनालाई प्रवल बनाउन । | एकल जातीय बर्चश्व, केन्द्रीयता र जातीय शोषण कायम रहने ।<br><br>देशको साधनस्रोत, सुविधामा एउटै जाति र वर्ग/समुदायको हालीमुहाली रहने ।<br><br>लोकतन्त्रको सही अभ्यास नहुने अवस्था रहने ।<br><br>सही अर्थको संघीयता नबनाइँदा राष्ट्रियता कमजोर बन्ने प्रबल सम्भावना रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | (क) संघ भन्नाले संघीय संरचनाको सबभन्दा माथिल्लो तहको रुपमा रहने संघीय तह सम्झनु पर्छ। यस शब्दले संघीय नेपालको विभिन्न प्रदेशहरू, स्थानीय तह र विशेष संरचनाको समष्टिगत स्वरुपलाई समेत जनाउँछ ।<br><br>(ख) प्रदेश भन्नाले संघीय एकाईमा विभाजन गरिएको नेपालको संघीय एकाईको क्षेत्र र स्वरूप सम्झनुपर्छ ।<br>(ग) स्थानीय तह भन्नाले प्रदेशभित्र स्थापना हुने गाउँ पालिका तथा नगरपालिकालाई सम्झनुपर्छ ।<br><br>(घ) "विशेष संरचना" भन्नाले प्रदेशभित्र स्थापना गरिने स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र सम्झनु पर्छ। | शान्ति र विकासलाई दीगो बनाई मुलुक र जनताको भाग्य र भविष्यलाई सुदृढ बनाउन ।<br><br>नेपालको भौगोलिक अवस्था अनुरुप अन्तर्राष्ट्रिय समुदायसँग प्रस्तुत हुन ।<br><br>पहिलो संविधानसभाले स्थापित गरेको संरचना<br><br>सबै नेपाली जनतालाई शासनमा सहभागी गराउन । | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | | (ङ) "स्वायत्त क्षेत्र" भन्नाले प्रदेशभित्र स्थापना गरिने एक जाति/समुदाय वा भाषाको बाहुल्य भएको वा सघन उपस्थितिको अवस्था रहेको आदिवासी जनजातिको क्षेत्रलाई सम्झनु पर्छ ।<br><br>(च) "संरक्षित क्षेत्र" भन्नाले प्रदेशभित्र स्थापना गरिने अति कम संख्या, लोपोन्मुख र अतिसीमान्तकृत रूपमा रहेका आदिवासी जनजातिको क्षेत्रलाई जनाउनेछ ।<br><br>(छ) "विशेष क्षेत्र" भन्नाले स्वायत्त क्षेत्र र संरक्षित क्षेत्रले नसमेटेको, सम्बन्धित प्रदेशभित्र पीछडिएको, आर्थिक र सामाजिक अवस्थाबाट पछाडि पारिएको क्षेत्र वा विषयगत क्षेत्रको विकास गर्न स्थापना | | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | | गरिने भौगोलिक एकाइलाई सम्झनुपर्छ ।<br><br>(ज) "राज्यशक्ति" भन्नाले राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्वन्धीलगायतका अधिकार सम्झनुपर्छ ।<br><br>(झ) "सूची" भन्नाले संघ, प्रदेश, स्थानीय तह स्वायत्त क्षेत्र तथा विशेष संरचना अन्तर्गत स्थापना हुने स्वायत्त क्षेत्रलाई यो संविधान बमोजिम प्रदान गरिएको अधिकार प्रयोग गर्न पाउने विषयको सूची सम्झनुपर्छ र सो शब्दले संविधानमा उल्लिखित साझा सूचीसमेतलाई जनाउँछ । | | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ५६ राज्यको संरचनाः | (२) नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्ने छन् । | (२) नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश, स्थानीय तह स्वायत्त क्षेत्र र विशेष संरचनाले संघीय संविधानमा र प्रदेशको संविधानमा उल्लेख गरिए बमोजिम गरिने छ ।<br><br>प्रदेशहरूले आ-आफ्ना प्रदेशको संविधान बनाउँदा संघीय संविधानसँग मेलखाने गरी निर्माण गर्नेछन् ।<br><br>प्रदेश, स्वायत्त र संरक्षित क्षेत्रहरू अधिकार सम्पन्न हुनेछन् । | संघीयताको वास्तविक अर्थ नै प्रदेश, स्वायत्तता र विशेष क्षेत्रका जनताले केन्द्रको नियन्त्रणबिना शासन चलाउने र त्यहाँका जनताको निर्देशन बमोजिम केन्द्र चल्नुपर्ने भएकोले ।<br><br>नेपालको मूल समस्या नै केन्द्रीयता, एक जाति, वर्गको हालीमुहाली भएको कारण त्यसैलाई तोड्न अग्रगामी पुनर्संरचनाको सन्दर्भमा अधिकार सम्पन्न संघीय इकाई बनाउने संविधान निर्माणको क्रममा आदिवासी जनजातिलगायत विभिन्न समुदायहरूसँग सम्झौता भएको । | केन्द्र नियन्त्रित संघीयताले आफ्नो शासन आफैँ गर्ने वातावरण तयार नहुने । हालको एकल जातीय हैकमवाद कायम रहने । |
| धारा ५६ राज्यको संरचनाः | (३) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा कायम रहेका अनुसूची-४ मा उल्लेख भए बमोजिमका जिल्लाहरू रहेका प्रदेश रहनेछन् । | (३) नेपालमा नेपालको एकात्मक राज्यको स्वरुपलाई पुनर्संरचना गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई १० स्वायत्त प्रदेशमा विभाजन गरिएको छ । | पहिलो संविधानसभा अन्तर्गत गठन भएको राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको सुझाव अनुसार नेपाललाई १० स्वायत्त प्रदेशमा विभाजन गरिएको ।<br>*प्रदेशहरूको सूची*<br>१. लिम्बूवान<br>२. खम्बुवान-किरात प्रदेश (प्रस्तावित वल्लो किरात र माझ किरात प्रदेश मिलाएर मिलाइएको क्षेत्र) | पहिचान र अधिकारसहितको संघीयता प्राप्त नहुने । राजधानी र शासनमा पकड जमाएर बस्नेहरूले आफ्ना अनुकूलका कानून निर्णय गराउने कार्य निरन्तर रहने सम्भावना अत्यन्त प्रवल रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | | यस संविधान बमोजिमका प्रदेशहरू एक आपसमा गाभिन तथा थप नयाँ प्रदेशको रुपमा निर्माण गर्न परेमा वा प्रादेशिक सीमानालाई एक आपसमा मिलाई हेरफेर गर्न परेमा सम्वन्धित प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई बहुमतको निर्णय भई प्रादेशिक सरकारको सिफारिशलाई संघीय व्यवस्थापिकाको सामान्य बहुमतले अनुमोदन गर्नुपर्नेछ । | ३. शेर्पा<br>४. ताम्सालीङ/तामाङसालिङ<br>५. नेवा<br>६. तमुवान<br>७. मगरात<br>८. मधेश<br>९. थरुहट<br>१०. खसान<br>विधानसभाको राज्य शक्ति तथा राज्य पुनर्संरचना समितिद्वारा १४ प्रदेश र प्रस्तावित २३ स्वायत्त क्षेत्रहरू निम्न प्रकार रहेका छन् ।<br><br>(१) कोचिला, (२) झाँगड/उराउ, (३) धिमाल, (४) मेचे, (५) सन्थाल, (६) लेप्चे, (७) याक्खा, (८) चेपाङ, (९) दुरा, (१०) कुमाल, (११) दनुवार, (१२) पहरी, (१३) थामी, (१४) माझी, (१५) बराम, (१६) थकाली, (१७) छन्त्याल, (१८) सुनुवार, (१९) दनुवार, (२०) सुरेल, (२१) जिरेल, (२२) ह्योल्मो र (२३) ब्याँसी । | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ५६ राज्यको संरचना: | (४) स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्लासभा रहनेछन् । गाउँपालिका र नगरपालिकामा रहने वडाको संख्या संघीय कानून बमोजिम हुनेछ । | संघीय कानून बमोजिम **हटाउने ।**<br><br>**नयाँ उपधारा थप गर्ने**<br>प्रदेशले आवश्यकता अनुसार संविधान कानून बमोजिम आफ्ना प्रशासनिक क्षेत्र र निकाय निर्धारण, परिवर्तन र परिमार्जन गर्न सक्नेछ ।<br><br>तर<br>कुनै पार्टी विशेषको राजनीतिक अभिष्ट पूरा गर्न प्रशासनिक इकाईहरूको सीमा निर्धारण र हेरफेर वा परिवर्तन गरिने छैन । | जनताको सार्वभौम अधिकार प्रयोग गरी जनमुखी राज्य संरचना र व्यवस्था कायम गर्न । | केन्द्रीकृत राज्य व्यवस्था कायम रहने ।<br><br>केन्द्रका शासकहरूले आफ्ना र आफ्ना वृत्तका हितमा मात्र राज्य शक्ति र स्रोतलाई प्रयोग गर्ने हालको अवस्था कायम नै रहने । |
| धारा ५६ राज्यको संरचना: | (५) संघीय कानून बमोजिम सामाजिक साँस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ । | (५) प्रदेशले संविधान तथा संघीयताको प्रतिकूल नहुने गरी राजनैतिक आर्थिक सामाजिक साँस्कृतिक संरक्षण र विकासका र कम संख्यामा रहेका जाति तथा आदिवासी जनजातिका | स्वशासन र साझेदारी शासनको अभ्यास गर्न ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा स्वीकार गरी सकिएको व्यवस्था । | केन्द्रीकृत राज्य व्यवस्था कायम रहने ।<br><br>केन्द्रका शासकहरूले आफ्ना र आफ्ना वृत्तका हितमा मात्र राज्य शक्ति र स्रोतलाई प्रयोग गर्ने हालको अवस्था कायम नै रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | लागि विशेष संरचना क्षेत्र, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र थप घट गर्न सकिनेछ । | पहिलो संविधानसभाका विभिन्न समितिहरूले केन्द्रीकृत संघीयता नराख्ने गरी संरचनाहरूमा सहमति गरेको । | |
| धारा ५६ राज्यको संरचनाः | (६) संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वांगीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथक्कीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने छन् । | (६) संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाले नेपालको स्वतन्त्रता, एकता, अखण्डता, सार्वभौमसत्ता तथा मुलुकको दीर्घकालीन हित, सर्वाङ्गीण विकास, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्तिको पृथक्कीकरण र नियन्त्रण तथा सन्तुलन, जातीय समानतामा आधारित समतामूलक तथा बहुलतामा आधारित समाज, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, समानुपातिक र समावेशी प्रतिनिधित्वको अधिकार र पहिचानको संरक्षण गर्ने छन् । | समानुपातिक समावेशी अन्तरिम संविधानमा संस्थागत भइसकेको व्यवस्था । | एकल जातीय पकडलाई संस्थागत गरी जातीय हैकमवाद निरन्तर रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ५६ राज्यको संरचना: | **नभएको** | **नयाँ उपधारा थप गर्ने**<br>(७) आदिवासीका लागि विशेष व्यवस्था<br><br>(७) (क) प्रदेशभित्र कम संख्यामा रहेका आदिवासी जनजातिको पहिचान र अधिकारको व्यवस्था: पुर्ख्यौली भूमि वा भू-क्षेत्र स्पष्ट खुलेको कम संख्यामा रहेको आदिवासी जनजातिको लागि "संरक्षित स्वायत्त क्षेत्र" को व्यवस्था हुनेछ ।<br><br>(ख) प्रदेशभित्रको कम संख्यामा रहेको र पुर्ख्यौली भूमि वा भूक्षेत्र स्पष्ट नखुलेको आदिवासी जनजातिको पहिचान र अधिकारको व्यवस्था सम्बन्धित प्रदेशको व्यवस्थापिकाले कानून बनाई त्यसको व्यवस्था गर्ने छ ।<br><br>(ग) पुर्ख्यौली भूमि वा भू-क्षेत्र स्पष्ट नखुलेको कम संख्यामा रहेका आदिवासी जनजातिको | आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रको धारा ३, ४, १८, १९, २० २६, ३२, ३४ र ३७, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ को धारा १, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ को धारा १ अनुरुप बनाउन ।<br><br>पहिलो संविधानसभामा सहमति भइसकेको । | कम संख्यामा रहेका आदिवासी जनजातिको सुरक्षित रहने अवस्था नरहने ।<br><br>कम संख्याका आदिवासी जनजातिहरू जातीय थिचोमिचोमा नै रहने अवस्था सृजना हुने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | | पहिचान, संरक्षण र अधिकारको लागि प्रदेशले विशेष कानूनी वा अन्य उपाय अपनाउनेछ ।<br><br>(८) (क) कुनै प्रदेशभित्र कुनै एक आदिवासी जनजातिको बाहुल्यता रहेको पुर्ख्यौली भू-क्षेत्रलाई (अनुसूचीमा उल्लेख भएका आदिवासी जनजातिलाई स्वायत्त क्षेत्र कायम गरिनेछ ।<br><br>(ख) उपधारा (क)मा उल्लिखित व्यवस्था सम्बन्धित आदिवासी जनजातिको अग्रीम सुसूचित स्वतन्त्र सहमति प्रदेशले कार्यान्वयन गर्नेछ ।<br><br>(ग) प्रत्येक प्रदेशहरूले आत्मनिर्णयको अधिकारलाई सम्मान गर्दै आदिवासी जनजातिहरूको सघन बसोबास भएको क्षेत्रलाई स्वशासित क्षेत्रको रुपमा स्थापना गर्दै लैजाने छ । | | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ५७ राज्यशक्तिको बाँडफाँडः | (६) उपधारा (३) वा (५) बमोजिम प्रदेशसभा, गाउँसभा वा नगरसभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र प्रदेशसभा, गाउँसभा वा नगरसभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ । | प्रदेशलाई हटाउने र नगर, गाउँसभाले बनाएको कानून संविधान र प्रदेशको कानूनसँग नबाझिने हुनुपर्दछ भन्ने व्यवस्था गर्ने । | अधिकार सम्पन्न प्रदेश निर्माण गर्न ।<br><br>केन्द्रमा बस्ने केही ठालुहरूको नियन्त्रण तथा सिन्डिकेटबाट स्थानीय तहमा शासन साझेदारी र स्वशासन कायम गर्न । | प्रदेशको अधिकार जिविस, नगरपालिका वा गाविस जस्तै हुने ।<br><br>जनताले परिवर्तन र अधिकार तथा साधनस्रोतमा पहुँचको अनुभूति नगर्ने ।<br><br>शासन, साधनस्रोत केन्द्रमा बस्ने सीमित जातिका ठालुहरूले संघीयताको नाममा हालीमुहाली गर्ने प्रवल सम्भावना रहने । |
| धारा ५८ अवशिष्ट अधिकारः | यस संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्नेगरी नतोकिएको विषयमा संघको अधिकार हुनेछ । | यस संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्नेगरी नतोकिएको विषयमा प्रदेशको अधिकार हुनेछ । | प्रदेशको अधिकार सीमित नगर्न र राज्य संचालनमा प्रदेशलाई आत्मनिर्भर बनाउन । | प्रदेशहरूले स्वन्त्र रुपमा काम गर्न नसक्ने । सँधै संघको भर परिरहनु पर्ने । |

भाग-६

राष्ट्रपति र उपराष्ट्रपति

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ७० राष्ट्रपति र उपराष्ट्रपति फरक-फरक लिंग वा समुदायको हुने: | यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक-फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ । | राष्ट्रपति र उपराष्ट्रपति फरक-फरक लिंग र समुदायको हुने: यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिंग र समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ । | नेपाालको संविधान (२०७२) को प्रस्तावना अनुसार समानुपातिक समावेशी सिद्धान्तलाई व्यवहारमा लागू गर्न । | शासनसत्ता सहभागीमूलक र राष्ट्रिय एकता सुदृढ नबन्ने । |

भाग-७

संघीय कार्यपालिका

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ७६ मन्त्रिपरिषद्को गठन: | (९) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिशमा संघीय संसद्का सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्रीसहित बढीमा पच्चीस जना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्नेछ । | (९) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिशमा संघीय संसद्का सदस्यमध्येबाट समानुपातिक समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्रीसहित बढीमा पच्चीसजना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्नेछ । | समानुपातिक समावेशी सिद्धान्तलाई कार्यान्वयन गर्न । | राज्य असमावेशी रहने । |

भाग-८

संघीय व्यवस्थापिका

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ८४ प्रतिनिधिसभाको गठन: | (१) प्रतिनिधि सभामा देहाय बमोजिमका दुई सय पचहत्तर सदस्य रहनेछन् :-<br>(क) नेपाललाई भूगोल र जनसंख्याको आधारमा एकसय पैंसट्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एकजना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एकसय पैंसट्ठी सदस्य, | (१) (क) नेपाललाई भूगोल र जनसंख्याको आधारमा एकसय दश निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एकजना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एकसय दश सदस्य, | नेपालको अन्तरिम संविधान, २०६३ ले स्थापित गरेको ४० र ६० को प्रत्यक्ष र समानुपातिकको अनुपातलाई निरन्तरता दिई समानुपातिक समावेशीलाई कार्यान्वयन गर्न । | यस निर्वाचनको अभ्यासले हालको एक जातीय हैकमवादलाई निरन्तरता दिने ।<br><br>आदिवासी जनजाति, मधेशी, मुस्लिम तथा दलितहरूको बहिष्करण निरन्तर कायम रहने । |
| धारा ८४ प्रतिनिधिसभाको गठन: | (१)(ख) सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एकसय दश सदस्य, सदस्य । | (ख) सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एकसय पैंसट्ठी सदस्य, सदस्य । | नेपालको अन्तरिम संविधान, २०६३ ले स्थापित गरेको ४० र ६० को प्रत्यक्ष र समानुपातिकको अनुपातलाई निरन्तरता दिई समानुपातिक समावेशीलाई कार्यान्वयन गर्न । | यस निर्वाचनको अभ्यासले हालको एक जातीय हैकमवादलाई निरन्तरता दिने ।<br><br>आदिवासी जनजाति, मधेशी, मुस्लिम तथा दलितहरूको बहिष्करण निरन्तर कायम रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ८४ प्रतिनिधिसभाको गठन: | (२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पीछडिएको क्षेत्र समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ । | (२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा भिन्न-भिन्न पहिचानसहितका महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पीछडिएको क्षेत्रसमेतबाट खुला सूचीका आधारमा समानुपातिक समावेशी सिद्धान्त बमोजिम प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ । | नेपालको अन्तरिम संविधान, २०६३ ले स्थापित गरेको ४० र ६० को प्रत्यक्ष र समानुपातिकको अनुपातलाई निरन्तरता दिई समानुपातिक समावेशीलाई कार्यान्वयन गर्न ।<br><br>समावेशी लोकतन्त्र, सारभूत समानता र मानव अधिकार सुनिश्चित गर्न । | यस निर्वाचनको अभ्यासले हालको एक जातीय हैकमवादलाई निरन्तरता दिने । आदिवासी जनजाति, मधेशी, मुस्लिम तथा दलितहरूको बहिष्करण निरन्तर कायम रहने ।<br><br>समुदाय तथा आदिवासी जनजातिको सरोकार र समस्याको नीति निर्माणमा प्रतिनिधित्व नहुने अवस्था कायम रहने ।<br><br>प्रतिनिधिसभा असमावेशी बन्ने । |
| धारा ८४ प्रतिनिधिसभाको गठन: | (८) यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट | (८) यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित | नेपालको अन्तरिम संविधान, २०६३ ले स्थापित गरेको ४० र ६०को प्रत्यक्ष र समानुपातिकको अनुपातलाई निरन्तरता दिई समानुपातिक समावेशीलाई कार्यान्वयन गर्न । | यस निर्वाचनको अभ्यासले हालको एक जातीय हैकमवादलाई निरन्तरता दिने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ८६ राष्ट्रियसभाको गठन र सदस्यहरूको पदावधि: | निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाई सदस्य महिला हुनु पर्नेछ । त्यसरी निर्वाचित गर्दा उपधारा (१) को खण्ड (क) र धारा ८६ को उपधारा (२) को खण्ड (क) बमोजिम निर्वाचित सदस्यहरूमध्ये कुनै राजनीतिक दलको एक तिहाई सदस्य महिला निर्वाचित हुन नसकेमा त्यस्तो राजनीतिक दलले उपधारा (१) को खण्ड (ख) बमोजिम सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट संघीय संसद्मा निर्वाचित हुने कूल सदस्यको कम्तीमा एक तिहाई महिला सदस्य हुनेगरी निर्वाचित गर्नु पर्नेछ । | कूल सदस्य संख्याको कम्तीमा एक तिहाई सदस्य भिन्न भिन्न पहिचानसहितका महिला हुनु पर्नेछ । त्यसरी निर्वाचित गर्दा उपधारा (१) को खण्ड (क) र धारा ८६ को उपधारा (२) को खण्ड (क) बमोजिम निर्वाचित सदस्यहरू मध्ये कुनै राजनीतिक दलको एक तिहाई सदस्य महिला निर्वाचित हुन नसकेमा त्यस्तो राजनीतिक दलले उपधारा (१) को खण्ड (ख) बमोजिम सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट संघीय संसद्मा निर्वाचित हुने कूल सदस्यको कम्तीमा एक तिहाई महिला सदस्य हुने गरी निर्वाचित गर्नु पर्नेछ । निर्वाचित गरिने महिलामा समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्नुपर्नेछ । | समावेशी लोकतन्त्र, सारभूत समानता र मानव अधिकार सुनिश्चितता गर्न । | आदिवासी जनजाति, मधेशी, मुस्लिम तथा दलितहरूको बहिष्करण निरन्तर कायम रहने ।<br><br>समुदाय तथा आदिवासी जनजातिको सरोकार र समस्याको नीति निर्माणमा प्रतिनिधित्व नहुने अवस्था कायम रहने ।<br><br>प्रतिनिधिसभा असमावेशी बन्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ८६ प्रतिनिधिसभाको गठन र सदस्यहरूको पदावधि: | (१) राष्ट्रियसभा एक स्थायी सदन हुनेछ ।<br><br>(२) राष्ट्रियसभामा देहाय बमोजिमका उनान्साठी सदस्य रहनेछन्:<br><br>(क) प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा संघीय कानून बमोजिम प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुनेगरी प्रत्येक प्रदेशबाट कम्तीमा तीनजना महिला, एकजना दलित र एकजना अपांगता भएका व्यक्ति वा अल्पसंख्यकसहित आठजना गरी निर्वाचित छपन्नजना, | (२) (क) प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचन मण्डलद्वारा संघीय कानून बमोजिम प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा एक तिहाई महिला, समानुपातिक प्रतिनिधित्वको आधारमा हुने आदिवासी जनजातिको संख्या र एकजना अपांगता भएका व्यक्ति, वा अल्पसंख्यकसहित आठजना गरी समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्वाचित छपन्नजना, | समानुपातिक समावेशी सिद्धान्त अनुरुप प्रतिनिधत्व सुनिश्चित गर्न । | यस निर्वाचनको अभ्यासले हालको एक जातीय हैकमवादलाई निरन्तरता दिने ।<br><br>आदिवासी जनजाति, मधेशी, मुस्लिम तथा दलितहरूको बहिष्करण निरन्तर कायम रहने ।<br><br>समुदाय तथा आदिवासी जनजातिको सरोकार र समस्याको नीति निर्माणमा प्रतिनिधित्व नहुने अवस्था कायम रहने ।<br><br>प्रतिनिधिसभा असमावेशी बन्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ८६ प्रतिनिधिसभाको गठन र सदस्यहरूको पदावधिः | (२) (ख) नेपाल सरकारको सिफारिशमा राष्ट्रपतिबाट मनोनित कम्तीमा एकजना महिलासहित तीनजना । | नेपाल सरकारको सिफारिशमा राष्टपतिबाट निर्वाचित हुन नसकेका समुदायबाट मनोनित तीनजना । | समानुपातिक समावेशी सिद्धान्त अनुरुप प्रतिनिधित्व सुनिश्चित गर्न । | राष्ट्रियसभा असमावेशी रहने । |
| धारा ९१ प्रतिनिधिसभाको सभामुख र उपसभामुखः | (१) प्रतिनिधिसभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र प्रतिनिधिसभाका सदस्यहरूले आफूमध्येबाट प्रतिनिधि सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्नेछन् ।<br><br>(२) उपधारा (१) बमोजिम निर्वाचन गर्दा प्रतिनिधिसभाको सभामुख र उपसभामुखमध्ये एकजना महिला हुनेगरी गर्नुपर्नेछ र प्रतिनिधिसभाको सभामुख र उपसभामुख फरक-फरक दलको प्रतिनिधि हुनुपर्नेछ । | (२) उपधारा (१) बमोजिम निर्वाचन गर्दा प्रतिनिधिसभाको सभामुख र उपसभामुखमध्ये एकजना फरक-फरक कार्यकालको लागि फरक-फरक जाति/समुदायका महिला हुनेगरी गर्नुपर्नेछ र प्रतिनिधिसभाको सभामुख र उपसभामुख फरक-फरक दल र समुदायको प्रतिनिधि हुनुपर्नेछ । | समानुपातिक समावेशी सिद्धान्त अनुरुप प्रतिनिधित्व सुनिश्चित गर्न । | प्रतिनिधिसभा र राष्ट्रिय सभाका सभामुख तथा उपसभामुख पदहरूमा सबै जातिको प्रतिनिधित्व रहेको देखाउन नसकिने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा ९२ राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षः | (२) उपधारा (१) बमोजिम निर्वाचन गर्दा राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षमध्ये एकजना महिला हुने गरी गर्नुपर्नेछ । | (२) उपधारा (१) बमोजिम निर्वाचन गर्दा राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्ष भिन्न समुदाय र लिंगको हुने गरी गर्नु पर्नेछ । फरक-फरक कार्यकालका लागि फरक-फरक जाति/समुदायको महिला हुनुपर्ने छ । | समावेशी लोकतन्त्रलाई संस्थागत गर्न । | राज्य असमावेशी हुनेछ । |

भाग-११

न्यायपालिका

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा १२६ न्याय सम्बन्धी अधिकार अदालतबाट प्रयोग हुनेः | (१) नेपालको न्याय सम्बन्धी अधिकार यो संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिनेछ । | (१) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको न्याय प्रणालीः संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको न्याय प्रणाली कानूनी र न्यायिक बहुलतामा आधारित हुने र यो संविधान, अन्य कानून, अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्ड तथा न्यायका मान्य सिद्धान्त अनुसार | नेपालको भौगोलिक, जातीय र सामुदायिक विविधता, विविध प्रथाजनित न्याय प्रणालीलाई मान्यता दिई नेपालको मौलिक न्यायिक पद्धति (Sui Generic Legal System of Nepal) विश्व कानूनी प्रणालीमा स्थापित गर्न ।<br><br>विश्व मानव अधिकार सम्मेलनमा नेपालले प्रतिबद्धता जाहेर गरेको मानव | न्यायमा पहुँच हुन नसक्ने ।<br><br>नेपालको न्याय प्रणाली मौलिकभन्दा पनि अन्य मुलुकको न्याय प्रणालीको नक्कलमा आधारित हुने ।<br><br>न्याय प्रणाली ठालुहरूको निगाहको विषय बन्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिनेछ। | अधिकारको सापेक्षित सिद्धान्त (Theory of Relativism) लाई कार्यान्वयन गर्न।<br><br>सर्वसुलभ, जवाफदेही न्याय प्रदान गरी समाजमा दीगो शान्ति कायम गराउन। | |
| धारा १२७ अदालतहरू: | (१) नेपालमा देहाय बमोजिमका अदालतहरू रहनेछन्:<br>(क) सर्वोच्च अदालत,<br>(ख) उच्च अदालत र<br>(ग) जिल्ला अदालत। | नेपालमा देहाय बमोजिमका अदालतहरू रहनेछन्:<br>(क) संघीय सर्वोच्च अदालत<br>(ख) प्रादेशीक सर्वोच्च अदालत<br>(ग) पुनरावेदन अदालत<br>(घ) शुरु अदालत | एकात्मक न्याय प्रणाली पुनर्संरचना गरी संघीय ढाँचा अनुरुप बनाउन।<br><br>जनता केन्द्रीत न्याय व्यवस्था बनाउन। न्यायमा जनताको सरल पहुँच बढाउन। | न्यायमा पहुँच हुन नसक्ने।<br><br>नेपालको न्याय प्रणाली मौलिकभन्दा पनि अन्य मुलुकको न्याय प्रणालीको नक्कलमा आधारित हुने।<br><br>न्याय प्रणाली ठालुहरूको निगाहको विषय बन्ने।<br><br>न्याय प्रणालीमा एकात्मकता, र एक जातीय बर्चश्व कायम रहने। |
| | **संविधानमा यो व्यवस्था नभएको।** | सामुदायिक न्याय व्यवस्था<br>(२) आदिवासी जनजातिको प्रथा, प्रथाजनित कानून, न्यायिक प्रणाली संचालन गर्ने | न्याय व्यवस्था समुदायमैत्री र विवादको दीगो समाधान गरी समाजमा शान्ति कायम गर्न। | आदिवासीहरूको विशिष्ट पहिचान, संस्कृति आर्थिक, सामाजिक अवस्थाका कारण |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | | संस्थालाई आफ्नो सामुहिक पहिचान, प्रथा, परम्परागत भूमि तथा प्राकृतिक स्रोत, व्यक्तिगत कानून सम्बन्धी विवाद, समुदायगत विवादहरूमा स्थानीय अदालत सरहको क्षेत्राधिकार रहने छ ।<br><br>(३) संघीय सर्वोच्च अदालत, प्रादेशिक उच्च अदालत र स्थानीय अदालतहरूमा आदिवासी जनजातिहरूको पहिचान, संस्कृति, संस्कृतिसँग जोडिएका विषय, समुदायको आन्तरिक विषयहरूसँग सम्बन्धित विवाद हेर्नलाई छुट्टै इजलासको व्यवस्था गर्ने छ ।<br><br>(४) उपधारा (३) बमोजिम मुद्दा सुनुवाई गर्दा आदिवासी जनजातिहरूको प्रथा, परम्परा, रीतिथिति, संस्कृतिको बारेमा जानकारी राख्ने विज्ञ, सम्बन्धित | अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ को धारा ८ द्वारा निर्देशित गरिए अनुसार राष्ट्रिय कानूनको प्रयोगमा आदिवासी जनजातिको प्रथा वा प्रथाजनित कानूनलाई मान्यता दिइनुपर्ने उल्लेख छ । त्यस्तै धारा ८(२)मा आदिवासी जनजातिहरूलाई अन्तर्राष्ट्रिय कानूनसँग मेलखाने गरी प्रथा र प्रथाजनित संस्थाहरूलाई कायम राख्ने अधिकारलाई राज्यले सुनिश्चित गर्नुपर्दछ ।<br><br>साथै आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, २००७ को धारा ३४ अनुसार न्यायिक संस्थालाई कायम राख्ने, विकास गर्ने र प्रवर्द्धन गर्न पाउने अधिकारलाई राज्यले सुनिश्चित गर्नुपर्ने दायित्व पालन गर्ने । | न्याय महंगो र जटील हुने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | समुदायको प्रतिनिधिमूलक वा परम्परागत संस्थाको प्रतिनिधि, आदिवासी जनजाति कानूनविद्समेतको समिति गठन गरिनेछ। समितिको उपस्थिति तथा सिफारिशमा इजलासले मुद्दाको सुनुवाई गर्नेछ ।<br><br>(५) प्रथा, प्रथाजनित कानून अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्ड र यस संविधानसँग मेलखाने गरी प्रयोग गरिने छ । प्रथा प्रथाजनित कानून प्रयोगमा उत्पन्न हुने विवादको समाधानका लागि संघीय तथा प्रादेशिक कानूनमा व्यवस्था गरिनेछ । | | |
| धारा १२९ नेपालको प्रधान न्यायधीश तथा सर्वोच्च | (१) सर्वोच्च अदालतमा नेपालको प्रधान न्यायधीशका अतिरिक्त बढीमा बीसजना न्यायधीश रहनेछन् । | (१) सर्वोच्च अदालतमा नेपालको प्रधान न्यायधीशका अतिरिक्त बढीमा बीसजना न्यायाधीश पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा रहनेछन् । | न्याय क्षेत्रलाई पूर्ण समानुपातिक समावेशी बनाउन । | न्याय प्रणाली असमावेशी बन्ने ।<br><br>न्याय सम्पादनको सन्दर्भमा आदिवासी जनजातिको समस्या |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| अदालतका न्यायधीशको नियुक्ति र योग्यता: | | | | सही ढंगबाट बुझ्ने सम्भावना अत्यन्त न्यून रहने ।<br><br>विगतमा भएको मातृभाषालाई स्थानीय निकायमा बन्देज लगाउने फैसला भएको ।<br><br>उदाहरणको निम्ति-आदिवासी जनजातिको अधिकारको वकालत गर्ने मंगोल नेशनल अर्गानाइजेशन र जनजाति पार्टीलाई राजनीतिक पार्टीको रुपमा दर्ता गर्न बन्देज गर्ने फैसला भएको ।<br><br>त्रिभुवन विश्वविद्यालयमा आदिवासी जनजातिलगायतलाई आरक्षण प्रदान गर्ने प्रयासलाई रोक्ने फैसला, गौवधमा १२ वर्ष सजायँ गर्ने कानूनलाई निरन्तरता दिने फैसला हेर्दा आदिवासी जनजातिको समावेशी नभए उनीहरूको विषयमा न्याय पाउन कठीन हुने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| धारा १३७ संवैधानिक इजलासको गठनः | (१) सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहनेछ । त्यस्तो इजलासमा प्रधान न्यायधीश र न्याय परिषद्को सिफारिशमा प्रधान न्यायधीशले तोकेका अन्य चारजना न्यायधीश रहनेछन् । | (१) एक छुट्टै संवैधानिक अदालत हुनेछ । संवैधानिक अदालतमा प्रदेश आदिवासी जनजाति एवं जातीय विविधता अनुरुपको महिलासहितको पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा एकजना अध्यक्षसहित नौजना सदस्यहरू रहने छन् । | यो अदालतको कामको प्रकृति र यसको क्षेत्रको आधारमा छुट्टै अदालतको रुपमा स्थापित गर्नपर्ने भएको हुँदा ।<br><br>न्याय प्रणाली चुस्त, सक्षम र विश्वसनीय बनाउन । | न्याय प्रणाली चुस्त र सक्षम नहुने । |
| धारा १३७ संवैधानिक इजलासको गठनः | (२) उपधारा (१) बमोजिमको इजलासले धारा १३३ को उपधारा (१) बमोजिम परेका निवेदनको अतिरिक्त देहायका मुद्दाको शुरू कारवाही र किनारा गर्नेछः<br><br>(क) संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीचको अधिकार क्षेत्रको बारेमा भएको विवाद सम्बन्धी, | **थप गर्ने**<br>(ग) संवैधानिक विवादहरू, संघ र प्रदेश, प्रदेश प्रदेशको संविधान, सीमा बारेको विवाद । | विवादहरूको स्पष्ट कानूनी उपचार खोज्न । | कानूनको अभावमा समस्याहरूको हल नहुने र ढीलाई हुने ।<br><br>समुदाय तथा आदिवासी जनजातिको सरोकार र समस्याको नीति निर्माणमा प्रतिनिधित्व नहुने अवस्था कायम रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | (ख) संघीय संसद् वा प्रदेशसभा सदस्यको निर्वाचन सम्बन्धी विवाद र संघीय संसद्का सदस्य वा प्रदेशसभाका सदस्यको अयोग्यता सम्बन्धी । | | | |
| धारा १३९ उच्च अदालतः | (३) प्रत्येक उच्च अदालतमा मुख्य न्यायधीशका अतिरिक्त संघीय कानूनमा व्यवस्था भए बमोजिमको संख्यामा न्यायधीशहरू रहनेछन् । | (३) प्रत्येक उच्च अदालतमा मुख्य न्यायधीशका अतिरिक्त संघीय कानूनमा व्यवस्था भए बमोजिमको संख्यामा समानुपातिक समावेशी सिद्धान्तको अधारमा न्यायाधीशहरू रहनेछन् । | नेपालको अन्तरिम संविधान, २०६३ र पहिलो संविधानसभामा सहमति भइसकेका विषयवस्तुहरू ।<br><br>न्यायपालिकालाई समावेशी बनाउन ।<br><br>आदिवासी जनजाति, दलितलगायत बहिष्कृत समुदायमैत्री न्यायपालिका बनाउन । | न्यायपालिका विश्वसनीय, आदिवासी, दलित, मधेशीमैत्री बन्न चुनौतिपूर्ण बन्ने ।<br><br>न्यायपालिका समान रुपमा जनताप्रति जवाफदेही बन्न नसक्ने । |
| धारा १४९ जिल्ला अदालतमा रिक्त न्यायाधीशको पद देहाय बमोजिम पूर्ति गरिनेछः | (२) (क) रिक्त पदमध्ये बीस प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तीमा तीनवर्ष काम गरेका अधिकृतहरूमध्येबाट जेष्ठता, | (२) (क) रिक्त पदमध्ये बीस प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तीमा तीनवर्ष काम गरेका अधिकृतहरूमध्येबाट जेष्ठता, | न्यायपालिकालाई समावेशी बनाउन ।<br><br>आदिवासी जनजाति, दलितलगायत बहिष्कृत समुदायमैत्री न्यायपालिका बनाउन । | न्यायपालिका विश्वसनीय, आदिवासी, दलित, मधेशीमैत्री बन्न चुनौतिपूर्ण बन्ने ।<br><br>न्यायपालिका समान रुपमा जनताप्रति जवाफदेही बन्न नसक्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | योग्यता र कार्यक्षमताको मूल्यांकनको आधारमा, | योग्यता र कार्यक्षमताको मूल्यांकन गरी पूर्ण समानुपातिक समावेशी सिद्धान्तका आधारमा, | | |
| धारा १४९ जिल्ला अदालतमा रिक्त न्यायधीशको पद देहाय बमोजिम पूर्ति गरिनेछः | (२) (ख) रिक्त पदमध्ये चालीस प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तीमा तीनवर्ष काम गरेका अधिकृतहरूमध्येबाट खुला प्रतियोगितात्मक परीक्षाको आधारमा, | (२) (ख) रिक्त पदमध्ये चालीस प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तीमा तीनवर्ष काम गरेका अधिकृतहरूमध्येबाट खुला प्रतियोगितात्मक परीक्षा लिई पूर्ण समानुपातिक समाबेशी सिद्धान्तका आधारमा, | न्यायपालिकालाई समावेशी बनाउन ।<br><br>आदिवासी जनजाति, दलितलगायत बहिष्कृत समुदायमैत्री न्यायपालिका बनाउन । | न्यायपालिका विश्वसनीय, आदिवासी, दलित, मधेशीमैत्री बन्न चुनौतीपूर्ण बन्ने ।<br><br>न्यायपालिका समान रुपमा जनताप्रति जवाफदेही बन्न नसक्ने । |
| धारा १४९ जिल्ला अदालतमा रिक्त न्यायधीशको पद देहाय बमोजिम पूर्ति गरिनेछः | (२)(ग) रिक्त पदमध्ये बाँकी चालीस प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी अधिवक्ताको रूपमा निरन्तर कम्तीमा आठवर्ष वकालत गरेका, कानूनमा स्नातक उपाधि प्राप्त गरी | (ग) रिक्त पदमध्ये बाँकी चालीस प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी अधिवक्ताको रूपमा निरन्तर कम्तीमा आठवर्ष वकालत गरेका, कानूनमा स्नातक उपाधि प्राप्त गरी न्याय | न्यायपालिकालाई समावेशी बनाउन ।<br><br>आदिवासी जनजाति, दलितलगायत बहिष्कृत समुदायमैत्री न्यायपालिका बनाउन । | न्यायपालिका विश्वसनीय, आदिवासी, दलित, मधेशीमैत्री बन्न चुनौतीपूर्ण बन्ने ।<br><br>न्यायपालिका समान रुपमा जनताप्रति जवाफदेही बन्न नसक्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | न्याय सेवाको राजपत्रांकित पदमा कम्तीमा आठवर्ष काम गरेका वा कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर कम्तीमा आठवर्ष काम गरेका नेपाली नागरिकमध्येबाट खुल्ला प्रतियोगितात्मक परीक्षाको आधारमा । | सेवाको राजपत्रांकित पदमा कम्तीमा आठवर्ष काम गरेका वा कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर कम्तीमा आठवर्ष काम गरेका नेपाली नागरिकमध्येबाट खुल्ला प्रतियोगितात्मक परीक्षा लिई पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा । | | |
| धारा १५३ न्याय परिषदः धारा १५४ न्याय सेवा आयोगः | (१) यस संविधान बमोजिम न्यायधीशको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारवाही, बर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य विषयको सिफारिश गर्न वा परामर्श दिन एउटा न्याय परिषद् रहनेछ, जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्: | **थप्नुपर्ने**<br>उपदफा (१)(घ)(ङ) बमोजिम नियुक्तिको लागि सिफारिश गर्दा (१) का (क) (ख) (ग) (घ) बामोजिमका अध्यक्ष र सदस्य बाहेकका समुदायबाट सिफरिश गर्नुपर्नेछ । | समावेशिता कायम गर्न । | **न्यायपालिकामा** सबैको प्रतिनिधित्व र समावेशिता कायम गर्न असम्भव प्राय रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | (क) प्रधान न्यायधीश-अध्यक्ष (ख) संघीय कानून तथा न्याय मन्त्री-सदस्य<br>(ग) सर्वोच्च अदालतका वरिष्ठतम न्यायधीश एकजना-सदस्य<br>(घ) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिशमा नियुक्त गरेको एकजना कानूनविद्-सदस्य<br>(ङ) नेपाल बार एसोसिएशनको सिफारिशमा राष्ट्रपतिद्वारा नियुक्त कम्तीमा बीसवर्षको अनुभव प्राप्त वरिष्ठ अधिवक्ता वा अधिवक्ता-सदस्य | न्याय सेवा आयोग र लोकसेवा आयोगले निर्णय वा सिफारिश गर्दा देशको विविधतालाई सम्बोधन गर्ने समानुपातिक समावेशिताको सिद्धान्तलाई पूर्णरुपमा पालना गर्नेछ । | | |
| धारा १५४ न्याय सेवा आयोग: | (१) नेपाल सरकारले कानून बमोजिम संघीय न्याय सेवाको राजपत्रांकित पदमा नियुक्ति, सरुवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै | न्याय सेवा आयोग र लोकसेवा आयोगले निर्णय वा सिफारिश गर्दा देशको विविधतालाई सम्बोधन गर्ने समानुपातिक समावेशिताको | नेपालको न्यायपालिकामा व्यप्त रहेको एकल जातीय बर्चश्वलाई परिवर्तन गरी सबैको साझा स्वामित्व रहने न्याय संरचना बनाउने । | आदिवासी जनजातिहरूको पहिचान तथा सामुहिक अधिकार सम्बन्धी समस्याको न्यायपालिकाले सही ढंगले बुझ्न सक्ने वातावरण नबन्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | कर्मचारीलाई विभागीय सजाय गर्दा न्याय सेवा आयोगको सिफारिश बमोजिम गर्नेछ। तर संघीय सरकारी सेवामा बहाल नरहेको व्यक्तिलाई संघीय न्याय सेवाको राजपत्रांकित पदमा नयाँ भर्नाद्वारा स्थायी नियुक्ति गर्दा वा संघीय न्याय सेवाको राजपत्र अनङ्कित पदबाट सोही सेवाको राजपत्रांकित पदमा बढुवा गर्दा नेपाल सरकारले लोक सेवा आयोगको सिफारिश बमोजिम गर्नुपर्नेछ। | सिद्धान्तलाई पूर्णरुपमा पालना गर्नेछ । | न्याय सेवाले देशको विविधता र आदिवासी जनजातिलगायतका समस्यालाई सही ढंगले सम्बोधन हुने गरी न्याय सम्पादन गर्न सक्ने सक्षम न्यायपालिका बनाउन ।<br><br>सामाजिक न्याय र दीगो शान्ति कायम गराउन ।<br><br>न्यायलाई निगाहभन्दा पनि अधिकारको रुपमा स्थापित गर्न । | न्यायपालिले दिने न्यायप्रति आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिमलगायतका समुदायको विश्वास नरहने ।<br><br>भाषा, पहिचान, संस्कृति आदिको आधारमा प्रत्यक्ष र अप्रत्यक्ष विभेद रहने । |
| धारा १५४ न्याय सेवा आयोग: | (२) न्याय सेवा आयोगमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू हुनेछन्: | **थप गर्नुपर्ने**<br>न्याय सेवा आयोग समावेशी हुने छ। | न्याय सेवालाई समानुपातिक रुपमा समावेशी बनाउन । | न्यायसेवा असमावेशी बन्ने प्रवल सम्भावना रहने । |

भाग-१३

प्रदेश कार्यपालिका

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा १६३ प्रदेश प्रमुखको व्यवस्था: | (१) प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख रहनेछ ।<br><br>(२) राष्ट्रपतिले प्रत्येक प्रदेशका लागि एक प्रदेश प्रमुख नियुक्ति गर्नेछ ।<br><br>(३) राष्ट्रपतिले पदावधि समाप्त हुनुभन्दा अगावै निजलाई पदमूक्त गरेमा बाहेक प्रदेश प्रमुखको पदावधि पाँच वर्षको हुनेछ ।<br><br>(४) एउटै व्यक्ति एक पटकभन्दा बढी एकै प्रदेशमा प्रदेश प्रमुख हुन सक्ने छैन । | **हटाउने** | अधिकार सम्पन्न प्रदेश निर्माण गरी जनतालाई शक्ति सम्पन्न बनाउन ।<br><br>प्रदेशको राजनीतिलाई स्थिर बनाउन । | संघीयताको मर्मलाई समाप्त पार्ने । केन्द्र नियन्त्रित प्रदेश हुने, जसको कारण प्रदेशका जनताको सार्वभौम अधिकार कुण्ठित हुने ।<br><br>प्रदेशका जनताले निर्वाध रुपमा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक विकास गर्न नसक्ने । संघीय सरकार स्वेच्छाचारी बन्न सक्ने ।<br><br>प्रदेशको राजनीति अस्थिर हुने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा १६८ प्रदेश मन्त्रिपरिषद्को गठनः | (९) प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिशमा प्रदेशसभाका सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम मुख्यमन्त्रीसहित प्रदेशसभाका कूल सदस्य संख्याको बीस प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्नेछ। | (९) प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिशमा प्रदेशसभाका सदस्यमध्येबाट समानुपातिक समावेशी सिद्धान्त बमोजिम मुख्यमन्त्रीसहित प्रदेशसभाका कूल सदस्य संख्याको बीस प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्नेछ।<br><br>प्रदेशमा थातथलो खुलेका आदिवासी जनजाति समुदाय, लैंगिक विविधता खुल्ने गरी अनिवार्य प्रतिनिधित्व गराउनु पर्नेछ । | पहिलो संविधानसभामा प्रदेशको संरचना समानुपातिक समावेशी बनाउन सहमति भइसकेको ।<br><br>प्रदेशमा सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गराउन ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा नै संस्थागत भएको । पहिलो संविधानसभामा सहमति भएको ।<br><br>समावेशी शासन प्रणालीको माध्यमबाट राज्य संयन्त्रमा साझेदारी कायम गर्न । | प्रदेश एकल जातीय बन्न सक्ने। |

भाग-१४
प्रदेश व्यवस्थापिका

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा १७६ प्रदेशसभाको गठन: | (३) प्रदेशसभाका साठी प्रतिशत सदस्यहरू पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम र चालीस प्रतिशत सदस्यहरू समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुनेछन् । | (३) प्रदेशसभाका चालिस प्रतिशत सदस्यहरू पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम र साठी प्रतिशत सदस्यहरू समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुनेछन् ।<br><br>समानुपातिक प्रतिनिधित्व गराइदा थातथलो खुलेका आदिवासी जनजाति, भिन्न-भिन्न पहिचानसहितका महिलासमेतको प्रतिनिधित्व गराइनेछ । | नेपालको अन्तरिम संविधान, २०६३ मा नै संस्थागत भएको । पहिलो संविधानसभामा सहमति भएको । | भिन्न-भिन्न पहिचानसहितका प्रतिनिधित्व र समावेशी राज्य बन्न नसक्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा १७६ प्रदेशसभाको गठन: | (६) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेशसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पीछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुनेछ। त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ। | सम्बन्धित राजनीतिक पार्टीले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत जितेको सीटमा प्रतिनिधि मनोनयन गर्दा भिन्न-भिन्न पहिचानसहितका महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, थारुको अनिवार्य प्रतिनिधित्व गराउन पर्नेछ। | समानुपातिक निर्वाचन प्रणाली ऐतिहासिक विभेदमा परेकाहरूलाई वितरणको न्यायिक सिद्धान्त (Doctrine of Distributive Jusitce) को आधारमा राज्य संयन्त्रमा समानता/सारभूत समानता कायम गराउने उपाय भएको हुनाले यो व्यवस्था गर्नु जरुरी छ। | २५० वर्षभन्दा बढी बर्चस्व कायम गरेकाहरूको नै अत्यधिक प्रतिनिधित्व कायम हुने। |
| धारा १७६ प्रदेशसभाको गठन: | (९) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशसभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाई सदस्य | (९) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशसभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाई सदस्य | आदिवासी जनजाति, दलित, मुस्लिम, मधेशी, पिछडावर्गलगायतका महिलाको समुचित प्रतिनिधित्व गराउन। | एकल जातीय राज्य कायम रहने। |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | महिला हुनु पर्नेछ । त्यसरी निर्वाचित गर्दा उपधारा (१) को खण्ड (क) बमोजिम निर्वाचित सदस्यहरूमध्ये कुनै राजनीतिक दलको एक तिहाई सदस्य महिला निर्वाचित नभएमा त्यस्तो राजनीतिक दलले सोही उपधाराको खण्ड (ख) बमोजिम सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट प्रदेशसभामा निर्वाचित हुने कूल सदस्यको कम्तीमा एक तिहाई महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्नेछ । | महिला हुनु पर्नेछ । त्यसरी निर्वाचित गर्दा उपधारा (१) को खण्ड (क) बमोजिम निर्वाचित सदस्यहरूमध्ये कुनै राजनीतिक दलको एक तिहाई सदस्य महिला निर्वाचित नभएमा त्यस्तो राजनीतिक दलले सोही उपधाराको खण्ड (ख) बमोजिम सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट प्रदेशसभामा निर्वाचित हुने कूल सदस्यको कम्तीमा एक तिहाई महिला सदस्य हुने गरी निर्वाचित गर्नु पर्नेछ ।<br><br>**उपधारा थप गर्नुपर्ने**<br>९ (क) उपधारा (९) बमोजिम हुने महिला सदस्यहरूमा भिन्न-भिन्न पहिचानसहितका महिला हुनुपर्नेछ । | | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा १८२ प्रदेशसभाको सभामुख र उपसभामुखः | (२) उपधारा (१) बमोजिम निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुखमध्ये एकजना महिला हुनेगरी गर्नुपर्नेछ र प्रदेश सभामुख वा प्रदेश उपसभामुख फरक-फरक दलको प्रतिनिधि हुनु पर्नेछ । तर प्रदेशसभामा एकभन्दा बढी दलको प्रतिनिधित्व नभएको वा प्रतिनिधित्व भएर पनि उम्मेदवारी नदिएको अवस्थामा एकै दलको सदस्य प्रदेश सभामुख वा प्रदेश उपसभामुख हुन बाधा पर्ने छैन । | (२) उपधारा (१) बमोजिम निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुखमध्ये एकजना महिला हुनेगरी गर्नु पर्नेछ र प्रदेश सभामुख वा प्रदेश उपसभामुख फरक-फरक समुदाय र दलको प्रतिनिधि हुनु पर्नेछ। तर प्रदेश सभामा एकभन्दा बढी दलको प्रतिनिधित्व नभएको वा प्रतिनिधित्व भएर पनि उम्मेदवारी नदिएको अवस्थामा एकै दलको सदस्य भिन्न भिन्न समुदाय तथा लिंगमध्येबाट प्रदेश सभामुख वा प्रदेश उपसभामुख हुन बाधा पर्ने छैन । | महिला तथा समुदायभित्रको विविधतालाई सम्बोधन गर्न । | एकल जातीय प्रतिनिधित्व हुन सक्ने । |

भाग-१५

प्रदेश व्यवस्थापन कार्यविधि

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| धारा १९७ प्रदेशसभाको व्यवस्थापिकीय अधिकार: | प्रदेशसभाको व्यवस्थापिकीय अधिकार अनुसूची-६, अनुसूची-७ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ । | प्रदेशसभाको व्यवस्थापिकीय अधिकार अनुसूची-६, अनुसूची-७ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ । | | |

भाग-१६

प्रदेश आर्थिक कार्यप्रणाली

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| धारा २०३ कर लगाउन वा ऋण लिन नपाइने: | (१) कानून बमोजिम बाहेक प्रदेशमा कुनै कर लगाइने र उठाइने छैन ।<br><br>(२) संघीय कानून बमोजिम बाहेक प्रदेश सरकारले कुनै ऋण लिने र जमानत दिने छैन । | (१) प्रदेशको कानून बमोजिम बाहेक प्रदेशमा कुनै कर लगाइने र उठाइने छैन ।<br><br>(२) प्रदेश कानून बमोजिम बाहेक प्रदेश सरकारले कुनै ऋण लिने र जमानत दिने छैन । | प्रदेशलाई अधिकार सम्पन्न र स्वनिर्भर बनाउन । | प्रदेश हालको जिल्लाभन्दा कमजोर हुने र अधिकार केन्द्रीकरण हुने । |

भाग-१७

स्थानीय कार्यपालिका

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २१४ स्थानीय तहको कार्यकारिणी अधिकारः | (१) स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र संघीय कानूनको अधीनमा रही गाउँकार्यपालिका वा नगरकार्यपालिकामा निहित रहनेछ । | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ ।<br><br>स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ । | राज्यको नयाँ संरचना निर्माण गर्न ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भई पहिलो संविधानसभामा सहमति भइसकेको हुनाले । | एकात्मक राज्य संरचना कायम रहने । |
| धारा २१४ स्थानीय तहको कार्यकारिणी अधिकारः | (२) स्थानीय कार्यकारिणी अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ । | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ ।<br><br>स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ । | राज्यको नयाँ संरचना निर्माण गर्न ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भई पहिलो संविधानसभामा सहमति भइसकेको कारण । | एकात्मक राज्य संरचना कायम रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २१४ स्थानीय तहको कार्यकारिणी अधिकारः | (३) यो संविधान र अन्य कानूनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँकार्यपालिका र नगरकार्यपालिकाको हुनेछ। | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ । स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ । | राज्यको नयाँ संरचना निर्माण गर्न ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भई पहिलो संविधानसभामा सहमति भइसकेको हुनाले । | |
| धारा २१४ स्थानीय तहको कार्यकारिणी अधिकारः | (४) गाउँपालिका र नगरपालिकाका कार्यकारिणी कार्य गाउँकार्यपालिका र नगरकार्यपालिकाको नाममा हुनेछ । | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ ।<br><br>स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ । | राज्यको नयाँ संरचना निर्माण गर्न ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भई पहिलो संविधानसभामा सहमति भइसकेको हुनाले । | एकात्मक राज्य संरचना कायम रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २१५ गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था: | (४) धारा २२२ बमोजिमको गाउँसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँसभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चारजना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका दुईजना सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुनेछन् । | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ ।<br><br>स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ । | राज्यको अग्रगामी नयाँ संरचना निर्माण गर्न ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भइसकेको ।<br><br>पहिलो संविधानसभामा पनि सहमति भइसकेको विषय भएको हुनाले । | एकात्मक राज्य संरचना कायम रहने । |
| धारा २१६ नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था: | (४) धारा २२३ बमोजिमको नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफू | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ । | राज्यको नयाँ संरचना निर्माण गर्न ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भई पहिलो संविधानसभामा सहमति भइसकेको हुनाले । | एकात्मक राज्य संरचना कायम रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | मध्येबाट निर्वाचित गरेका पाँचजना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेका तीनजना सदस्य समेत नगर कार्यपालिकाको सदस्य हुने छन् । | स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ। | राज्यको नयाँ संरचना निर्माण गर्न । नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भई पहिलो संविधानसभामा सहमति भइसकेको हुनाले । | |
| धारा २१७ न्यायिक समिति: | (१) कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेछ। | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ ।स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ । | राज्यको अग्रगामी नयाँ संरचना निर्माण गर्न ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भइसकेको ।<br><br>पहिलो संविधानसभामा पनि सहमति भइसकेको विषय भएको हुनाले । | एकात्मक राज्य संरचना कायम रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| धारा २१७ न्यायिक समितिः | (२) उपधारा (१) बमोजिमको न्यायिक समितिमा गाउँसभा वा नगरसभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरू रहनेछन् । | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ । | राज्यको अग्रगामी नयाँ संरचना निर्माण गर्न ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भइसकेको ।<br><br>पहिलो संविधानसभामा पनि सहमति भइसकेको विषय भएको हुनाले । | एकात्मक राज्य संरचना कायम रहने । |
| धारा २१८ गाउँ-कार्यपालिका र नगर-कार्यपालिकाको कार्य सञ्चालनः | गाउँकार्यपालिका र नगर-कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुनेछ । | स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ । | राज्यको अग्रगामी नयाँ संरचना निर्माण गर्न ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भइसकेको ।<br><br>पहिलो संविधानसभामा पनि सहमति भइसकेको विषय भएको हुनाले । | एकात्मक राज्य संरचना कायम रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २२० जिल्लासभा र जिल्लासमन्वय समितिः | (३) जिल्लासभाले एकजना प्रमुख, एकजना उपप्रमुख, कम्तीमा तीनजना महिला र कम्तीमा एकजना दलित वा अल्पसंख्यकसहित बढीमा नौजना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्लासभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ । | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ ।<br><br>स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ । | राज्यको अग्रगामी नयाँ संरचना निर्माण गर्न पर्ने हुनाले ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भइसकेको हुनाले ।<br><br>पहिलो संविधानसभामा पनि सहमति भइसकेको विषय भएको हुनाले । | एकात्मक राज्य संरचना कायम रहने । |

भाग-१८

स्थानीय व्यवस्थापिका

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २२१ स्थानीय तहको व्यवस्थापिकीय अधिकारः | (१) यस संविधानको अधीनमा रही स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँसभा र नगरसभामा निहित रहनेछ । | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ । | राज्यको अग्रगामी नयाँ संरचना निर्माण गर्न पर्ने हुनाले ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भइसकेको हुनाले । | एकात्मक राज्य संरचना कायम रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | (२) गाउँसभा र नगरसभाको व्यवस्थापिकीय अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ । | स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ । | पहिलो संविधानसभामा पनि सहमति भइसकेको विषय भएको हुनाले ।<br><br>राज्यको अग्रगामी नयाँ संरचना निर्माण गर्न पर्ने हुनाले । | |
| धारा २२२ गाउँसभाको गठनः | (२) उपधारा (१) बमोजिमको गाउँसभामा गाउँकार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१५ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन् । | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ ।<br><br>स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ । | नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भइसकेको हुनाले ।<br><br>पहिलो संविधानसभामा पनि सहमति भइसकेको विषय भएको हुनाले ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भई पहिलो संविधानसभामा सहमति भइसकेको हुनाले । | एकात्मक राज्य संरचना कायम रहने । |
| धारा २२२ गाउँसभाको गठनः | (३) उपधारा (१) बमोजिम गठन हुने गाउँसभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ । | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ । | नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भइसकेको हुनाले ।<br><br>पहिलो संविधानसभामा पनि सहमति भइसकेको विषय भएको हुनाले । | एकात्मक राज्य संरचना कायम रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | | स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ । | नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भई पहिलो संविधानसभामा सहमति भइसकेको हुनाले । | |
| धारा २२२ गाउँसभाको गठनः | (४) संघीय कानून बमोजिम गाउँपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुनेछ । | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ ।<br><br>स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ । | राज्यको अग्रगामी नयाँ संरचना निर्माण गर्न पर्ने हुनाले ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भइसकेको हुनाले ।<br><br>पहिलो संविधानसभामा पनि सहमति भइसकेको विषय भएको हुनाले । | एकात्मक राज्य संरचना कायम रहने । |
| धारा २२३ नगरसभाको गठनः | (२) उपधारा (१) बमोजिमको नगरसभामा नगरकार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१६ को उपधारा (४) बमोजिम | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ ।<br><br>स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका | राज्यको अग्रगामी नयाँ संरचना निर्माण गर्न पर्ने हुनाले ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भइसकेको हुनाले । | एकात्मक राज्य संरचना कायम रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहनेछन् । | आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ । | पहिलो संविधानसभामा पनि सहमति भइसकेको विषय भएको हुनाले । | |
| धारा २२३ नगरसभाको गठनः | (३) उपधारा (१) बमोजिम गठन हुने नगरसभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ । | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ ।<br><br>स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ । | राज्यको अग्रगामी नयाँ संरचना निर्माण गर्न ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भइसकेको हुनाले ।<br><br>पहिलो संविधानसभामा पनि सहमति भइसकेको विषय भएको हुनाले । | एकात्मक राज्य संरचना कायम रहने । |
| धारा २२३ नगरसभाको गठनः | (४) संघीय कानून बमोजिम नगरपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ । | स्थानीय निकायहरू प्रदेशसभाले पारित गरेको कानूनबमोजिम स्थापना र संचालन गरिनेछ । | राज्यको अग्रगामी नयाँ संरचना निर्माण गर्न पर्ने हुनाले ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भइसकेको हुनाले । | एकात्मक राज्य संरचना कायम रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुनेछ । | स्थानीय निकायहरू जातीय, भाषिक, लैंगिक र पहिचानका आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्माण गरिनेछ । | पहिलो संविधानसभामा पनि सहमति भइसकेको विषय भएको हुनाले । | |

भाग-२३

लोक सेवा आयोग

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २४२ लोक सेवा आयोग: | (१) नेपालमा लोक सेवा आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन् । | (१) नेपालमा लोक सेवा आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन् ।<br><br>**थप गर्नुपर्ने:**<br>आयोगको अध्यक्ष र सदस्यहरू पूर्ण भिन्न पहिचान सहितको महिला समानुपातिक समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिनेछ । | नेपालको अन्तरिम संविधान, २०६३ मा नै समानुपातिक समावेशी संस्थगत भएको हुनाले । | एकल जातीय वर्चश्व कायम रहने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २४४ प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्थाः | (३) उपधारा (२) को प्रयोजनका लागि संघीय संसद्ले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्नेछ । | खारेज गर्नुपर्ने र प्रदेशले कानून बनाई काम कर्तव्य अधिकार तोक्नेछ भन्ने थप गर्ने । | पहिलो संविधानसभामा सहमति भएको हुनाले । | निजामतिलगायतका सेवाहरूमा एकल जातीय बर्चश्व कायम रहने । |

भाग-२४

निर्वाचन आयोग

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २४५ निर्वाचन आयोगः | (१) नेपालमा एक निर्वाचन आयोग रहनेछ, जसमा प्रमुख आयुक्त र अन्य चारजना आयुक्त रहनेछन् । प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछ । | (१) नेपालमा एक निर्वाचन आयोग रहनेछ, जसमा प्रमुख आयुक्त र अन्य चारजना आयुक्त रहनेछन् ।<br><br>**थप गर्नुपर्ने**<br>आयोगको अध्यक्ष र सदस्य पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा नियुक्त गरिनेछ । | नेपालको अन्तरिम संविधान, २०६३मा नै समानुपातिक समावेशी संस्थगत भएको हुनाले ।<br><br>हालको व्यवस्था प्रतिगमनकारी भएकोले । | राजनीतिक क्षेत्रमा एकलजातीय बर्चश्व कायम गराउने । |

भाग-२५

राष्ट्रिय मानव अधिकार आयोग

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २४८ राष्ट्रिय मानव अधिकार आयोगः | (१) नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग रहनेछ, जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन् । | (१) नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग रहनेछ, जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन् ।<br><br>**थप गर्नुपर्नेः**<br>आयोगको अध्यक्ष र महिलासहितको सदस्य भिन्न-भिन्न पहिचानको प्रतिनिधित्व रहनेगरी पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा नियुक्त गरिनेछ । | नेपालको अन्तरिम संविधान, २०६३ मा नै समानुपातिक समावेशी संस्थगत भएको हुनाले ।<br><br>हालको व्यवस्था प्रतिगमनकारी भएकोले । | आदिवासी जनजातिको मानव अधिकारको उल्लंघनमा सही ढंगले अनुगमन हुन नसक्ने । |

भाग-२६

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २५० राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग: | (१) नेपालमा एक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग रहनेछ, जसमा अध्यक्षसहित बढीमा पाँचजना सदस्य रहनेछन् । | (१) नेपालमा एक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग रहनेछ, जसमा अध्यक्षसहित बढीमा पाँचजना सदस्य रहनेछन् ।<br><br>**थप गर्नुपर्ने**<br>आयोगको अध्यक्ष र सदस्य भिन्न-भिन्न पहिचानसहितका लिंग र समुदायको प्रतिनिधित्व हुनेगरी पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिनेछ । | नेपालको अन्तरिम संविधान, २०६३ मा नै समानुपातिक समावेशी संस्थगत भएको हुनाले ।<br><br>हालको व्यवस्था प्रतिगमनकारी भएकोले । | आदिवासी जनजातिको मानव अधिकारको उल्लंघनमा सही ढंगले अनुगमन हुन नसक्ने । |

भाग-२७

अन्य आयोगहरू

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| धारा २५२ राष्ट्रिय महिला आयोग: | (१) नेपालमा एक राष्ट्रिय महिला आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन् । | (१) नेपालमा एक राष्ट्रिय महिला आयोग रहनेछ, जसमा अध्यक्ष र अन्य चारजना सदस्यहरू रहनेछन् ।<br><br>**थप गर्नुपर्ने**<br>आयोगको अध्यक्ष र सदस्य भिन्न-भिन्न पहिचानसहितका महिलाहरूको प्रतिनिधित्व हुनेगरी पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिनेछ । | नेपालको अन्तरिम संविधान, २०६३ मा नै समानुपातिक समावेशी संस्थगत भएको हुनाले ।<br><br>हालको व्यवस्थाले एकल जातीय संरचना कायम गर्ने प्रतिगमनकारी भएकोले । | एकल जातीय हुन सक्ने । |
| धारा २५८ राष्ट्रिय समावेशी आयोग: | (१) नेपालमा एक राष्ट्रिय समावेशी आयोग रहनेछ, जसमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहनेछन् । | (१) नेपालमा एक राष्ट्रिय समावेशी आयोग रहनेछ, जसमा अध्यक्ष र महिलासमेत अन्य चार जनासम्म सदस्य रहनेछन् ।<br><br>अध्यक्ष र सदस्यहरू पूर्ण समानुपातिक समावेशीको आधारमा नियुक्ति गरिनेछ । | नेपालको अन्तरिम संविधान, २०६३ मा नै समानुपातिक समावेशी संस्थगत भएको हुनाले ।<br><br>हालको व्यवस्थाले एकल जातीय बर्चश्व कायम गर्ने र प्रतिगमनकारी भएकोले । | एकल जातीय हुन सक्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २५९ राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार: | (क) खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय तथा पीछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्गलगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने, | (क) पिछडा वर्ग, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय तथा पीछडिएकोवर्ग, तथा आर्थिक रूपले विपन्न वर्गलगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने, | ऐतिहासिक विभेद्मा परेकाहरूलाई समावेशी लोकतन्त्रको माध्यमबाट सारभूत रुपमा समान बनाउन । | यो समावेशी सिद्धान्तले एकल जातीय राज्य कायम राख्ने । |
| धारा २६१ आदिवासी जनजाति आयोग: | (१) नेपालमा एक आदिवासी जनजाति आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहनेछन् । | (१) नेपालमा एक संघीय आदिवासी जनजाति आयोग हुनेछ, जसमा आदिवासी जनजाति समुदायमध्येबाट समानुपातिक प्रतिनिधित्व र समावेशिताको आधारमा एकजना अध्यक्ष र महिलासमेत अन्य पाँच जना सदस्यहरू रहनेछन् । | सवैधानिक र स्वायत्त आयोग बनाउन। पहिलो संविधानसभामा सहमति भइसकेको ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भइसकेको । | आदिवासी जनजातिको मानव अधिकार संरक्षण हुन नसक्ने र आदिवासी जनजातिहरूको समावेशीकरण सही रुपमा हुन नसक्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | (२) उपधारा (३) र (५) को योग्यता भएको व्यक्तिहरू मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि आदिवासी जनजाति आयोगका अध्यक्ष र सदस्यहरूको रुपमा नियुक्ति गर्नेछ। निजहरूको थप एककार्यकालका लागि पुनर्नियुक्ति हुन सक्नेछ । तर,<br>(क) सो पदावधि पूरा हुन अगावै आदिवासी जनजाति आयोगको अध्यक्ष वा सदस्यको उमेर पैंसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) आदिवासी जनजाति आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायधीश सरह समान आधारमा | | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | | र समान तरिकाले सो पदबाट हटाउनसकिनेछ ।<br>**वैकल्पिक व्यवस्था:**<br>कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिकासभाले अनुमोदन गर्नुपर्नेछ ।<br>(३) आदिवासी जनजाति आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दशवर्ष आदिवासी जनजाति हकहित वा आदिवासी जनजाति विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।<br><br>(४) देहायका अवस्थामा आदिवासी जनजाति आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ,<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा, | | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | | (ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br><br>(५) आदिवासी जनजाति आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ,<br>(क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट न्यूनतम स्नातक उपाधि प्राप्त गरेको<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजायँ नपाएको तथा | | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | उच्च सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) आदिवासी जनजाति आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । आदिवासी जनजाति आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्नेगरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैन ।<br><br>(७) आदिवासी जनजाति आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) आदिवासी जनजाति आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न | | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिने छ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानवीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन । | | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २६१ आदिवासी जनजाति आयोगको काम कर्तव्य अधिकार: | (४)...आदिवासी जनजाति आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुने छ । | १) नेपालमा भएका आदिवासी जनजाति सम्बन्धी अध्ययन तथा अन्वेषण गरी त्यस सम्बन्धमा गर्नुपर्ने उपयुक्त विषयसमेत पहिचान गरी नेपाल सरकारलाई सिफारिश गर्ने ।<br><br>२) आदिवासी जनजातिहरूको भाषा तथा संस्कृतिको जगेर्ना एवं तिनीहरूको उत्थान र विकासका निम्ति आदिवासी जनजाति हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जूमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br><br>३) आदिवासी जनजाति उत्थान तथा हितमा भएका विशेष व्यवस्थालगायत आदिवासी जनजाति हकहितसँग सम्बन्धित प्रचलित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनको प्रभावकारी | | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | रुपमा पालना भए वा नभएको विषयमा अनुगमन, अनुसन्धान, तहकिकात गरी पालना वा कार्यान्वयन नभएको भए पालना नगर्ने सम्बन्धित संस्था वा अधिकारीलाई कारवाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने । <br><br> ४) आदिवासी जनजाति अधिकार सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने । <br><br> ५) आदिवासी जनजातिको विशिष्ट पहिचानलाई कायम राख्दै दीगो शान्ति तथा विकासका लागि तथा राज्यका सबै अंगहरूमा | | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br><br>६) कानूनद्वारा तोकिएको अन्य कार्य गर्ने । | | |
| धारा २६१ आदिवासी जनजाति आयोगका अध्यक्ष तथा सदस्यको योग्यता, पद रिक्त हुने अवस्था, पारिश्रमिक र सेवाका शर्तहरू: | **नभएको** | आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्नेगरी सुम्पन सक्ने छ । | पहिलो संविधानसभामा सहमति भएको । आदिवासी जनजातिहरूसँग भएको सम्झौतामा उल्लेख भएको । | आयोगलाई सक्षम र स्वायत्त बनाउन । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | (८) कुनैपनि राजनीतिक दलमा आवद्ध रही सक्रिय रहेको वा संगठित सदस्य रहेको व्यक्ति आयोगमा नियुक्ति हुनुको निमित्त ग्राह्य हुने छैन । | | |
| आदिवासी जनजाति आयोगका अध्यक्ष तथा सदस्यको अवस्था, पारिश्रमिक र सेवाका शर्तहरू: | **नभएको** | (४) आयोगको अध्यक्ष वा अन्य पदाधिकारीहरूको पारिश्रमिक सेवा सुविधा यस संविधानमा राष्ट्रिय मानव अधिकार आयोगलाई तोकिए सो सरहको सेवा शर्त जस्तै हुने छ । | संवैधानिक आयोगहरूमा समञ्जस्यता कायम गराउन । | आदिवासी आयोग प्रभावकारी नबन्ने ।<br><br>आयोग संविधानमा उल्लेख गरे तापनि गठन हुन नसक्ने । |
| धारा २६३ थारू आयोग: | (१) नेपालमा एक थारू आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहनेछन् ।<br><br>(२) थारू आयोगका अध्यक्ष तथा सदस्यको योग्यता, पद | थारु आयोगको अध्यक्ष वा अन्य पदाधिकारीहरूको पारिश्रमिक सेवा शर्तहरू यस संविधानमा राष्ट्रिय मानव अधिकार आयोगलाई तोकिएको सेवा शर्त जस्तै हुनेछ । | संवैधानिक आयोगहरूमा समञ्जस्यता कायम गराउन । | थारु आयोग प्रभावकारी नबन्ने ।<br><br>आयोग संविधानमा उल्लेख गरे तापनि गठन हुन नसक्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | रिक्त हुने अवस्था, पारिश्रमिक र सेवाका शर्तहरू संघीय कानून बमोजिम हुनेछ । | | | |
| धारा २६३ थारू आयोगको काम कर्तव्य अधिकारः | (४) आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ । | (४) थारुहरूको विशिष्ट पहिचानलाई कायम राख्दै दीगो विकास तथा शान्तिका लागि तथा राज्यका सबै अंगहरूमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br><br>(५) थारुहरूको भाषा तथा संस्कृतिको जगेर्ना एवं तिनीहरूको उत्थान र विकासका निम्ति आदिवासी जनजाति हितसँग सरोकार | संवैधानिक आयोग भएको हुँदा संविधानमा नै आयोगको योग्यता, पदरिक्तता, पारिश्रामिक, सेवा, काम कर्त्तव्य र अधिकार को उल्लेख गर्नुपर्ने । आदिवासी, मधेशी, मुस्लिम र थारु आयोग बाहेक सबै आयोगको सम्पूर्ण व्यवस्था संविधानमा नै गरिएको हुनाले उल्लिखित अन्य आयोगहरूको सोही बमोजिम व्यवस्था हुन आवश्यक छ । | आदिवासी आयोग प्रभावकारी नबन्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | | राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जूमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br><br>(६) कानूनद्वारा तोकिएको अन्य कार्य गर्ने । | | |
| धारा २६५ आयोगको पुनरावलोकनः | यस भाग बमोजिम गठन भएका आयोगहरूको संघीय संसद्ले यो संविधान प्रारम्भ भएको मितिले दश वर्षपछि पुनरावलोकन गर्नेछ । | अनावश्यक धारा | विभेद्पूर्ण व्यवस्था । | आयोगहरू अस्थायी प्रकृतिको बन्ने । |

भाग-२८

सुरक्षा र सेना सम्बन्धी व्यवस्था

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २६७ नेपाली सेना सम्बन्धी व्यवस्था: | (१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि यस संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको एक संगठन रहने छ। | (१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि यस संविधानप्रति प्रतिबद्ध समानुपातिक समावेशी नेपाली सेनाको एक संगठन रहने छ। | संविधानको प्रस्तावनामा संरक्षित, राज्यको हरेक अंग र निकायमा समानुपातिक समावेशीको सिद्धान्तलाई कार्यान्वयन गर्न।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भइसकेको। | सेनामा समावेशी नहुने। |
| धारा २६७ नेपाली सेना सम्बन्धी व्यवस्था: | (३) नेपाली सेनामा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पीछडा वर्ग तथा पीछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानून बमोजिम सुनिश्चित गरिने छ। | (३) नेपाली सेनामा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग तथा पीछडिएको क्षेत्रका नागरिकको प्रवेश समानुपातिक समावेशी सिद्धान्तको आधारमा संघीय कानून बमोजिम सुनिश्चित गरिने छ। | संविधानको प्रस्तावनामा संरक्षित, राज्यको हरेक अंग र निकायमा समानुपातिक समावेशीको सिद्धान्तलाई कार्यान्वयन गर्न।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ मा संस्थागत भइसकेको। | सेनामा समावेशी नहुने। |

**नयाँ थप गर्नुपर्ने व्यवस्था**

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २६८ नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान संगठन सम्बन्धी व्यवस्था: | (१) संघमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग रहने छन् ।<br><br>(२) प्रत्येक प्रदेशमा प्रदेश प्रहरी संगठन रहने छ । | समानुपातिक समावेशी सिद्धान्त अनुरुप समावेशी प्रकृतिको हुनेछ । | सेना सशस्त्र र जनपद प्रहरीमा समावेशिता कायम गर्न । | एकल जातीय बर्चश्व रहने । |

भाग-२९

राजनीतिक दल सम्बन्धी व्यवस्था:

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २६९ राजनीतिक दलको गठन, दर्ता र सञ्चालन । | (ग) दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ । | (ग) दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ । | संविधानको प्रस्तावना अनुरुप राजनीतिक दलहरूलाई राष्ट्रिय स्वरुप प्रदान गर्न ।<br><br>राजनीतिक संरचना समावेशी र सबै वर्ग समुदायप्रति जवाफदेही, विभेद र बहिष्करणरहित बनाउन । | एकल जातीय बन्न सक्ने ।<br><br>राजनीतिक दलहरूले आदिवासी जनजातिको समस्या र सवाललाई सम्बोधन गर्न नसक्ने । |

भाग-३३

संक्रमणकालीन व्यवस्था

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| धारा २८९ | पदाधिकारीको नागरिकता सम्बन्धी विषेश व्यवस्था । <br><br> राष्ट्रपति, उपराष्ट्रपतिलगायतका राज्यका प्रमुख पदहरूमा निर्वाचित, मनोनित वा नियुक्ति हुन बंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको हुनुपर्ने । | धारा हटाउन पर्ने | अन्तरिम संविधानभन्दा पछाडि गएको । नागरिकबीच विभाजन गरेको । समानताको सिद्धान्त विपरीत रहेको । <br><br> अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं.१६९ र आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले प्रदान गरेको सीमाना वारपार गर्ने अधिकार दिएको छ । | राणाकालका शासकहरूले वर्गीकृत गरेका (ए क्लास, बी क्लास, सी क्लास) झैं नागरिक वर्गीकरण हुने । <br><br> आफ्ना पुर्ख्यौली थातथलोलाई नेपाल, भारत र चीनको सीमानाले विभाजित बनाएका र सीमाना नजिकै बस्ने आदिवासी जनजाति तथा मधेशी समुदायलाई लक्षित गरी विभेद गरिएको । |
| धारा ३०० पुनरावेदन अदालतका अतिरिक्त न्यायधीशहरू: | (६) यो संविधान प्रारम्भ हुँदाका बखत बहाल रहेका पुनरावेदन अदालतका अतिरिक्त न्यायधीशहरू नियुक्ति हुँदा तोकिएको अवधिसम्म बहाल रहन सक्नेछन् । | अन्य न्यायधीशहरू सरहको व्यवस्था गर्ने वा सबै न्यायधीशहरूलाई कार्यक्षमताको आधारमा पुनर्नियुक्ति गर्ने व्यवस्था गर्नुपर्ने । | न्यायधीशहरूमा विभेद भएको हुनाले । | समावेशी रुपमा मधेशी, जनजाति, महिलाहरू न्यायधीशका रुपमा नियुक्ति भएकाहरूको अवधि समाप्त हुने । |

**नयाँ थप गर्नुपर्ने व्यवस्था**

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| आत्मनिर्णयको अधिकार: | **नभएको** | धारा १९ (१) आदिवासी जनजातिलाई आत्मनिर्णयको हक हुनेछ। यसको आधारमा उनीहरूलाई स्वतन्त्रपूर्वक राजनीतिक अवस्था निर्धारण गर्ने, आर्थिक, सामाजिक र साँस्कृतिक विकास गर्ने, आफ्नो परम्परागत भूमि तथा प्राकृतिक स्रोतको स्वमित्व, नियन्त्रण, प्रयोग, उपभोग र व्यवस्थापन गर्ने छन्।<br><br>(२) आदिवासी जनजातिले आत्मनिर्णयको हक स्वायत्तता र स्वशासनमार्फत अभ्यास गर्ने छन्।<br><br>(३) आदिवासी जनजातिलाई सबै क्षेत्र र तहका निर्णय गर्ने राज्य संरचनामा जातीय जनसंख्याको आधारमा | पहिलो संविधान सभाले पारित गरेको।<br><br>विभेद्, बहिष्करण, अधीनस्थता, असमानता, शोषण आदि अमानवीय कार्यलाई रोकी समानता, स्वतन्त्रता, स्वधीनतालाई सुनिश्चित गर्न। जन्मसिद्ध, अहरणीय र अविभाज्य आत्मनिर्णयको अधिकारलाई संविधानमा लिपिबद्ध गर्न यो व्यवस्था गर्न आवश्यक छ ।<br><br>आत्मनिर्णयको अधिकार संयुक्त राष्ट्र संघको बडापत्रको धारा १, नेपाल पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध (ICCPR), १९६६ को धारा १ र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध (ICESCR), १९६६ को धारा १ मा प्रत्याभूत गरिएका छन्। ICCPR र ICESCR को धारा १ अनुसार सबै जनताको आत्मनिर्णयको अधिकार हुने, | आदिजासी जनजातिको बहिष्करण, विभेद र उनीहरूप्रति गरिने राजनीतिक, भाषिक, आर्थिक, साँस्कृतिक, समाजिक दमन कायम रहने। उनीहरू रुपमा नेपाली देखिए तापनि सारमा शासकको अधीनस्थ भएर वा शासक जातिले जति निगाहमा दिन्छ त्यतिमा चित्त बुझाएर बस्नु पर्ने। |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | | समानुपातिक समावेशीको आधारमा प्रतिनिधित्वको हक हुनेछ । राज्यले छुट्टै निर्वाचन क्षेत्र र प्रणालीलगायतका उपायद्वारा आदिवासी जनजातिलाई समान हैसियत र अधिकार उपभोग गराउने व्यवस्था गर्नुपर्ने छ । | स्वतन्त्र रुपमा राजनीतिक अवस्था निर्धाण गर्न पाउने र स्वतन्त्र रुपमा आर्थिक, सामाजिक र साँस्कृतिक विकास अवलम्वन गर्न पाउने र जीविका उपार्जनको साधनबाट कुनै पनि हालतमा बन्चित गर्न नमिल्ने उल्लेख छ ।<br><br>आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र (UNDRIP), २००७ को धारा ३ मा आदिवासीहरूको आत्मनिर्णयको अधिकार हुने कुराको प्रत्याभूति गरिएको छ। ICCPR र ICESCR ले गरेको व्यवस्थासँग मिल्दोजुल्दो व्यवस्था रहेको छ। तर घोषणापत्रको धारा ४ मा आत्मनिर्णयको अधिकारको अभ्यास गर्दा आदिवासीलाई स्वायत्तता र स्वशासनको अधिकार रहने र धारा १८ अनुसार आदिवासी जनजातिको अधिकारलाई प्रभावित पार्ने निर्णयमा मौलिक प्रक्रिया बमोजिम छानिएका प्रतिनिधिमार्फत भाग लिन पाउने र आदिवासीको निर्णय गर्ने संस्थाहरूलाई कायम राख्ने अधिकार | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | प्रत्याभूत गरेको छ । त्यस्तै धारा १९मा विधायिकी वा प्रशासनिक उपायहरू अपनाउन र लागू गर्नु अगाडि नै प्रतिनिधिमूलक संस्थाको माध्यमबाट अग्रीम सुसूचित सहमति कायम गर्नुपर्ने उल्लेख छ ।<br><br>आत्मनिर्णयको अधिकारको विषयमा सबै प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धिको अनुगमन समितिले आफ्नो सिफारिश नं २३ मा आत्मनिर्णयको अधिकारको (क) आन्तरिक (ख) बाह्य गरी दुईवटा पक्ष रहने, आन्तरिक पक्षमा बाहिरको हस्तक्षेपबिना आर्थिक, समाजिक र साँस्कृतिक विकास गर्न पाउने र बाह्य पक्ष अनुसार अन्तर्राष्ट्रिय समुदायमा स्वतन्त्र रुपमा समानताको सिद्धान्त र Examplified उपनिवेश बाह्य अधीनस्थ, डोमिनेशन र शोषणबाट मूक्ति हुने आधारमा राजनीतिक अवस्था निर्धारण गर्न पाउने अधिकारलाई व्यवस्थित गर्न यो प्रावधान राख्न जरुरी छ । | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | कतिपय राष्ट्रहरूले आत्मनिर्णयको अधिकार लोकतान्त्रिक प्रक्रियामा सहभागिता जनाउने हो भन्ने व्याख्या गर्दछन् (चिलीद्वारा मानव अधिकार समितिमा बुझाएको चौथो आवधिक प्रतिवेदन (CCPR/C/95/Add.11, 3 December 1998)<br><br>केही राष्ट्रहरूले आत्मनिर्णयको अधिकार भनेको आदिवासीहरूलाई स्वायत्तता र स्वशासन प्रदान गर्ने भनी व्याख्या गरेका छन् ।<br><br>अमेरिकाले, अमेरिकी आदिवासीहरको आत्मनिर्णयको अधिकार अन्तर्गत अमेरिकी राजनीतिक ढाँचामा आफ्नै प्रकारको सरकारी प्रणाली संचालन गर्न पाउनु हो भनी व्याख्या गरेको देखिन्छ (CCPR/C/81, Add.4, 14 August 1994 paras 9-76)।<br><br>संघीय लोकतान्त्रिक गणतन्त्र इथियोपियाको संविधान, १९९४को धारा ३९ मा प्रत्येक नेशन, जनजाति र जनताको शर्तविहीन आत्मनिर्णयको अधिकार प्रत्याभूत गरेको | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | छ। यो अधिकार अन्तर्गत अलग हुनेसम्मको अधिकार सुनिश्चित गरिएको छ । अलग हुने प्रस्तावलाई विधायिकी परिष्दको दुई तिहाई बहुमतले पारित गर्नुपर्दछ । आत्मनिर्णयको अधिकार अन्तर्गत प्रत्येक नेशन, जनजाति वा जनतालाई पूर्ण स्वशासनको अधिकार रहने, जस अन्तर्गत आफ्नो क्षेत्रमा सरकारका निकायहरू स्थापना गर्न पाउने र संघीय सरकारमा समन्यायिक प्रतिनिधित्वको अधिकार रहन्छ ।<br><br>बोलिभियाको संविधानको धारा २ मा आदिवासी, किसान र जनताहरूलाई राज्यको एकताको ढाँचाभित्र, आफ्नो पुख्यौंली थलोमा स्वतन्त्र निर्णय (Free Determination) प्रदान गरेको छ, जस अन्तर्गत स्वायत्तता, स्वशासन, साँस्कृतिक, संस्थाको पहिचान आदिको अधिकार रहने उल्लेख छ । | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| अग्रीम सुसूचित स्वतन्त्र मन्जूरी | नभएको | (१) आदिवासी जनजातिहरूलाई उनीहरूसँग सम्बन्धित र सरोकार रहने कानून निर्माण, संशोधन वा खारेज गर्दा, भूमि व्यवस्थापन, प्रशासनिक, नीतिगत तथा विकास सम्बन्धी कार्य गर्दा उनीहरूको परम्परागत तथा प्रतिनिधिमूलक संस्थामार्फत स्वतन्त्र अग्रीम सुसूचित सहमतिको हक हुने छ।<br><br>(२) राज्यले स्वतन्त्र अग्रीम सुसूचित सहमति, सहभागिता र प्रतिनिधित्व कार्यान्वयनको निम्ति आवश्यक कानून, नियम वा नीति बनाउने छ। | | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्रको व्यवस्था: | | (१) कुनै प्रदेशभित्र कुनै एक आदिवासी जनजातिको बाहुल्यता रहेको पुर्ख्यौली भू-क्षेत्रलाई (अनुसूचीमा उल्लेख भएका आदिवासी जनजातिलाई) स्वायत्त क्षेत्र कायम गरिनेछ ।<br><br>(२) उपधारा (१) मा उल्लिखित व्यवस्था सम्बन्धित आदिवासी जनजातिको अग्रीम सुसूचित स्वतन्त्र सहमतिका प्रदेशले कार्यान्वयन गर्ने छ ।<br><br>(३) प्रत्येक प्रदेशहरूले आत्मनिर्णयको अधिकारलाई सम्मान गर्दै आदिवासी जनजातिहरूको सघन बसोवास भएको क्षेत्रलाई स्वशासित क्षेत्रको रुपमा स्थापना गर्दै लैजाने छ । | पहिलो संविधानसभामा सहमति भइसकेको । | आदिवासी जनजातिको स्वशासन र साझेदारी शासन हुन नसक्ने ।<br><br>आदिवासी जनजातिहरू दोस्रो दर्जाको नागरिक बन्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | प्रदेशभित्र अति अल्पसंख्यक रुपमा रहेका जाति/समुदाय, साँस्कृतिक क्षेत्र, लोपोन्मुख र सीमान्तकृत जातिहरूको संरक्षण र सम्वर्द्धन गर्न कुनै क्षेत्रलाई संरक्षित क्षेत्र कायम गरिने छ। | पहिलो संविधानसभाले पारित गरेको।<br><br>विभेद, बहिष्करण, अधीनस्थता, असमानता, शोषण आदि अमानवीय कार्यलाई रोकी समानता, स्वतन्त्रता, स्वाधीनतालाई सुनिश्चित गर्न। जन्मसिद्ध, अहरणीय र अविभाज्य आत्मनिर्णयको अधिकारलाई संविधानमा लिपिवद्ध गर्न यो व्यवस्था गर्नु आवश्यक छ ।<br><br>आत्मनिर्णयको अधिकार संयुक्त राष्ट्र संघको बडापत्रको धारा १, नेपाल पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध (ICCPR), १९६६ को धारा १ र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुवन्ध (ICESCR), १९६६ को धारा १ मा प्रत्याभूत गरिएका छन्। ICCPR र ICESCR को धारा १ अनुसार सबै जनताको आत्मनिर्णयको अधिकार हुने, स्वतन्त्र रुपमा राजनीतिक अवस्था निर्धाण गर्न पाउने र स्वतन्त्र रुपमा आर्थिक, सामाजिक तथा | आदिजासी जनजातिको बहिष्करण, विभेद र उनीहरूप्रति गरिने राजनीतिक, भाषिक, आर्थिक, साँस्कृतिक, सामाजिक दमन कायम रहने। उनीहरू रुपमा नेपाली देखिए तापनि सारमा शासकको अधिनस्थ भएर वा शासक जातिले जति निगाहमा दिन्छ त्यतिमा चित्त बुझाएर बस्न पर्ने। |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | साँस्कृतिक विकास अवलम्बन गर्न पाउने र जीविका उपार्जनको साधनबाट कुनै पनि हालतमा बन्चित गर्न नमिल्ने उल्लेख छ ।<br><br>आदिवासीहरूको आधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र (UNDRIP), २००७ को धारा ३ मा आदिवासीहरूको आत्मनिर्णयको अधिकार हुने कुराको प्रत्याभूति गरेको छ। ICCPR र ICESCR ले गरेको व्यवस्थासँग मिल्दोजुल्दो व्यवस्था रहेको छ । तर घोषणापत्रको धारा ४मा आत्मनिर्णयको अधिकारको अभ्यास गर्दा आदिवासीलाई स्वायत्तता र स्वशासनको अधिकार रहने र धारा १८ अनुसार आदिवासी जनजातिको अधिकारलाई प्रभावित पार्ने निर्णयमा मौलिक प्रक्रिया बमोजिम छानिएका प्रतिनिधिमार्फत भाग लिन पाउने र आदिवासीको निर्णय गर्ने संस्थाहरूलाई कायम राख्ने अधिकार प्रत्याभूत गरेको छ । त्यस्तै धारा १९ मा विधायिकी वा प्रशासनिक उपायहरू अपनाउन र लागू गर्न अगाडि नै | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | | | प्रतिनिधिमूलक संस्थाको माध्यमबाट अग्रीम सुसूचित सहमति कायम गर्नुपर्ने उल्लेख छ ।<br><br>आत्मनिर्णयको अधिकारको विषयमा सबै प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धिको अनुगमन समितिले आफ्नो सिफारिश नं. २१ मा आत्मनिर्णयको अधिकार अन्तर्गत (क) आन्तरिक (ख) बाह्य गरी दुईवटा पक्ष रहन्छन्। आन्तरिक पक्षमा बाह्य हस्तक्षेपबिना आर्थिक, समाजिक र साँस्कृतिक विकास गर्न पाउने र बाह्य पक्ष अनुसार अन्तर्राष्ट्रिय समुदायमा स्वतन्त्र रुपमा समानताको सिद्धान्त र उपनिवेशबाट मूक्त हुने उदाहरणको रुपमा लिन सकिन्छ। त्यस अन्तर्गत बाह्य शक्तिको अधीनस्थ, डोमिनेशन र शोषणबाट मूक्त हुन पाउने अधिकारको आधारमा अन्तर्राष्ट्रिय समुदायमा स्वतन्त्र राजनीतिक अवस्था निर्धारण गर्न पाउने अधिकार पर्दछ । नेपालको स्वतन्त्र अस्तित्वलाई कायम गर्न यो व्यवस्थित गर्न यो प्रावधान राख्न जरुरी छ । | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | कतिपय राष्ट्रहरूले आत्मनिर्णयको अधिकार लोकतान्त्रिक प्रक्रियामा सहभागिता जनाउन हो भन्ने व्याख्या गर्दछन् (चिलीद्वारा मानव अधिकार समितिमा बुझाएको चौथो आवधिक प्रतिवेदन (CCPR/C/95/Add.11,3 December 1998_ ।<br><br>केही राष्ट्रहरूले आत्मनिर्णयको अधिकार भनेको आदिवासीहरूलाई स्वायत्तता र स्वशासन प्रदान गर्ने भनी व्याख्या गरेका छन् ।<br><br>अमेरिकाले, अमेरिकी आदिवासीहरूको आत्मनिर्णयको अधिकार अन्तर्गत अमेरिकी राजनीतिक ढाँचामा आफ्नै प्रकारको सरकारी प्रणाली संचालन गर्न पाउनु हो भनी व्याख्या गरेको देखिन्छ (CCPR/C/81, Add.4, 14 August 1994 paras 9-76) । | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | संघीय लोकतान्त्रिक गणतन्त्र इथियोपियाको संविधान, १९९४ को धारा ३९ मा प्रत्येक नेशन, जनजाति र जनताको शर्तविहीन आत्मनिर्णयको अधिकार प्रत्याभूत गरेको छ। यो अधिकार अन्तर्गत अलग हुनेसम्मको अधिकार सुनिश्चित गरिएको छ । अलग हुने प्रस्तावलाई विधायिकी परिषद्को दुई तिहाई बहुमतले पारित गरिनुपर्दछ । आत्मनिर्णयको अधिकार अन्तर्गत प्रत्येक नेशन, जनजाति वा जनतालाई पूर्ण स्वशासनको अधिकार रहने, जस अन्तर्गत आफ्नो क्षेत्रमा सरकारका निकायहरूस्थापना गर्न पाउने र संघीय सरकारमा समन्यायिक प्रतिनिधित्वको अधिकार रहन्छ ।<br><br>बोलिभियाको संविधानको धारा २मा आदिवासी, किसान र जनताहरूलाई राज्यको एकताको ढाँचाभित्र, आफ्नो पुर्ख्यौली थलोमा स्वतन्त्र निर्णय (Free Determination) प्रदान गरेको छ, जस अन्तर्गत स्वायत्तता, स्वशासन, साँस्कृतिक, संस्थाको पहिचान आदिको अधिकार रहने उल्लेख छ । | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | संरक्षित क्षेत्रले नसमेटेको सम्वन्धित प्रदेशभित्र पिछडिएका तथा आर्थिक र सामाजिक अवस्थाबाट पछाडि पारिएको क्षेत्र वा विषयगत क्षेत्रको विकास गर्न कुनै खास भौगोलिक क्षेत्रलाई विशेष क्षेत्र कायम गर्न सकिनेछ । | पहिलो संविधानसभाले पारित गरेको ।<br><br>विभेद, बहिष्करण, अधीनस्थता, असमानता, शोषणआदि अमानवीय कार्यलाई रोकी समानता, स्वतन्त्रता, स्वाधीनतालाई सुनिश्चित गर्न । जन्मसिद्ध, अहरणीय र अविभाज्य आत्मनिर्णयको अधिकारलाई संविधानमा लिपिबद्ध गर्न यो व्यवस्था गर्न आवश्यक छ ।<br><br>आत्मनिर्णयको अधिकार संयुक्त राष्ट्र संघको बडापत्रको धारा १, नेपाल पक्षराष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध (ICCPR), को धारा १९६६ को १ र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध (ICESCR), १९६६ को धारा १ मा प्रत्याभूत गरिएका छन् । ICCPR र ICESCR को धारा १ अनुसार सबै जनताको आत्मनिर्णयको अधिकार हुने, स्वतन्त्र रुपमा राजनीतिक अवस्था निर्धाण गर्न पाउने र स्वतन्त्र रुपमा आर्थिक, सामाजिक | आदिवासी जनजातिको बहिष्करण, विभेद र उनीहरूप्रति गरिने राजनीतिक, भाषिक, आर्थिक, साँस्कृतिक, सामाजिक दमन कायम रहने छ। उनीहरू रूपमा नेपाली देखिए तापनि सारमा शासकको अधिनस्त भएर वा शासक जातिले जति निगाहमा दिन्छ, त्यतिमा चित्त बुझाएर बस्नु पर्ने देखिन्छ । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | र साँस्कृतिक विकास अवलम्वन गर्न पाउने र जीविका उपार्जनको साधनबाट कुनैपनि हालतमा बन्चित गर्न नमिल्ने उल्लेख छ ।<br><br>आदिवासीहरूको आधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र (UNDRIP), २००७ को धारा ३ मा आदिवासीहरूको आत्मनिर्णयको अधिकार हुने कुराको प्रत्याभूति गरेको छ। ICCPR र ICESCR ले गरेको व्यवस्थासँग मिल्दोजुल्दो व्यवस्था रहेको छ। तर, घोषणापत्रको धारा ४ मा आत्मनिर्णयको अधिकारको अभ्यास गर्दा आदिवासीलाई स्वायत्तता र स्वशासनको अधिकार रहने र धारा १८ अनुसार आदिवासी जनजातिको अधिकारलाई प्रभावित पार्ने निर्णयमा मौलिक प्रक्रिया बमोजिम छानिएका प्रतिनिधिमार्फत भाग लिन पाउने र आदिवासीको निर्णय गर्ने संस्थाहरूलाई कायम राख्ने अधिकार प्रत्याभूत गरेको छ । त्यस्तै धारा १९ मा विधायिकी वा प्रशासनिक उपायहरू | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | अपनाउन र लागू गर्न अगाडि नै प्रतिनिधिमूलक संस्थाको माध्यमबाट अग्रीम सुसूचित सहमति कायम गर्नुपर्ने उल्लेख छ ।<br><br>आत्मनिर्णयको अधिकारको विषयमा सबै प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धिको अनुगमन समितिले आफ्नो सिफारिश नं २३ मा आत्मनिर्णयको अधिकारको (क) आन्तरिक (ख) बाह्य गरी दुईवटा पक्ष रहने, आन्तरिक पक्षमा बाहिरको हस्तक्षेपबिना आर्थिक, सामाजिक र साँस्कृतिक विकास गर्न पाउने र बाह्य पक्ष अनुसार अन्तर्राष्ट्रिय समुदायमा स्वतन्त्र रुपमा समानताको सिद्धान्त र Examplified उपनिवेश बाह्य अधीनस्थ, डोमिनेशन र शोषणबाट मूक्ति हुने आधारमा राजनीतिक अवस्था निर्धारण गर्न पाउने अधिकारलाई व्यवस्थित गर्न यो प्रावधान राख्न जरुरी छ । | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | कतिपय राष्ट्रहरूले आत्मनिर्णयको अधिकार लोकतान्त्रिक प्रक्रियामा सहभागिता जनाउन हो भन्ने व्याख्या गर्दछन् (चिलीद्वारा मानव अधिकार समितिमा बुझाएको चौथो आवधिक प्रतिवेदन (CCPR/C/95/Add.11, 3 December 1998) । केही राष्ट्रहरूले आत्मनिर्णयको अधिकार भनेको आदिवासीहरूलाई स्वायत्तता र स्वशासन प्रदान गर्ने भनी व्याख्या गरेका छन् ।<br><br>अमेरिकाले, अमेरिकी आदिवासीहरको आत्मनिर्णयको अधिकार अन्तर्गत अमेरिकी राजनीतिक ढाँचामा आफ्नै प्रकारको सरकारी प्रणाली संचालन गर्न पाउनु हो भनी व्याख्या गरेको देखिन्छ । (CCPR/C/81, Add.4, 14 August 1994 paras 9-76)<br><br>संघीय लोकतान्त्रिक गणतन्त्र इथियोपियाको संविधान, १९९४को धारा ३९ मा प्रत्येक नेशन, जनजाति र जनताको शर्तविहीन आत्मनिर्णयको अधिकार प्रत्याभूत गरेको | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| | | | छ । यो अधिकार अन्तर्गत अलग हुनेसम्मको अधिकार सुनिश्चित गरिएको छ । अलग हुने प्रस्तावलाई विधायिकी परिषद्को दुई तिहाई बहुमतले पारित गरिनुपर्दछ । आत्मनिर्णयको अधिकार अन्तर्गत प्रत्येक नेशन, जनजाति वा जनतालाई पूर्ण स्वशासनको अधिकार रहने, जस अन्तर्गत आफ्नो क्षेत्रमा सरकारका निकायहरू स्थापना गर्न पाउने र संघीय सरकारमा समन्यायिक प्रतिनिधित्वको अधिकार रहन्छ ।<br><br>बोलिभियाको संविधानको धारा २मा आदिवासी, किसान र जनताहरूलाई राज्यको एकताको ढाँचाभित्र, आफ्नो पुर्ख्यौली थलोमा स्वतन्त्र निर्णय (Free Determination) प्रदान गरेको छ, जस अन्तर्गत स्वायत्तता, स्वशासन, साँस्कृतिक, संस्थाको पहिचान आदिको अधिकार रहने उल्लेख छ । | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| भूमि तथा प्राकृतिक स्रोत सम्बन्धी अधिकार: | | आदिवासी जनजातिहरूलाई आफ्नो पुर्ख्यौली भूमि, भू-क्षेत्र तथा प्राकृतिक स्रोत साधनमाथि स्वामित्व, प्रयोग, उपभोग, व्यवस्थापन, संरक्षण र नियन्त्रणको हक हुनेछ । | पहिलो संविधानसभामा सहमति भएको । आदिवासी जनजातिहरूको परम्परागत भूमि तथा प्राकृतिक स्रोतसँग उनीहरूको पहिचानको अधिकार, संस्कृति अधिकार, जीवनको अधिकार, खान तथा बसोवास गर्न पाउने र विकासका अधिकार जस्ता महत्वपूर्ण अधिकारहरूको संरक्षण गर्न । भूमि तथा प्राकृतिक स्रोतको अधिकारबाट बन्चित हुँदा अन्य मौलिक अधिकार समेतबाट बन्चित हुने भएको कारण यो व्यवस्था गर्नु जरुरी हुन्छ ।<br><br>विभिन्न देशका संविधानहरूमा आदिवासीहरूको भूमि तथा प्राकृतिक स्रोतमाथि आदिवासीहरूको अधिकारको प्रत्याभूत गर्ने गरिएको देखिन्छ । अर्जेन्टिनाको संविधानको सेक्सन ७५को उप सेक्सन १७ मा आदिवासीहरूको भूमिको सामुहिक स्वामित्वलाई कानूनी मान्यता दिएको छ । | आदिवासीको **पहिचान** गुम्दै जानै र अन्त्यमा आदिवासी जनजातिको अस्तित्वमा गम्भीर संकट आउने ।<br><br>आफ्ना थातथलोबाट विस्थापनमा पर्ने ।<br><br>आर्थिक, राजनीतिक, समाजिक, साँस्कृतिकलगायतका जीवन विकास हुन नसक्ने । |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
| --- | --- | --- | --- | --- |
| | | | कोलम्बियाको संविधानको धारा ६३ मा आदिवासीहरूको सामुदायिक भूमि अहरणीय अधिकारको रुपमा प्रत्याभूत गरिएको छ । त्यस्तै धारा २८६ मा आदिवासीहरूको भूभागमा रहेको संरक्षित भूमि स्वायत्त रहने उल्लेख छ ।<br><br>पाराग्वेको संविधानको धारा ६४ ले आदिवासीहरूको जीवनशैली संरक्षण गर्न सामुदायिक भूमिको स्वामित्वको अधिरकार रहने व्यवस्था छ ।<br><br>इक्वेडरको संविधानको धारा ५७ (४-५) मा सामुदायिक भूमि अहरणीय, अविभाज्य र करहरूबाट मुक्त रहने व्यवस्था छ । उपधारा २१मा पुर्ख्यौली भूमिबाट विस्थापन गर्न नहुने अधिकार प्रत्याभूत छ । | |

| विषय | नेपालको संविधान | हुनुपर्ने व्यवस्था | हुनुपर्ने कारण | नहुँदाको असर |
|---|---|---|---|---|
| पहिचान तथा अधिकार सम्पन्न संघीयता: | नभएको | पहिचान र अधिकारसम्पन्न संघीय राज्यहरू हुनेछन् । | राज्यको अग्रगामी पुनर्संरचना गरी सबै जनतालाई समान हैसियतमा अधिकार सम्पन्न बनाउन । | सही अर्थमा राज्यको पुनर्संरचना नहुने, सबै जनता अधिकार सम्पन्न र बराबर हैसियत कायम नरहने । |
| संवैधानिक अदालत | | नेपालमा एक संवैधानिक अदालत रहनेछ ।<br><br>संवैधानिक अदालतमा प्रदेश, आदिवासी जनजाति एवं जातीय विविधता अनुरुपको महिलासहितको पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा एकजना अध्यक्षसहित नौजना सदस्यहरूरहने छन् । | विषयगत अदालतको विशिष्टीकरण गर्न ।<br><br>संवैधानिक विवादहरूको भरपर्दो र तत्काल समधान गर्न ।<br><br>नियमित अदालत (देवानी र फौजदारी) अदालतको कामकारवाही चुस्तदुरुस्त राख्न । मानव अधिकारको सशक्त संरक्षण गर्न । | एउटै अदालतले संवैधानिक, फौजदारी र देवानीलगायतका नियमित विषय हेर्दा शीघ्र न्याय (Speedy Justice) प्राप्त नहुने ।<br><br>विषयगत दक्षता र अदालतका निर्णयहरू गुणात्मक हुन नसक्ने । |

## अनुसूचीहरू

अनुसूची (क) : प्रस्तावित आर्थिक अधिकारको बाँडफाँड

| क्षेत्र/विषय | संघ | प्रदेश | *स्वायत्त/क्षेत्रीय*/स्थानीय | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| सेना | राष्ट्रिय सुरक्षा र सेना | | | राष्ट्रिय दायराको विषय र देशको सार्वभौमिकतासँग सम्बन्धित । |
| प्रहरी | केन्द्रीय प्रहरी | प्रादेशिक प्रहरी | | पैमानाको कारणले हुने किफायती (Economies of Scale) प्रशासन तालीमको कारणले स्थानीय सरकारमा प्रदेशबाट पठाउन सकिने । |
| अन्तर्राष्ट्रिय व्यापार | अन्तर्राष्ट्रिय व्यापार *(भन्सार)* | अन्तर्राष्ट्रिय व्यापार | | वैदेशिक सम्बन्धसँग सम्बन्धित भएको । अन्तर्राष्ट्रिय व्यापार कुनै पनि भागबाट हुनसक्ने भए तापनि अन्तर्राष्ट्रिय व्यापारमा प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न, आर्थिक कुशलता कायम गर्न र व्यापार करमा (जस्तैः भन्सारमा) सामञ्जस्य आवश्यक भएकोले । |
| दूर सञ्चार | दूर सञ्चार (नियमन/नियन्त्रण) | प्रदेश | | राष्ट्रिय दायरा तथा अन्तर्राष्ट्रिय आयाम भएको । |
| मुद्रा, बैक र बीमा | मुद्रा, मौद्रिक नीति, बैंकिङ, बीमा | प्रदेश | | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आयाम भएको । मुद्रा जारी गर्ने अधिकारसँग सम्बन्धित भएको । आर्थिक स्थायित्व र साझा बजारको अवधारणाको लागि तथा अन्तर्राष्ट्रिय व्यापारलाई विनिमय दरको माध्यमबाट सामञ्जस्य कायम गर्न मुद्रा र मौद्रिक नीतिको राष्ट्रिय आयाम हुनुपर्ने । मौद्रिकीकरण (monetization), बैंकिङ, बीमा क्रियाकलाप सानो भौगोलिक क्षेत्रमा किफायती हुन नसक्ने तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय दायराको कारणले राष्ट्रिय तहको नियमन हुनु पर्ने । |

| क्षेत्र/विषय | संघ | प्रदेश | *स्वायत्त/क्षेत्रीय*/स्थानीय | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| परराष्ट्र मामिला | अध्यागमन/ परराष्ट्रमामिला/ अन्तर्राष्ट्रिय सन्धि सम्झौता आदि | व्यापार वाणिज्य | | राष्ट्रिय हित, राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय सम्बन्धसँग सम्बन्धित भएको । |
| वित्तीय नीति | वित्तीय नीति | *प्रादेशिक योजना नीति* | *स्वायत्त क्षेत्रीय/ स्थानीय योजना नीति* | आर्थिक स्थायित्व कायम गर्न केन्द्रको भूमिका आवश्यक हुने भएकाले। राष्ट्रिय महत्व र दायराका विषयमा संघले र अन्य तहका सरकारहरूले पनि आ-आफ्नो क्षेत्राधिकारभित्र आफ्नै योजना बनाई लागू गर्दा कुशल एवं प्रभावकारी भई राष्ट्रिय समृद्धि र विकास हुने भएकाले। |
| तथ्याङ्क | तथ्याङ्क | *तथ्याङ्क* | *तथ्याङ्क* | *तथ्याङ्क*मा राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर कायम गर्न संघको भूमिका हुनुपर्ने । संघले निर्धारण गरेको संरचनाभित्र रही अन्य तहका सरकारले आफ्नो प्रयोजनका लागि तथ्यांक सम्बन्धी काम गर्न सक्ने । |
| अन्तर्राष्ट्रिय सीमा | अन्तर्राष्ट्रिय सीमा/सीमा | | | राष्ट्रिय दायरा, सार्वभौमसत्तासँग सम्बन्धित र अन्तर्राष्ट्रिय आयाम भएको । |
| अनुसन्धान | अनुसन्धान | अनुसन्धान | अनुसन्धान | |
| सुरक्षा गुप्तचर सेवा | सुरक्षा गुप्तचर सेवा | सुरक्षा गुप्तचर सेवा | | |

| क्षेत्र/विषय | संघ | प्रदेश | स्वायत्त/क्षेत्रीय/स्थानीय | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| नागरिक उड्डयन | नागरिक उड्डयन र विमानस्थल | विमानस्थल | | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आयाम भएकोले अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको नियमन आवश्यक पर्ने । तल्लो तहका सरकारहरूले यस्ता कामहरू गर्दा सुरक्षाको दृष्टिकोणबाट जोखिमपूर्ण र आर्थिक हिसावले बढी खर्चिलो हुने भएकोले । प्रदेशले संघसँग समन्वय गरी विमानस्थल निर्माण गर्न सक्ने । |
| | रेलमार्ग सेवा नियमन र संचालन | प्रादेशिक रेल मार्ग | | राष्ट्रिय आयाम भएकोले राष्ट्रिय मापदण्ड अनुरुपको नियमन आवश्यक पर्ने र तल्लो तहका सरकारहरूले यस्ता कामहरू गर्दा आर्थिक हिसावले बढी खर्चिलो (Economy of scale) हुने भएकोले । प्रदेशले संघसँग समन्वय गरी सहायक रेलमार्ग निर्माण गर्न सक्ने । |
| | हुलाक/*संचार* सेवा | हुलाक/*संचार* सेवा | | अन्तर्राष्ट्रिय र राष्ट्रिय आयाम भएको । |
| जनस्वास्थ्य र खाद्य गुणस्तर निर्धारण तथा नियमन | जनस्वास्थ्य र खाद्य गुणस्तर निर्धारण तथा नियमन | *जनस्वास्थ्य र खाद्य गुणस्तर निर्धारण तथा नियमन* | *जनस्वास्थ्य र खाद्य गुणस्तर निर्धारण तथा नियमन* | जनस्वास्थ्यको संरक्षण गर्न राष्ट्रिय स्तरमा सेवाको न्यूनतम गुणस्तर कायम गर्न आवश्यक भएकाले । |
| जनसंख्या तथा परिवार नियोजन | जनसंख्या तथा परिवार नियोजन | *जनसंख्या तथा* परिवार नियोजन | *जनसंख्या तथा* परिवार नियोजन | प्रकृति हेरी सबै तहका सरकारहरूले आवश्यक कार्य गर्न सक्ने । |
| बौद्धिक सम्पति | बौद्धिक उपजः प्रतिलिपि अधिकार, पेटेन्ट, ट्रेडमार्क आदि | *बौद्धिक उपजः प्रतिलिपि अधिकार, पेटेण्ट, ट्रेडमार्क आदि* | | बौद्धिक सम्पत्तिको दायरा राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै हुने भएकोले यस्तो सम्पत्तिको सर्जकको अधिकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै संरक्षण गर्न । |

| क्षेत्र/विषय | संघ | प्रदेश | *स्वायत्त/क्षेत्रीय/स्थानीय* | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | नापतौल, गुणस्तर | *नापतौल, गुणस्तर* | | राष्ट्रिय स्तरमा समान किसिमको नापतौल र गुणस्तर कायम गर्नु पर्ने र अन्तर्राष्ट्रिय आयाम भएकोले । |
| | श्रम सुरक्षा, श्रम सम्बन्ध, ट्रेड युनियन | *श्रम सुरक्षा, श्रम सम्बन्ध, ट्रेड युनियन* | | रोजगारदाता, श्रमिक र सरकारबीच राष्ट्रिय तहमै एकरुपता कायम गरी समन्वय गर्दा आर्थिक उत्पादकत्व र कुशलतामा सकारात्मक प्रभाव पर्ने र श्रमिकको हित हुने भएकोले । |
| विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि | | राष्ट्रिय र अन्तर्राष्ट्रिय आयाम र दायरा भएको । |
| सडक | राष्ट्रिय राजमार्ग (पूलसहित) अन्तर प्रादेशिक सडक (पूलसहित) | *श्रम सुरक्षा, श्रम सम्बन्ध, ट्रेड युनियन* | स्थानीय/शहरी सडक (पूलसहित) झोलुंगे पूल, ढल, वारुणयन्त्र, सडक बत्ती, वस्ती विकास/ योजना | हरेक सरकारलाई सुम्पिएको कार्य गर्न आफ्नै कर्मचारी हुँदा जनताले पाउने सेवा प्रभावकारी हुने । तर कर्मचारीको वृत्ति विकासका लागि विभिन्न तहका सरकारमा काम गर्ने कर्मचारीहरूको अन्तर-सम्बन्ध स्थापित हुनु पर्ने । |
| सिचाईं | ठूला तथा अन्तर प्रादेशिक सिचाई | प्रादेशिक स्तरका मझौला सिचाईं योजना | आफ्नो क्षेत्रभित्रका साना सिचाईं योजना | लाभ र लागतको दायरा फरक हुने । तोकिएको भौगोलिक क्षेत्रमा लाभ र लागतलाई सीमित (आन्तरिकीकरण) गर्न सकिने । स्रोतसाधनको कुशलतापूर्वक प्रयोग हुने र सेवाको अनुगमन प्रभावकारी हुने । |
| खानेपानी | ठूला खानेपानी योजना खानेपानी मानक स्तर | मझौला खानेपानी योजना | साना खानेपानी आयोजना, खानेपानी वितरण र व्यवस्थापन, फोहोर मैला व्यवस्थापन | लाभ र लागतको दायरा फरक हुने । तोकिएको भौगोलिक क्षेत्रमा लाभ र लागतलाई सीमित (आन्तरिकीकरण) गर्न सकिने । स्रोतसाधनको कुशलतापूर्वक प्रयोग हुने र सेवाको अनुगमन प्रभावकारी हुने । |

| क्षेत्र/विषय | संघ | प्रदेश | *स्वायत्त/क्षेत्रीय*/स्थानीय | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| शिक्षा | उच्च (उच्च/ प्राविधिकसमेत) शिक्षा र विश्वविद्यालयको मानकस्तर र नियमन, शिक्षाको राष्ट्रिय एजेण्डा, पाठ्यक्रम, परीक्षा | उच्च (उच्च) | | राष्ट्रिय स्तरको गुणस्तर र प्रमाणीकरण कायम गरी अन्तर्राष्ट्रिय स्तरमा सामञ्जस्य हुनुपर्ने । |
| | विश्वविद्यालय | विश्वविद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा, पाठ्यक्रम/पाठ्यपुस्तक/परीक्षाविशेष शिक्षा (दृष्टिविहीन बहिरा र अन्य शारीरिक अशक्तका लागि) | दश जोड दुईसम्म/ अनौपचारिक शिक्षा | लाभ र लागतको दायरा फरक हुने । तोकिएको भौगोलिक क्षेत्रमा लाभ र लागतलाई सीमित (आन्तरिकीकरण) गर्न सकिने । स्रोतसाधनको कुशलतापूर्वक प्रयोग हुने र सेवाको अनुगमन प्रभावकारी हुने । |
| स्वास्थ्य | स्वास्थ्य मानकस्तर/ गुणस्तर र अनुगमन | स्वास्थ्य गुणस्तर-अनुगमन | | राष्ट्रिय स्तरको गुणस्तर र प्रमाणीकरण कायम गरी अन्तर्राष्ट्रिय स्तरमा सामञ्जस्य हुनुपर्ने । |

| क्षेत्र/विषय | संघ | प्रदेश | *स्वायत्त/क्षेत्रीय*/स्थानीय | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | राष्ट्रिय/विशिष्ट सेवा प्रदायक अस्पताल | हालको क्षेत्रीय/अञ्चल अस्पताल | हालको जिल्लास्तरको अस्पताल,स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी | लाभ र लागतको दायरा फरक हुने । तोकिएको भौगोलिक क्षेत्रमा लाभ र लागतलाई सीमित (आन्तरिकीकरण) गर्न सकिने । स्रोत साधनको कुशलतापूर्वक प्रयोग हुने र सेवाको अनुगमन प्रभावकारी हुने । विशिष्ट सेवा प्रदायक अस्पताल औचित्य र आवश्यकता अनुसार देशका विभिन्न स्थानमा राख्न सकिने । प्रदेश सरकारले यस्ता अस्पताल आफैले स्थापना गर्न सक्ने । |
| | परम्परागत उपचार सेवा | परम्परागत उपचार सेवा | | परम्परागत उपचार सेवाको लागत अनुसारको प्रतिफल छोटो समयमा प्राप्त नहुने, संरक्षण र विकास बढी खर्चिलो हुने हुनाले यसको संरक्षण, विकास र यसलाई चाहिने वित्तीय सहयोग केन्द्रको जिम्मेवारी हुने र यस्तो सेवा प्रदेश र स्थानीय सरकारले केन्द्रसंगको सामञ्जस्यमा उनीहरूको आवश्यकता अनुसार संचालन र व्यवस्थापन गर्ने । |
| | सरुवा रोग नियन्त्रण | सरुवा रोग नियन्त्रण | | सरुवा रोग एक क्षेत्रबाट अर्को क्षेत्रमा चाँडो फैलन सक्ने हुनाले यसको रोकथाम र नियन्त्रणको लागि सबैको सहयोग हुनु पर्ने । |
| विद्युत/ *जलस्रोत* | बृहत्/ठूला/मध्यम जलविद्युत् | मध्यम/जलविद्युत् | साना/माइक्रो जलविद्युत् | विद्युत् उत्पादनको पैमानाको कारणले त्यसबाट प्रभावित हुने क्षेत्र, लाग्ने पूँजी र प्रविधि तथा वितरण हुने क्षेत्र फरक हुने भएकाले । आयोजनाको आकार अनुसार विभिन्न तहका सरकारलाई विद्युत् उत्पादनको इजाजत जारी गर्ने अधिकार दिन उपयुक्त हुने, इजाजत शूल्क र रोयल्टी संघीय कानूनले तोके अनुसार हुने । माइक्रो आयोजनाका लागि इजाजत आवश्यक नहुने । |

| क्षेत्र/विषय | संघ | प्रदेश | स्वायत्त/क्षेत्रीय/स्थानीय | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | राष्ट्रिय ग्रिड | | | राष्ट्रिय ग्रिडमार्फत एक क्षेत्रमा उत्पादन भएको विद्युत् अर्को क्षेत्रमा वितरण गर्नु पर्ने र राष्ट्रिय दृष्टिकोणले वितरणको प्रवन्ध मिलाउनु पर्ने भएकोले । |
| | विद्युत् वितरण | विद्युत् वितरण | विद्युत् वितरण | विभिन्न तहका सरकारहरूले आफैंले इजाजत दिई वा उत्पादन गरी प्राप्त भएको विद्युत्मध्ये राष्ट्रिय वितरण प्रणाली बाहिरको क्षेत्रमा सम्बन्धित सरकारले वितरणको प्रवन्ध मिलाउन सक्ने र बचत भएको विद्युत्को हकमा उत्पादन गर्नु पूर्व सम्पन्न बिक्री सम्झौता अनुसार राष्ट्रिय ग्रिडमार्फत बिक्री गर्न सक्ने । एक तहको सरकारले गर्नुपर्ने वितरण अर्को सरकारलाई व्यवस्थापनको लागि हस्तान्तरण गर्न सकिने । कुनै एक तहको सरकारले आफ्नो क्षेत्रमा उत्पादित विद्युत सम्बन्धित निकायसंग बिक्री सम्झौता गरी राष्ट्रिय ग्रिडमार्फत वितरण गर्दा उक्त विद्युत्को निश्चित अंश आफ्नो क्षेत्रमा वितरण गर्नुपर्ने व्यवस्था मिलाउन सक्ने । सर्वेक्षण र उत्पादन अनुमति सम्बन्धित सरकारले जारी गर्ने र विद्युत खरिद र वितरण सम्झौता संघीय कानूनले तोकेको निकायले गर्ने । |
| | | वैकल्पिक ऊर्जा | वैकल्पिक ऊर्जा | उत्पादन सानो पैमानामा हुने तथा लाभ र लागत पनि सानो क्षेत्रमा आन्तरिकीकरण गर्न सकिने । |
| कृषि | कृषि मानकस्तर र नियमन, अनुसन्धान | कृषि अनुसन्धान प्रविधि | कृषि उत्पादन व्यवस्थापन कृषि, | कृषि उत्पादनमा राष्ट्रिय स्तरको मानकस्तर आवश्यक पर्ने नियमन गर्ने, राष्ट्रिय दृष्टिले उपयोगी हुने अनुसन्धान गर्ने र अनुसन्धान |

| क्षेत्र/विषय | संघ | प्रदेश | *स्वायत्त/क्षेत्रीय/*स्थानीय | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | र प्रविधि | व्यवस्थापन, उत्पादन व्यवस्थापन | पशु स्वास्थ्य तथा अन्य प्राविधिक सेवा | सम्बन्धी मानकस्तर तयार गर्ने र प्रविधिको विकासलाई सहजीकरण गर्ने काम संघले गर्ने र आफूलाई उपयोगी हुने अनुसन्धान र प्रविधिको विकास र व्यवस्थापन प्रदेशले गर्ने । क्षेत्रीय र स्थानीय भौगोलिक अवस्था अनुसार कृषिको उत्पादनको व्यवस्थापन गर्न । कृषि प्रसार सेवाको स्थानीय आयाम हुने भएकाले कृषि तथा पशु स्वास्थ्य सेवालाई स्थानीय स्तरबाट प्रदान गर्दा प्रभावकारी हुने । |
| पर्यटन/संस्कृति | अन्तर्राष्ट्रिय/राष्ट्रिय सम्पदा स्थलको संरक्षण नियमन, विकास र व्यवस्थापन, पदयात्रा/पर्वतारोहण (अनुमति), होटल/ पुरातात्विक मानकस्तर पर्यटकीय स्थलको विकास भाषा/संस्कृति संरक्षण/प्रवर्द्धन | प्रादेशिक सम्पदा स्थलको संरक्षण, विकास र व्यवस्थापन पर्यटकीय स्थलको विकास भाषा/ संस्कृति संरक्षण प्रवर्द्धन | स्थानीय सम्पदा स्थलको संरक्षण, विकास, भाषा/ संस्कृति संरक्षण प्रवर्द्धन पर्यटकीय स्थलको विकास | पर्यटन र संस्कृतिसँग सम्बन्धित विषयहरूको स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय आयाम हुने भएकाले राष्ट्रिय र अन्तर्राष्ट्रिय आयाम भएका विषयहरूसंघीय सरकारको र क्षेत्रीय र स्थानीय आयाम भएका विषयहरू क्रमशः प्रादेशिक र स्थानीय सरकारको क्षेत्राधिकारभित्र राख्दा प्रभावकारी हुने भएकाले। पुरातात्विक महत्व भएका सम्पदाहरूको संरक्षणको सम्बन्धमा राष्ट्रिय स्तरबाट नियमन हुनुपर्ने भएकाले । पर्यटकीय दृष्टिकोणले होटलहरूको मानकस्तर अन्तर्राष्ट्रिय प्रचलन र मान्यता अनुसारको हुनुपर्ने भएकाले । |
| सामाजिक विकास | प्रकोप न्यूनीकरण/ उद्धार सहायता | प्रकोप न्यूनीकरण/ उद्धार सहायता | प्रकोप न्यूनीकरण/ उद्धार सहायता | प्रकृति अनुसार प्रकोप न्यूनीकरण र उद्धार सहायताको दायरा र गाम्भीर्य फरक फरक हुने भएकाले । |

| क्षेत्र/विषय | संघ | प्रदेश | स्वायत्त/क्षेत्रीय/स्थानीय | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | सामाजिक सुरक्षा (नियमनसमेत) | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा व्यवस्थापन | माथिल्लो स्तरबाट सामाजिक सुरक्षाको नियमन र कार्यान्वयन गर्दा बढी दक्ष र प्रभावकारी हुने भएकाले । राज्यले नागरिकको कल्याण (Social welfare) को लागि सामाजिक सहायता र सामााजिक संरक्षणको योजना बनाई लागू गर्न सक्ने । सामाजिक सुरक्षा अन्तर्गत सञ्चयकोष, पेन्सन, औषधोपचार, दुर्घटना र क्षतिपूर्ति, अपांगताको क्षतिपूर्ति, मातृत्व संरक्षण र शिशु स्याहार, आश्रितको संरक्षण (Survival benefit) (जस्तै वृद्धाश्रम/आदर निकेतन), परिवारलाई सहायता (Family benefit), शैक्षिक सुविधा, वेरोजगारी सुविधा, विरामी हुदाको सुविधा (sickness benefit) समेत पर्ने । |
| | खेलकूद (मानकस्तर र नियमन) | खेलकूद | खेलकूद | राष्ट्रिय/अन्तर्राष्ट्रिय आयाम हुने भएकाले मानकस्तर र नियमन संघले गर्ने र यसको व्यवस्थापन संघ, प्रदेश र स्थानीय स्तरमा हुने । |
| उद्योग व्यवसाय | उद्योग व्यवसाय/वैदेशिक लगानी (नियमन) | औद्योगिक व्यवस्थापन | घरेलु तथा साना उद्योग व्यवस्थापन | उद्योग व्यवसाय र वैदेशिक लगानीको नीति नियमन संघीय कानूनले तोके बमोजिम हुने । संघीय कानूनले संघीय क्षेत्राधिकारभित्र सीमित गरे बाहेकका उद्योग व्यवसायको व्यवस्थापन प्रदेश र स्थानीय सरकारले गर्ने । प्रादेशिक तथा स्थानीय सरकारले उद्योगको स्थापना र पूर्वाधारलगायतका काम गर्ने । यस व्यवस्थाले अस्वस्थ प्रतिस्पर्धा रोक्ने र आर्थिक कुशलता हासिल हुने । औद्योगिक विकासका लागि विशेष आर्थिक क्षेत्र वा यस्तै प्रकारका अन्य प्रारुपहरूको कार्यान्वयन संघ र प्रदेश सरकारको समन्वयमा संघ, प्रदेश सरकार वा निजी क्षेत्रबाट हुन सक्ने । |

| क्षेत्र/विषय | संघ | प्रदेश | *स्वायत्त/क्षेत्रीय*/स्थानीय | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| पञ्जीकरण | जन्म, विवाह, मृत्युदर्ता, बसाइँ सराई | जन्म, विवाह, मृत्युदर्ता, बसाइँ सराई | जन्म, विवाह, मृत्युदर्ता, बसाइँ सराई | संघले आवश्यक नीति तर्जूमा गर्ने, प्रदेशले आवश्यक वित्तीय व्यवस्था तथा सुपरिवेक्षण गर्ने र स्थानीय सरकारले कार्यान्वयन गर्ने गरी अधिकारको बाँडफाँड गर्दा उपयुक्त हुने । |
| वातावरण | वातावरण (मानक र नियमन समेत) | वातावरण | वातावरण | वातावरणले मानव स्वास्थ्य, जलवायु परिवर्तन र जीविकोपार्जनका साधन तथा अवसरमा समेत असर पार्ने भएकोले यसको मानकस्तर निर्धारण र नियमन संघीय सरकारबाट हुनु उपयुक्त हुने । वातावरणको स्थानीय, प्रादेशिक, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय आयाम रहेकाले प्रकृति अनुसार संरक्षण एवं व्यवस्थापनको जिम्मेवारी सबै तहका सरकारको क्षेत्राधिकारभित्र राख्नु उपयुक्त भएको । जलवायु परिवर्तनको अन्तर्राष्ट्रिय आयाम (कार्वन व्यापार, उत्सर्जनको हदबन्दी आदिको कारणले) भएकाले यसका असरहरूलाई सम्बोधन गर्न अनुकूलन एवं न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने । |
| | जैविक विविधता | जैविक विविधता | | जैविक विविधताको वातावरणीय एवं आर्थिक आयाम रहेको । विविधतामा धनी रहेकोले यसको प्रयोगले अधिकतम लाभ हासिल गर्न, जैविक विविधताको पञ्जीकरण, संरक्षण एवं सम्वर्द्धन गर्ने र चोरी निकासी रोक्नेलगायत यसबाट प्राप्त लाभको समन्यायिक रुपमा वितरण गर्न यसको प्रमुख जिम्मेवारी संघीय सरकारमा राख्नु उपयुक्त हुने । जैविक विविधताको संरक्षण गर्ने जिम्मेवारी प्रादेशिक, स्थानीय सरकार र समुदायमा समेत रहने । |

| क्षेत्र/विषय | संघ | प्रदेश | *स्वायत्त/क्षेत्रीय*/स्थानीय | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| वन | वन | वन | वन | वनको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय आयाम भएकाले स्थानीय, प्रादेशिक एवं संघीय सरकारको सहवर्ती सूचीमा राख्नु उपयुक्त हुने । यस सम्बन्धमाा केन्द्रले निश्चित नीति एवं मापदण्ड तय गर्ने र प्रादेशिक एवं स्थानीय सरकारले संघीय नीति र मापदण्ड अनुरुप यसको व्यवस्थापन गर्ने । वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन समुदायमा आधारित व्यवस्थापन पद्धतिको अवधारणाको आधारमा समुदायले, संघीय कानूनले तोकेको आधारमा प्रदेश र स्थानीय सरकार, सहकारी वा निजी क्षेत्रले गर्न सक्ने । |
| | राष्ट्रिय/अन्तर प्रादेशिक जलाधार क्षेत्र | जलाधार क्षेत्र | जलाधार क्षेत्र | जलाधार क्षेत्र संवेदनशील र महत्वपूर्ण हुने हुँदा यसको नियमन र व्यवस्थापनको अधिकार संघीय सरकारमा राख्नु उपयुक्त हुने । व्यवस्थापनको अधिकार जलाधार क्षेत्रको आकार र प्रकृति हेरी विभिन्न तहका सरकारमा राख्नु उपयुक्त हुने । क्षेत्रको आकार र प्रकृति हेरी विभिन्न तहका सरकारमा राख्नु उपयुक्त हुने । |
| | राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्रहरू (मध्यवर्ती क्षेत्रसमेत) | राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र (मध्यवर्ती क्षेत्रसमेत) | | राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्रहरूको वातावरण एवं जैविक विविधताको दृष्टिकोणले अन्तर्राष्ट्रिय, राष्ट्रिय एवं क्षेत्रीय आयाम हुने हुँदा यस्ता क्षेत्रहरूको संरक्षण आवश्यक भएकाले प्रकृति, आकार, महत्वका आधारमा संघ र प्रादेशिक सरकारको क्षेत्राधिकारभित्र राख्नु उपयुक्त हुने। संरक्षित क्षेत्रको संरक्षण तथा व्यवस्थापन समुदायमा आधारित व्यवस्थापन पद्धतिको अवधारणाको आधारमा समुदायले र संघीय कानूनले तोकेको आधारमा अन्यले गर्न सक्ने । |

| क्षेत्र/विषय | संघ | प्रदेश | *स्वायत्त/क्षेत्रीय/*स्थानीय | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | सिमसार क्षेत्रहरू | सिमसार क्षेत्रहरू | सिमसार क्षेत्रहरू | सिमसार क्षेत्रहरू जैविक विविधता, पंक्षीहरूको वासस्थान र राष्ट्रिय पहिचानका दृष्टिले समेत महत्वपूर्ण भएकाले अन्तर्राष्ट्रिय र राष्ट्रिय महत्वका रामसार महासन्धि अन्तर्गत सूचीकृत क्षेत्रहरू संघीय सूचीभित्र राख्न उपयुक्त हुने। अन्य सिमसार क्षेत्रहरूको प्रभावकारी व्यवस्थापनको लागि तिनीहरूको आकार, प्रकृति र अवस्थितिका आधारमा प्रदेश वा स्थानीय सरकारको अधिकारक्षेत्रभित्र राख्न उपयुक्त हुने । समुदायद्वारा व्यवस्थापन गर्दा प्रभावकारी हुने सिमसार क्षेत्रको संरक्षण एवं व्यवस्थापन गर्ने जिम्मेवारी समुदायलाई दिन सकिने । |
| | वन्यजन्तु संरक्षण | वन्यजन्तु संरक्षण | वन्यजन्तु संरक्षण | वन्यजन्तुको संरक्षण, चोरी शिकारी नियन्त्रण एवं अवैध व्यापार रोकथाम अन्तर्राष्ट्रिय आयामको विषय भएकोले संघीय सरकारले नीति नियम बनाई नियमन र संरक्षण गर्ने। वन्यजन्तुको संरक्षण, चोरी शिकारी एवं अवैध व्यापारको नियन्त्रणलाई प्रभावकारी बनाउन प्रदेश र स्थानीय तहलाई अधिकार दिंदा उपयुक्त हुने। समुदायद्वारा व्यवस्थित क्षेत्रहरूमा हुने वन्यजन्तुको संरक्षण र चोरी शिकार तथा अवैध व्यापार नियन्त्रण गर्ने प्रमुख दायित्व सम्बन्धित समुदायको हुने । |
| खानी तथा खनिज | खानी तथा खनिज | खानी तथा खनिज | खानी तथा खनिज | खनिज तेल, सुन, युरेनियम जस्ता महत्वपूर्ण खनिज पदार्थको नियमन, व्यवस्थापन गर्ने अधिकार संघीय सरकारको दायित्वभित्र राख्नु उपयुक्त हुने। अन्य खनिज पदार्थको नियमन तथा व्यवस्थापन संघीय कानूनको आधारमा विभिन्न तहका सरकारले गर्नु उपयुक्त हुने । ढुंगा, गिटी, बालुवा, माटोको उपयोग र उत्खनन गर्दा पर्ने नकारात्मक असर |

| क्षेत्र/विषय | संघ | प्रदेश | *स्वायत्त/क्षेत्रीय*/स्थानीय | प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | | | स्थानीय तहमा बढी पर्ने भएकोले सोको संरक्षण र दीगो उपयोगको लागि प्रदेश र स्थानीय तहमा अधिकार राख्न उपयुक्त हुने । |
| जमीन | भू-उपयोग नीति | भू-उपयोग नीति/ भू-व्यवस्थापन | | संघले भू-उपयोग नीति बनाउँदा एकरुपता कायम हुने र सोको व्यवस्थापन (संरक्षण, सम्वर्द्धन र उपयोग) प्रादेशिक तहबाट गर्दा कार्यान्वयनमा प्रभावकारिता आउने । प्रदेशले पनि आफ्नो क्षेत्रभित्र भू-उपयोग नीति बनाउन सक्ने छ । |

अनुसूची (ख) : विभिन्न तहका सरकारबीच राजश्व स्रोतको बाँडफाँड

| राजश्वको स्रोत | संघ | प्रदेश | *स्वायत्त क्षेत्र*/स्थानीय | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| भन्सार | √ | | | अन्तर्राष्ट्रिय व्यापारलाई नियमित गर्न लाग्ने महशूल भएको । भन्सारको माध्यमबाट अन्तर्राष्ट्रिय व्यापारको नियमन हुने र यस्तो नियमन गर्ने अधिकार संघ सरकारको हुने । भन्सार देशको समग्र उत्पादन, आयात-निर्यात र राजश्वसँग सम्बन्धित भएको र यसबाट राष्ट्रको प्रतिस्पर्धी क्षमतामा समेत असर पर्ने भएकोले व्यापार करको माध्यमबाट संघले अन्तर्राष्ट्रिय व्यापारको नियमन गर्न आवश्यक भएको । |
| मूल्य अभिवृद्धि कर | √ | √ | | यो कर शुरु उत्पादनदेखि खुद्रा बिक्रीसम्मका विभिन्न चरणमा मूल्यमा भएको अभिवृद्धि (valued added) मा लाग्ने, अघिल्लो चरणमा लागेको कर पछिल्लो चरणमा कट्टी हुने र अन्तमा जसले उपभोग गर्ने हो उसैले तिर्ने भएकाले संघमा राख्दा अघिल्लो चरणको कर कट्टीको साङलो (chain) नटुट्ने र सीमाकर समायोजन (border tax adjustment) को समस्या नहुने भएकाले । |
| अन्तःशूल्क | √ | √ | | परम्परागत रुपमा सामाजिक लागत (जस्तै जनस्वास्थ्यमा पर्ने असर) सृजना गर्ने वस्तु र सेवाको उत्पादन तथा उपभोगमा पर्ने असरलाई सोही अनुसार व्यवस्थापन गर्न अन्तःशूल्क कर लगाइने गरेको । हाल राजश्व संकलनको आधारमा यसको दायरा विस्तार भई अति आवश्यक बाहेकका अन्य उत्पादन र उपभोगका सामानमा पनि लगाइने गरिएको छ । यस्ता वस्तुका कारणबाट उत्पन्न हुने सामाजिक र वातावरणीय समस्याको समाधान गर्ने दायित्व संघ र |

| राजश्वको स्रोत | संघ | प्रदेश | *स्वायत्त क्षेत्र*/स्थानीय | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | | | राज्य दुवैको भएकाले आन्तरिक उत्पादनमा संघीय कानूनले तोकेबमोजिम संघ र प्रदेश सरकारले यो कर लगाउन सक्ने । |
| मनोरञ्जन कर | | √ | √ | सामान्यतया मनोरञ्जनमूलक सेवा कुनै स्थान विशेषमा रहने र करको कारणबाट त्यस्तो सेवाको स्थानान्तरण संभावना कम हुने । |
| भूमिकर | | | √ | करको कारणले कराधारको स्थानान्तरण हुने संभावना नभएको । स्थानीय निकायबाट उठाउँदा बढी प्रभावकारी हुने । |
| संस्थागत आयकर | √ | | | करको दर फरक-फरक भएको कारणले आय आर्जन गर्ने संस्था (जस्तै कम्पनी) एक स्थानबाट अर्को स्थानमा सर्ने, सीमित भौगोलिक क्षेत्रमा संकलन हुने, एकै कम्पनीले धेरै समष्टिगत आर्थिक स्थायित्व कायम गर्नुपर्ने र यस्तो स्थायित्व कायम गर्ने दायित्व संघ सरकारको भएको । साथै यो करको माध्यमबाट आयको पुनः वितरण गर्नुपर्ने र संघ सरकारबाट गर्दा यो प्रभावकारी र राम्रो हुने । यो कर व्यवसाय, लगानी, भाडा (मेशिनरी, घर जग्गा इत्यादि), व्याज, आकस्मिक लाभ आदिबाट प्राप्त हुने आयमा लाग्ने । क्षेत्रमा कारोवार गर्ने र यसका कारणबाट तल्ला राजनैतिक एकाईबीच अनावश्यक प्रतिस्पर्धा हुने । यो करको माध्यमबाट अर्थतन्त्रको उतार चढावलाई व्यवस्थापन गरी |

| राजश्वको स्रोत | संघ | प्रदेश | *स्वायत्त क्षेत्र*/स्थानीय | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| व्यक्तिगत आयकर | √ | √ सेवामा लाग्ने आयकर | | यो करमार्फत आयको पुनःवितरण हुने र संघले यो काम गर्दा कुशल र प्रभावकारी हुने । व्यक्तिगत आयकर समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने साधन भएको र समष्टिगत आर्थिक व्यवस्थापन संघीय दायित्वमा पर्ने । साथै यो कर संघमा राख्दा विभिन्न राजनीतिक एकाईहरूबीच अनावश्यक कर प्रतिस्पर्धा नहुने । यो कर रोजगारी, व्यवसाय, लगानी, भाडा (घर जग्गा समेत), ब्याज आदिबाट प्राप्त हुने आयमा लाग्ने । प्रदेश र स्थानीय सरकारमा कार्यरत कर्मचारीको पारिश्रमिक कर संघ सरकारले उठाई सम्बन्धित सरकारलाई फिर्ता पठाउने । |
| सम्पत्ति कर | | | √ | कराधार कम चलायमान हुने, स्थानीय सरकारबाट गरिने विकासबाट सम्पत्तिको मूल्य बढ्ने र त्यसको फाइदा पनि सोही सरकारले नै पाउनु पर्ने । स्थानीय सरकारलाई आफ्ना करदाताको बढी जानकारी हुने हुँदा स्थानीय सरकारले नै त्यसको प्रशासन गर्दा बढी प्रभावकारी हुने । यो कर अन्तर्गत घर जग्गा कर समेत समावेश हुने । |
| व्यवसाय कर | | √ | √ | व्यवसायको स्थापना गर्दा सम्बन्धित स्थानीय सरकारले अनुमति दिंदा लाग्ने शूल्क र अन्य ऐनले तोके बमोजिमको कर स्थानीय सरकारले उठाउँदा बढी प्रभावकारी हुने । |
| सवारी साधन कर | | √ | | करको कारणले कराधार एक ठाउँबाट अर्को ठाउँमा सर्ने संभावना कम हुने । सवारी साधनको स्वामित्व वापतको कर प्रान्तले लगाउने, तर सवारी साधन भाडामा लगाएर प्राप्त हुने आयमा संघ सरकारले कर लगाउने । |

| राजश्वको स्रोत | संघ | प्रदेश | *स्वायत्त क्षेत्र*/स्थानीय | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| घर जग्गा रजिष्ट्रेशन दस्तुर | | √ | √ | यो कर भूमि प्रशासनसंग सम्बन्धित भएको र सो अधिकार प्रदेशमा रहने भएकाले प्रान्तले यसको प्रशासन गरी घरजग्गा रजिष्ट्रेशनबाट उठेको राजश्वको केही अंश स्थानीय सरकारलाई उपलब्ध गराउने । |
| क्यासिनो/ मनोरंजन | √ | √ | √ | क्यासिनो नियन्त्रित रुपमा विदेशी पर्यटकहरूलाई आकर्षण गर्न संचालन गरिने र यो निश्चित स्थानमा मात्रै रहने हुनाले सोबाट प्राप्त हुने आम्दानीलाई संघमा राखी वितरण गर्न उपयुक्त हुने । |
| सेवा शूल्क | √ | √ | √ | जुन तहको सरकारले जुन सेवा दिने हो, सो सेवा प्रदान गरे वापत लगाउने शूल्क पनि सोही सरकारले उठाउनु पर्ने । यस अन्तर्गत संघ सरकारले मात्र दिने सेवाहरू जस्तै राहदानी, भिसा, हुलाक दस्तुर आदि वापत प्राप्त हुने आय संघ सरकारमा जाने । त्यसैगरी राज्य वा स्थानीय निकायले मात्र उपलब्ध गराउने सेवाहरू वापत उठ्ने राजश्व सम्बन्धित सरकारको मात्र आय हुने । स्थानीय तहमा उठाउँदा बढी प्रभावकारी हुने शूल्कहरू जस्तै घर निर्माण अनुमति शूल्क, विज्ञापन, पार्किङ, हाटबजार, सिफारिश शूल्क इत्यादि स्थानीय सरकारले संकलन गर्ने । तर विभिन्न तहहरूबाट दिइने सेवाहरू (जस्तै सिचाईं, खानेपानी, पर्यटन इजाजत) को हकमा जुन सरकारले सेवा दिने हो सोही सरकारले सो वापतको राजश्व उठाउने । |

| राजश्वको स्रोत | संघ | प्रदेश | *स्वायत्त क्षेत्र*/स्थानीय | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| कार्बन सेवा | √ | √ | √ | अन्तर्राष्ट्रिय आयाम भएकाले संघ सरकारले सम्बन्धित पक्षसंग नेपालले पाउने रकमको टुंगो लगाउनु पर्ने । यस्तो रकम सम्बन्धित प्रदेश/स्थानीय सरकार/समुदाय/व्यक्तिलाई निश्चित आधारमा उपलब्ध गराउने । |
| प्राकृतिक स्रोतबाट प्राप्त हुने सलामी (रोयल्टी) तथा अन्य आय | √ | √ | √ | प्राकृतिक स्रोतको प्रकृति र आकार अनुसार सरकारका विभिन्न तहबीच यस्ता स्रोतको बाँडफाँड गरिए अनुसार त्यस्ता स्रोतबाट प्राप्त हुने सलामी तथा अन्य आय सम्बन्धित सरकारहरूको क्षेत्राधिकारमा राखिएको । संघीय वा प्रादेशिक सरकारले आफ्नो क्षेत्राधिकारभित्रको प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त आय समन्यायिक सिद्धान्तको आधारमा मातहतका सरकारहरूबीच वितरण गर्नुपर्ने । सम्बन्धित सरकारहरूले यस्तो स्रोतबाट प्राप्त आयको निश्चित अंश समन्यायिक सिद्धान्तका आधारमा प्रभावित समुदायलाई वितरण गर्ने व्यवस्था मिलाउने । संघीय र प्रादेशिक सरकारले राजश्व साझेदारी (revenue sharing) का आधारमा रोयल्टीको निश्चित अंश (नगद/वस्तु/सेवाको रुपमा) तोकिएको आधारमा तल्ला तहका सरकारहरूलाई उपलब्ध गराउने । |
| दण्ड जरिवाना | √ | √ | √ | जुन तहको सरकारका अदालत र अन्य सरकारी निकायबाट दण्ड जरिवानाको आदेश हुने हो, सो वापत प्राप्त हुने राजश्व सम्बन्धित तहको सरकारको आय हुने । |
| *गैरकर राजश्व* | √ | √ | √ | *गैरकर राजश्व सेवा दिने निकाय अनुरुप तीनै तहमा रहनु पर्ने ।* |

परिसिष्ट

## आदिवासी जनजाति/मधेशीको सवालमा नेपालको संविधानका भ्रम तथा यथार्थ

(१) **के यो संविधान संसार कै सर्वोत्कृष्ट छ छैन ?**

नेपालको संविधानलाई सर्वोकृष्ट भनी सरकारमा रहेका पार्टीहरूले प्रचारप्रसार गरे तापनि अन्य लोकतान्त्रिक देशका संविधानहरूमा लेखिएका आदिवासी जनजातिका तल उल्लिखित महत्वपूर्ण अधिकारहरू कुनै पनि स्वीकार गरिएको छैन ।

**आत्मनिर्णयको अधिकार/स्वशासन/स्वायत्तता/स्वायत्त क्षेत्रमा कर (Tax) उठाउन पाउने अधिकारः** सन् २००७ मा संविधानसभाले निर्माण गरेको बोलिभियाको संविधानमा आदिवासी जनजातिको आत्मनिर्णय गर्ने स्वतन्त्र अधिकार, स्वायत्तता र स्वशासनको प्रत्याभूत गरिएको छ (धारा २, ३१, २७०, २८९ (२९६), कोलम्बियाको संविधान, १९९१ मा आदिवासी भूभागमा स्वायत्तता, स्वशासन र स्वायत्त प्रदेशको विकासको निम्ति कर (Tax) समेत उठाउन पाउने अधिकार दिइएको छ (धारा २८७) । मेक्सिकोको संविधानमा आदिवासीहरूलाई स्वायत्तता र परम्परागत संस्था (Customary Institution) लाई राजनीतिक प्रतिनिधिमूलक संस्थाको रुपमा मान्यता दिइएको छ । (धारा २) पेरुको संविधानमा आदिवासीहरूलाई आर्थिक र प्रशासनिक स्वायत्तता प्रदान गरिएको छ । (धारा २.१९) भारतको संविधानले आदिवासी (ट्राइवल) हरूको छुटै प्रदेश/क्षेत्र (धारा २४४ (१) (२) र २७५ पाँचौ र छैठौं अनुसूचीमा स्रोत, विकास, शिक्षालगायतका विषयहरूमा आफैँ निर्णय गर्न पाउने र उनीहरूको भूमि अनतिक्रम्य (अन्य जातिले हस्तक्षेप गर्न वा किन्न नपाउने) हुनेगरी संरक्षण गरेको छ । इथियोपियाको संविधानको धारा ३९ मा नेशन, नेशनालिटी र जनतालाई निःशर्त छुट्टिन पाउन सक्नेसम्मको आत्मनिर्णयको अधिकार प्रदान गरिएको छ । अमेरिकाको संविधानको धारा ८ मा इण्डियन ट्राइब (अमेरिकी आदिवासी)लाई अप्रत्यक्ष रुपमा अमेरिकाभित्रै छुट्टै राष्ट्रको रुपमा विशेष मान्यता दिएको देखिन्छ । अमेरिकाको सर्वोच्च अदालतले दुईवटा चर्चित मुद्दाहरू **जनसन वि. मेकिन्तस र चेरोकी नेशन वि.जर्जिया**मा आन्तरिक रुपमा आफ्नो भूमिमा नियन्त्रण राख्ने अधिकार भएका सार्वभौम नागरिक रुपमा आदिवासीहरूलाई मान्यता दिएको छ ।

स्मरण रहोस्ः पहिलो संविधानसभाको राष्ट्रहित संरक्षण समितिले सर्वसम्मतिमा तयार गरेको अवधारणापत्रमा आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र र आई.एल.ओ.महासन्धि नं. १६९ अनुरुप आदिवासीहरूको आत्मनिर्णयको अधिकारलाई पारित गरेको थियो । राज्य पुनर्संरचना समिति तथा उच्च स्तरीय आयोगले पहिचानसहितको प्रदेश, विशेष र संरक्षित क्षेत्र बनाएको थियो । पहिलो संविधानसभाले पारित गरेको विषय दोस्रो संविधानसभाले स्वामित्वमा लिएको हुनाले उल्लिखित विषय वर्तमान संविधानमा राखिनुपर्नेमा विडम्बनापूर्ण तौरले राखिएको छैन ।

**भूमि तथा प्राकृतिक स्रोतमाथिको अधिकार, नियन्त्रण र मञ्जुरी (अग्रीम सुसूचित स्वतन्त्र मञ्जुरी) को अधिकारः** क्यानाडाको संवैधानिक कानून १९८२ को सेक्सन ३५ मा आदिवासीहरूसँग भएको सम्झौता अनुसारको अधिकारलाई लागू गर्ने संविधानमा सुनिश्चित गरिएको छ । त्यस अनुसार आदिवासीहरूको खोसिएको भूमिमा अधिकारको पूर्जा (Title) दिने र आदिवासीको मञ्जुरीविना उनीहरूको भूमि लिन नपाउने अधिकार संरक्षित गरिएको छ । अर्जेन्टीनाको संविधानले भूमिमाथिको सामुहिक स्वामित्वलाई मान्यता दिएको छ (धारा ७५.१७) । बोलीभिया, भारतलगायत आदिवासी रहेका देशहरूका संविधानले आदिवासीहरूको भूमि तथा प्राकृतिक स्रोतमाथिको अधिकारलाई मान्यता दिएको छ। संविधानमा उल्लेख नभएका देशहरू जस्तै फिलिपिन्स (Indigenous Peoples Rights Act), मलेसियाले (Native Customary rights) जस्ता मुख्य कानून (Organic Law) बनाएर आदिवासीको परम्परागत भूमिमा सामुहिक अधिकारको प्रमाणपूर्जा दिने गरेको छ। साथै भूमिमा गरिने कुनै पनि क्रियाकलाप आदिवासीहरूको अग्रीम सुसूचित मञ्जुरीविना गर्न नमिल्ने व्यवस्था रहेको छ ।

पहिलो संविधानसभाका विभिन्न समितिहरूले आदिवासीको भूमि तथा प्राकृतिक स्रोतको अधिकारलाई मौलिक हकमा राख्ने अवधारणा पारित गरिएका थिए । तर, वर्तमान संविधानले ती अधिकारहरू समावेश गरेन । संविधानको धारा २५ मा जनतासँग परामर्श नै नगरी राज्यले जनताको भूमि अधिग्रहण गर्नसक्ने व्यवस्था राखेको छ । पुर्ख्यौली भूमिमा अधिकार नभएको र त्यहाँबाट विस्थापनमा परेकै कारण आदिवासीहरूले राजनीतिक, आर्थिक, साँस्कृतिक, भाषिक, इतिहासलगायतका पहिचान गुमाई नेपालमा १० वटा आदिवासी जनजाति समूह लोपोन्मूख स्थितिमा पुगेको छ । जलविद्युत, निकुञ्जलगायत विकासको नाममा गरिने मनपरी निर्णय तथा गतिविधिले धेरै आदिवासी विस्थापनमा परेका र भोकभोकै बाँच्न वाध्य भएका छन् । आफ्नो अधिकारको कुरा उठाउँदा राज्यले सेना, प्रहरी लगाएर यातना दिने र थातथलोमा शान्तिपूर्ण र स्वतन्त्र रुपमा बसोवास गर्न अवरोध पुऱ्याउने कार्य धेरै ठाउँहरूमा भएका छन् । ती समस्यालाई सम्बोधन नै नगरी यस संविधानले आदिवासीहरूलाई आफ्नै भूमिमा स्वतन्त्र र सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित नगरी कुनै पनि समयमा विस्थापन गर्ने बाटो खुला गरिदिएको छ ।

**आदिवासीहरूसँग भएको सन्धि, सम्झौताको संवैधानिक हैसियत रहनेः** न्यूजिल्याण्डको संविधान, १९८६ मा माउरी आदिवासीहरूसँग भएको १८४० को वाइटाङगी सन्धिलाई संविधानको स्रोत र संवैधानिक दस्तावेजको हैसियत दिएको छ । उनीहरूको भूमिमा विशेष राजनीतिक, आर्थिक, सामाजिक अधिकार प्रदान गरेको छ ।

अहिलेको संविधानले आदिवासी जनजाति, मधेशीलगायतसँग गरिएको सम्झौताहरूमा उल्लेखित अधिकार जो संविधानमा नै राख्ने सहमति भएको थियो, ती विषयहरू नपरेको कारण संविधानको विरोधमा आन्दोलन भइरहेको छ । ५६ जनाभन्दा बढी नागरिकको ज्यान गइसकेको छ । मानव अधिकार हननका घट्नाहरू दिनदिनै घटिरहेका छन् । प्रहरी, सेना तथा सुरक्षाकर्मी परिचालन बीच संविधानसभाको चुनाव, दुइदिने सुझाव संकलन र संविधान जारी गरिएको यसको स्वीकार्यता र वैधानिकतामाथि गम्भीर चुनौती उत्पन्न भएको छ ।

लिम्बुहरूसँग भएको वि.स. १८३१ सन्धिलगायत अन्य आदिवासीहरूसँग नेपाल निर्माणको क्रममा भएका सन्धिहरू संवैधानिक महत्वका संवेदनशील विषयहरू हुन् । यस्ता सन्धिहरू बेवास्ता गर्दा ती सन्धिबाट नेपालमा

जोडिन आएका भू-भागहरूको वैधानिकतामा प्रश्नचिन्ह उठ्न सक्छ । तर यस संविधानले त्यसतर्फ विल्कूल ध्यान पुऱ्याएको छैन, जसबाट देश अनन्तकालसम्म द्वन्द्वमा फँस्ने सम्भावना बढेको छ ।

**के धर्म निरपेक्षतालाई संविधानमा प्रत्याभूत गरिएको छ ?**

नेपालको संविधानको धारा ४ मा लेखिएको धर्मनिरपेक्षताको स्पष्टीकरणमा "सनातनदेखिको धर्म र संस्कृतिको संरक्षण र स्वतन्त्रता" भन्ने छुट्टै प्रावधान थपिएको छ, जस अनुसार धर्म निरपेक्षता भनेकै हिन्दू धर्मको संरक्षण र स्वतन्त्रता भन्ने स्पष्ट गरिएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानको परिभाषा अनुसार 'सनातन' भन्नाले (१) आर्यहरूमा प्राचीन समयदेखि चलिआएको मानवीय धर्म । (२) वेद, पुराण, मूर्तिपूजा आदिद्वारा समर्थित अचेल चलेको 'हिन्दू धर्म' भनी अर्थ्याइएको छ । तसर्थ, यस संविधानले धर्म निरपेक्ष भनेकै हिन्दू राष्ट्र भनी व्याख्या गरेको कारण अन्तरिम संविधानमा घोषणा गरिएको धर्म निरपेक्षतालाई यो संविधानले खारेज गरेको छ ।

संसारका विभिन्न मुलुकका संविधानहरूले ९२ वटा राष्ट्रलाई धर्म निरपेक्ष घोषणा गरेको छ । जर्जियाका संविधानले धर्मलाई समस्यामूलक ठानी धर्मलाई संविधानमा स्थान दिएको छैन । २६ वटा देशमा धर्म सम्बन्धी दोधारे (धर्म सापेक्ष हो या निरपेक्ष) व्यवस्था छ। त्यसरी विश्वमा धर्म निरपेक्ष राष्ट्र अत्यधिक बहुसंख्यामा रहेका छन् । धर्म व्यक्ति र समुदायको नीजि मामिला हो, राज्यले एउटा धर्मलाई अवलम्बन गर्दा अन्य धर्मावलम्बीलाई विभेद हुने मात्र होइन, राज्य नश्लीयताको पक्षपाति हुन जान्छ ।

**के यो संविधान समानुपातिक समावेशी छ ?**

संविधानको धारा ४२ मा आदिवासी, आदिवासी जनजाति, थारु, मधेशीसहित २१ वटा समुदायलाई एउटै डालोमा राखी समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक हुने व्यवस्था गरेको छ । यो व्यवस्था अन्तरिम संविधानभन्दा प्रतिगामी रहेको छ । अन्तरिम संविधानको धारा २१ मा आदिवासी जनजाति, मधेशीलगायत ७ वटा समुदायलाई '**समानुपातिक**' समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक प्रत्याभूत गरिएको थियो । त्यस्तै धारा ३३ घ (१) मा राज्य संरचनाको सबै अंगमा समानुपातिक समावेशी भन्ने उल्लेख थियो । वर्तमान संविधानमा "**समानुपातिक र राज्य संरचनाको सबै अंगमा**" भन्ने शब्दावली हटाइएको छ । आदिवासी जनजाति र मधेशीको मात्रै समानुपातिक शब्द खोस्नुले यो संविधान यहीं समुदायप्रति विभेदकारी देखिएको छ । खस आर्य (५ समूह) भन्ने नयाँ समूह थप गरेको छ ।

धारा १८ (३) को प्रतिबन्धात्मक वाक्यांश महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लीम, खस आर्य (५ समूह) समेत गरी २५ समूहको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने कुरा उल्लेख छ । यो व्यवस्था समावेशीको लागि प्रतिनिधिसभा (धारा ८४ (२) र प्रदेशसभाको गठन धारा १७६ को उपधारा ६ अनुसार प्रतिनिधित्व गराउने व्यवस्था राखिएको छ । यी व्यवस्थाहरू हेर्दा खस आर्यका ५ वटा समूहको भाग कसै गरे पनि नहराउने देखिन्छ । अर्कातिर आदिवासी जनजातिको ऐनमा नै सूचीकृत भएका ५९ र सूचीउन्मूख २५ गरेर ८४ समूह मधेशीको ३० भन्दाबढी समूह र दलितको २७ भन्दा बढी समूह

रहेका छन् । यी प्रत्येक समूहहरूको प्रतिनिधित्वको सुनिश्चितता छैन । खुला प्रतिष्पर्धाबाट पनि खस आर्य नै आउने आरक्षणबाट पनि भाग नहराउने भएपछि आदिवासी जनजाति, मधेशी र दलितलाई विभेद र समन्यायबाट बन्चित भएको मात्र होइन, २५० वर्षे एकल जातीय बर्चश्व अबका दिनमा पनि निरन्तर रहने देखिन्छ ।

मलेशियाको संविधानमा मले, भूमिपुत्र र आदिवासीलाई नोकरी, शिक्षा आदिमा कोटा दिएको छ । भारतको संविधानमा आदिवासी जनजाति, दलित, र पिछडावर्गलाई राजनीति, शिक्षा र नोकरीमा आरक्षण कोटा दिइएको छ। दक्षिण अफ्रिकाका संविधानमा ऐतिहासिक विभेदमा परेका काला, आदिवासी, महिला र अपाङ्गलाई आरक्षण दिएको छ। अमेरिकामा अफ्रिकन अमेरिकन, आदिवासी आदि जो विभेदमा परेका छन्, उनीहरूलाई सकारात्मक विभेदको नीति अवलम्बन गरेको छ। यसबाट के देखिन्छ भने संविधानमा सकारात्मक विभेद, आरक्षण जस्ता उपाय ऐतिहासिक विभेद, संरचनागत बहिष्करणमा परेकालाई दिने गरिन्छ । विभेद विरुद्ध ल्याइएका मानव अधिकारका कानूनहरूमा पनि विभेदमा परेका समुदायलाई सक्षम समूह बराबर बनाउन आरक्षण, कोटा जस्ता उपाय गर्नपर्ने राज्यको दायित्वभित्र पर्छ। राजनीतिक, आर्थिक, समाजिक, शैक्षिकलगायत राज्यको हरेक क्षेत्रमा अब्बल खस आर्य कुन सिद्धान्तको आधारमा आरक्षणको हकदार भए बुझ्न नसक्नु छ। के राज्यको भाषिक दमनमा परेको हो ? के धार्मिक विभेदमा परेको हो ? के उसको पुर्ख्यौली जमिन भूमिसुधारको नाममा खोसिएको हो ? के मधेशीलाई जस्तै अनागरिक बनाउन खोजिएको हो ? के उसलाई पहिचानको आधारमा विभेद भएको छ ?के मुलुकी ऐनले कतिपय आदिवासी जनजाति समुदायलाई कमारा कमारी बनाउन मिल्ने वा दलिनलाई जस्तै अछुत बनाएको हो ? कैयौं प्रश्न उठ्न सक्छ। यद्यपि खस आर्य समुदाय आर्थिक रुपले गरीब छ भने उसको उत्थान आर्थिक विकासका कार्यक्रमबाट गर्न सकिन्छ। त्यो गर्न जरुरी पनि हुन्छ, न्यायको दृष्टिले त्यसमा विवाद पनि उठ्दैन ।

यस संविधान जारी गरिएपश्चात् आदिवासी जनजाति, महिला, दलित, मधेशीलगायतलाई निजामतिलगायतको क्षेत्रमा गरिएको आरक्षण हटाउनु पर्छ भन्ने आवाज लोकसेवा आयोगका जिम्मेवार पदाधिकारीहरूले बेलाबेलामा उठाउने गरेका छन् । बहिष्करणमा परेका समुदायका व्यक्तिहरूले लोकसेवाको परिक्षामा आरक्षणकोसमेत कारणबाट थोरै भए पनि प्रवेश बढिरहेको अवस्थामा त्यसको ढोका सदाबन्द गर्ने खेल शुरु भइसकेको देखिन्छ ।

**के संविधानले सबै समुदायलाई समान हैसियत र अधिकार दिएको छ ?**

वर्तमान संविधानको धारा ४ मा गरिएको धर्मनिरपेक्षताको परिभाषाले नेपाललाई 'हिन्दू राष्ट्र' बनाएको छ। धारा ७ मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा (खस नेपाली ) मात्र सरकारी कामकाजको भाषा रहने व्यवस्था छ । उपधारा २ मा प्रदेशभित्र बहुसंख्यकले बोल्ने नेपाली भाषाको अतिरिक्त अन्य भाषालाई प्रदेशको कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने व्यवस्था गरिएको छ। धारा २८७ ले भाषा आयोग १ वर्षमा बनाएर प्रदेशमा सरकारी भाषाको आधार बनाउने र सुझाव दिने त्यसको अन्तिम निर्णय संघीय सरकारले गर्ने व्यवस्थाले मातृभाषाको मान्यतालाई जटील बनाएको छ। नेपालमा आयोगहरूको सुझाव कार्यान्वयन हुँदैन भन्ने विगतका अनुभवले देखाएको छ । यसरी मातृभाषीहरूलाई विभेद गरेको मात्र नभई सूचना, पहुँच, सेवासुविधा प्राप्त गर्नबाट वन्चित गरी भाषिक संहार गरेको छ ।

धारा ३१ (५) मा कानून बमोजिम मातृभाषामा शिक्षा पाउने, विद्यालय खोल्ने र संचालन गर्न पाउने हक हुने भनेको छ । तर सरकारले चाहिं केही नगर्ने व्यवस्था तथा सरकारले सहयोग गर्ने विषयमा दायित्व नै दिएको छैन ।

अन्तरिम संविधानले मातृभाषालाई सरकारी निकाय वा स्थानीय निकायमा कामकाजको भाषाको रुपमा चलाउन रोक लगाएको थिएन । भाषाको सवालमा विश्वका थुप्रै बहुभाषिक देशहरूका संविधानले बहुभाषालाई सरकारी कामकाजको रुपमा मान्यता दिएको छ । दक्षिण अफ्रिकाको संविधानले १२ वटा भाषा, स्वीजरलैण्डको संविधानले ४ वटा भाषा, भारतले २२ वटा सरकारी भाषाहरूलाई मान्यता दिएको छ । वर्तमान संविधानले हिन्दूहरूको पहिचानलाई राष्ट्रिय पहिचानको संवैधानिक मान्यता दिई हिन्दू नश्लीय सर्वोच्चता कायम गरेको छ । जस्तो धारा ८ ले चन्द्रवंशी र सूर्यवंशीको राज्य झल्काउने गरी चन्द्र सूर्य अंकित झण्डा, धारा ९ मा राष्ट्रिय जनवार गाई, निशाना छापमा संस्कृत शब्द, रंग सिम्रिक कायम गरिएको छ ।

वि.स. १९१० को जंगवाहदुरले ल्याएको हिन्दू वर्णाश्रममा आधारित जातभात कानून "मुलुकी ऐन" मा तागाधारी (खसबाहुन) उच्च जाति, मतवाली (आदिवासी जनजाति) लाई दास बनाउन मिल्ने र नमिल्ने । दास बनाउन नमिल्ने समूहलाई दोस्रो दर्जाको नागरिक बनाएको थियो । त्यस्तै, सो ऐनमा दलितलाई अछुत बनाएको जस्तै ढाँचामा यस संविधानमा खस आर्यको परिभाषा संविधानको प्रावधानमा नै गरेर सर्वोच्च संवैधानिक जाति बनाएको छ । जनजातिको परिभाषा संविधानमा नगरी ऐन (आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८) मात्र गरिएको छ । ऐनको हैसियत संविधानभन्दा तल रहने भएकोले आदिवासी स्वतः खस आर्य भन्दा तल र दलितको परिभाषा नीतिमा गरिएको हुनाले नीति संविधान र ऐनभन्दा पनि तल हुने भएकोले दलितलाई सबैभन्दा तल्लो दर्जामा राखिएको देखिन्छ ।

संविधानको धारा ५१ ञ (८) मा आदिवासी जनजातिले पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार । अवसर तथा लाभ, निर्णयहरूमा सहभागी हुन पाउने अधिकारलाई निर्देशक सिद्धान्तमा राखी अर्थहीन बनाइएको छ । यो अधिकारको हनन भएमा अदालतमा प्रश्न उठाउन नपाउने (धारा ५५) व्यवस्था गरी पहिचान, प्रतिष्ठा (Dignity) र राजनीतिक अधिकारजस्तो संवेदनशील मौलिक अधिकारलाई कुण्ठित गरेको छ र आदिवासी जनजातिलाई दोस्रो दर्जाको नागरिक बनाएको छ ।

**के यो संविधानले संघीयतालाई सम्बोधन गरेको छ ?**

संघीयता बोक्रामा उल्लेख छ, गुदीमा छैन । संघीयता भनेको आफूले रोजेको अर्थात् छनौटमा आधारित स्वायत्तता र साझेदारी शासन हो, जहां संघ र प्रदेशको शक्ति र अधिकारको संवैधानिक बाँडफाँड हुन्छ । संघले स्वायत्त प्रदेशको सहमति नभइकन एकतर्फी रुपमा संविधान संशोधन गर्न सक्दैन । संविधानको धारा ५६ मा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको मूल संरचना हेर्दा संघीयतालाई सम्बोधन गर्न खोजेका जस्तो देखिन्छ । तर वास्तविकता भने यो पहिचानसहितको संघीयता नभएर केन्द्रीकृत प्रशासनिक संघीयता मात्र हो । पहिलो संविधानसभाले स्वीकार गरेको संघीयताको आधार खासगरी पहिचान (जातीय/समुदायगत, भाषिक, साँस्कृतिक,

ऐतिहासिक निरन्तरता र भौगोलिक/क्षेत्रगत निरन्तरता) लाई प्राथमिक र सामर्थ्य (आन्तरिक अन्तरसम्बन्ध र सामर्थ्य, पूर्वाधार विकासको अवस्था र संभावना, प्राकृतिक साधन र स्रोतको उपलब्धता, र प्रशासनिक सुगमता) लाई सहायक आधारमा लिएर पहिचानमा आधारित प्रदेश, स्वायत्त क्षेत्र, विशेष र संरक्षित क्षेत्रलाई जानी-जानी बदनीयतपूर्वक सम्बोधन गरेको छैन ।

संविधानले संघीयतालाई सम्बोधन गरेको छैन । संघियतालाई कम्जोर बनाउन निम्न धाराहरू राखेको छ । जस्तै धारा २७६ ले संघहरूले सन्धि वा सम्झौता गर्ने अधिकारबाट बन्चित गरी अन्तर्राष्ट्रिय हैसियत शून्य बनाएको छ । धारा १२७ ले न्यायिक अधिकारबाट बन्चित गरी एकात्मक न्यायपालिकालाई मान्यता दिएको छ । धारा २०३ ले आर्थिक प्रतिबन्ध लगाएको यो धाराले प्रदेशलाई कर लगाउन उठाउन, ऋण लिन र जमानत दिन रोक लगाएको छ र केन्द्रले नै गर्ने भनेको छ । धारा १७६ (६) ले व्यवस्थापिकीय अधिकारबाट समेत बन्देज लगाएको छ संघको कानून बमोजिम हुने भनी आफ्नो लागि कानून बनाउन समेत बन्देज लगाइएको छ । संविधानको अनुसूचि ४, ५, ६, ७, ८ र ९ ले संघीयतालाई संघीय अधिकारबाट वन्चित गरेको छ ।

**आदिवासीहरूको संवैधानिक आयोग कस्तो छ ?**

आदिवासी जानजाति, थारु, मधेशी, मुस्लिम आयोगहरू संविधानमा उल्लेख गरिए तापनि ती आयोगहरू संवैधानिक (स्वतन्त्र) सरकारको नियन्त्रणमा रहने आयोग मात्र हुन् । मानव अधिकार आयोगले जस्तो यी आयोगहरूले सरकार विरुद्ध कुनै काम गर्न सक्दैन । अर्कातर्फ, आयोगको काम, कर्तव्य, अधिकार के हो ? उल्लेख गरिएको छैन । ती आयोगहरू १० वर्षमा पुनरावलोकन गर्ने उल्लेख छ । तर गठन कहिले हुन्छ, त्यो पनि प्रष्ट छैन । अन्तरिम संविधानमा पनि ती आयोगहरू थिए । ९ वर्षको अवधिमा पनि ती आयोगहरू गठन गरिएन । त्यसको अर्थ ती आयोगहरू बन्दै नबनिन पनि सक्दछ । संवैधानिक आयोगहरू जस्तै, मानव अधिकार आयोग, महिला आयोग, निर्वाचन आयोग आदिको काम कर्तव्य अधिकार प्रष्ट छ । उनीहरूको सिफारिश राज्यले मान्नु पर्दछ । आदिवासी जनजाति, थारु, मधेशी, मुस्लिम आयोगहरू झुक्याउन बनाइएको मात्र देखिन्छ ।

**के यो संविधानले धेरै मौलिक हक सुनिश्चित गरेको छ ?**

संविधानमा धेरै मौलिक हक प्रत्याभूत गरिएको छ भन्ने प्रचारप्रसार गरिएको छ । ४७ वटा मौलिकहकहरूमध्ये ४४ वटा हक कानून अनुसार हुने भनिएको छ । कानून अनुसार हुने हक मौलिक हक हुनै सक्दैन । त्यो उधारो हक हो जुन हक उपभोग गर्न पाइन्छ कि पाइन्न ? टुंगो छैन । संविधानको धारा ४७ ले ३ वर्षभित्र आवश्यकता अनुसार मौलिक हकको कार्यान्वयनको लागि कानून बनाइने कुरा लेखिएको छ । त्यसको अर्थ तीन वर्षसम्म वा कानून नबनेसम्म जसरी पनि जनताको मौलिक अधिकार हनन गर्न छुट् दिएको छ ।

विगतलाई हेर्दा आदिवासी जनजाति, मधेशी, मुस्लिमको कतिपय मौलिक हकलाई यस संविधानमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बन्देज गरिएको छ । जस्तो स्वतन्त्रताको हकभित्र राखिएको स्वतन्त्र रुपले बोल्न वा विचार अभिव्यक्त गर्न पाउने, राजनीतिक पार्टी र संघसंस्था खोल्न पाउने, भेला हुने र आवतजावत गर्न पाउने हकहरूलाई जातीय तथा साम्प्रदायिक सद्भाव कायम गर्ने इत्यादि नाममा राज्यले खोस्न सक्दछ । अन्तर्राष्ट्रिय संघसंस्थसंग सम्बन्ध राखेमा राज्य विरुद्ध जासुसी गरेको अभियोगमा कार्वाही गरिन सक्छ ।

**के यो संविधानले मानव अधिकारप्रति प्रतिबद्धता व्यक्त गरेको छ ?**

यस संविधानमा मानव अधिकारप्रति प्रतिबद्धता कार्यान्वयन नहुने प्रावधानहरू (प्रस्तावना र निर्देशक सिद्धान्त) मा राखिएको छ । अन्तरिम संविधानमा नेपाल पक्ष राष्ट्र रहेको अन्तर्राष्ट्रिय मानव अधिकारका कानूनहरूलाई प्रभावकारी कार्यान्वयन गर्ने राज्यलाई दायित्व तोकिदिएको थियो (अन्तरिम संविधान, २०६३ (३३) (ड) तर हालको संविधानको धारा ५१ ख (३) मा नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने भनी शासन व्यवस्था सम्बन्धी नीतिमा मात्र उल्लेख गरी मानव अधिकारप्रतिको प्रतिबद्धता कमजोर बनाइएको छ । मानव अधिकारका कानूनमा उल्लेख भएका अधिकार उल्लंघन भएमा अदालतमा प्रश्न उठाउन नमिल्ने गरी (धारा ५५) व्यवस्था गरेकोले आई.एल.ओ.महासन्धि नं.१६९, यु.एन.ड्रीप लगायतमा संरक्षित अधिकार निरन्तर उल्लंघन भइरहने देखिन्छ । धारा १७ (३) र (४) ले अन्तर्राष्ट्रिय मानव अधिकारका कानूनले प्रत्याभूत अधिकार उल्लंघन भएकोमा स्वत: अन्तर्राष्ट्रिय उजूरी गर्न मानव अधिकारका कानूनले अधिकार दिन्छ । तर संविधानका उल्लिखित धाराले अन्तर्राष्ट्रिय उजूरी सुन्ने निकाय वा अदालतमा मुद्दा लैजादा राज्य विरुद्ध जासूसी गरेको अपराध ठहऱ्याउने देखिन्छ ।

**संविधानले नागरिकताको सवालमा समान व्यवहार गरेको छ या छैन ?**

संविधानले नागरिकताको सवालमा समान व्यवहार गरेको छैन । यस संविधानले महिला, नेपालको सीमानामा बस्ने मधेशी र आदिवासी जनजातिलाई नागरिकता सम्बन्धी प्रावधानहरूले विभेद गरेको छ । उनीहरूको नेपालप्रतिको देशभक्तिलाई शंकाको दृष्टिले हेर्दै नागरिकता पाउनमा अड्चन सृजना गरेको छ। महिलाले आफ्ना छोराछोरीलाई नागरिकता दिलाउन नसक्ने अवस्था छ । नागरिकता पाउने नेपालमा नै जन्मेको हुनुपर्ने प्रावधानले खासगरी विविध कारणले नेपाल बाहेक अन्यत्र जन्मेकाहरूलाई राज्यविहीनको अवस्थामा पुऱ्याउने खतरा छ । नागरिकताको प्रमाणपत्रको अभावमा राज्यको सेवासुविधानमा पहुँच नहुने, शिक्षादिक्षा, रोजगारी, आर्थिक उपार्जन वा हिंडडूल गर्ने स्वतन्त्रतामा बन्देज लाग्न सक्दछ । खासगरी द्वन्द्वको समयमा जीउज्यान र सम्पतिमा असुरक्षित हुने र मानव अधिकारको उल्लंघनको शिकार हुने प्रवल सम्भावना रहन्छ ।

गैरआवासीय नागरिकताको अवधारणाले बृटिश गोरखाका बी.एन.पी. पाएका सैनिक र उनीहरूका परिवार जो अधिकांश आदिवासी जनजातिका छन्, जवरजस्ती दोस्रो हैसियतको नागरिक बनाइएको छ । आई.एल.ओ. महासन्धि नं. १६९ तथा आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संधीय घोषणापत्र, २००७ ले आदिवासी जनजातिलाई राज्यको सीमानाले दुई वा बढी देशमा विभाजन गरेको रहेछ भने उनीहरूको अन्तर सीमाना सम्बन्धको नैसर्गिक अधिकारलाई नागरिकताको प्रावधानले उल्लंघन गरेको छ ।

**यो संविधान आदिवासी जनजाति र मधेशीमैत्री छ ?**

यो संविधान आदिवासी जनजाति र मधेशीमैत्री छैन । यो संविधानले आदिवासी र मधेशीहरूको अधिकार कटौती गरेको छ ।

ISBN 9937-0-0448-9